# प्रकाशनबारे जानकारी

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६६ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै नेपाल प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै यस कार्यालयको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिवार्य यस नेपाल प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइटः www.nepalpolice.gov.np र nepol.cd मा राखिँदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक प्रकाशन


**सम्पर्क**

**नेपाल प्रहरी प्रधान कार्यालय**

जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं.: ०१-५७१९८२८, एक्सटेन्सनः १९३

इमेलः phqrs@nepalpolice.gov.np/phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np



प्रहरी PRAHARI

पुस - माघ २०८१



ISSN 2661 6122


# प्रहरी PRAHARI

## द्वैमासिक प्रकाशन


प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६६, अंक ५ पुस - माघ २०८१




# प्रहरी

मे.अ.द.न. ६४/१५८

**द्वैमासिक प्रकाशन**

वर्ष : ६६ अंक : ५ २०८१ पुस–माघ



**प्रमुख सल्लाहकार**

प्र.ना.म.नि दिनेश कुमार आचार्य

**सल्लाहकार**

प्र.व.उ. रमेश थापा

**प्रधान सम्पादक**

प्र.ना.उ. चन्चला श्रेष्ठ

**सम्पादक**

प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**

प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**

प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**

ओभा प्रिन्ट एण्ड ट्रेड प्रा.लि.
बागबजार

**छपाइ प्राविधिक**

प्र.व.ना.नि. गोपाल ब.थापा
प्र.स.नि. शरणजंग भण्डारी
प्र.ज. चुडामणी भट्ट
प्र.ज. चन्द्र भण्डारी

**प्रकाशक**

**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## ✍ सम्पादकीय...

**नेपाल प्रहरीको इतिहास–भाग २ प्रकाशन**

इतिहास विगतमा घटेका घटनाहरूको खोजपूर्ण अध्ययन हो । विगतका अनुभव, ज्ञान र घटनाहरूलाई जिवित पार्ने इतिहास नै हो । इतिहासले वर्तमान परिस्थितिको सही मूल्याङ्कन गर्दै भविष्यको लागि अमूल्य मार्गदर्शन प्रदान गर्दछ । विगतमा गरेका कार्यहरूको ज्ञान नभई वर्तमान कार्य प्रणाली विगतको तुलनामा कति उन्नत र प्रगतिशिल छ भन्ने जानकारी हुँदैन । त्यसैले इतिहास प्रत्येक व्यक्ति, संघ संस्था र संगठनको लागि एक महत्वपूर्ण कडी हो । इतिहासको प्रवर्धन गर्नु सबैको जिम्मेवारी पनि हो ।

नेपाल प्रहरीको इतिहास गौरवमय छ । नेपाल प्रहरी एउटा यस्तो संगठन हो जसले आफ्नो स्थापना कालदेखि नै आन्तरिक र बाह्य चुनौतीहरूको सामना गर्दै देशको शान्ति सुरक्षा कायम गर्ने, अपराध नियन्त्रण गर्ने, प्राकृतिक प्रकोपमा खोज तथा उद्धार गर्ने लगायत समाजमा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । नेपाल प्रहरीको विभिन्न कालखण्डमा भएका कार्य प्रगति तथा उपलब्धिहरूबारे जानकारी दिने कुनै पनि पुस्तक प्रकाशित नभएको र प्रहरी संगठनमा दिनानुदिन शिक्षित व्यक्तिहरूको प्रवेशबाट नेपाल प्रहरीको

इतिहास सम्बन्धमा चासो र जिज्ञासा अभिवृद्धि हुँदै गएकोले वि.सं.२०५२ साल असोजमा पहिलो पटक नेपाल प्रहरीको इतिहास प्रकाशन भएको थियो। यो प्रकाशनबाट नेपाल प्रहरीको इतिहास लेखन विधिवत् थालनी भएको हो ।

पहिलो कृतिले नसमेटेको अवधिलाई लिपिबद्ध गर्न तत्कालीन प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको कार्यकालमा लागु भएको नेपाल प्रहरीको कार्य योजना-२०७७ का चौध वटा लक्ष्य मध्ये दोस्रो लक्ष्यमा 'नेपाल प्रहरीको इतिहासको संरक्षण र प्रवर्धन गर्नु' रहेकोमा उक्त लक्ष्य हासिल गर्ने सिलसिलामा नेपाल प्रहरीको इतिहास लेखन, सम्पादन तथा प्रकाशन समितिले प्रा.डा.द्वय शंकर थापा र घनश्याम भट्टराईलाई नेपाल प्रहरीको इतिहास लेखनको जिम्मेवारी सुम्पेको थियो । तत्पश्चात् इतिहास प्रकाशनलाई विलम्ब हुन नदिन नेपाल प्रहरी कार्ययोजना २०८० मा पुनः यसै लक्ष्य प्राप्ति अनुरूप कार्ययोजनाको लक्ष्य ३ 'नेपाल प्रहरीको इतिहास संरक्षण र प्रवर्धन गर्ने' लाई हासिल गर्ने विभिन्न कार्य योजना क्रियाकलाप मध्ये 'नेपाल प्रहरीको विकासक्रम र इतिहासलाई अद्यावधिक गरी प्रकाशन गर्ने' क्रियाकलापलाई उच्च प्राथमिकतामा राखिएको थियो । जसको फलस्वरूप सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीबाट २०८१ माघ २६ गते नेपाल पुलिस क्लब The Blue Pavilion भवनको उद्घाटन समारोहमा 'नेपाल प्रहरीको इतिहास भाग-२' पुस्तकको विमोचन भयो।

नेपाल प्रहरीको विकासक्रमसँग सम्बद्ध विभिन्न ऐतिहासिक तथ्य, दस्तावेज एवम् घटनाक्रमहरूको संकलन, अध्ययन एवम् विश्लेषण गरी तयार पारिएको यस पुस्तकमा नेपाल प्रहरी सेवाको उद्भव र विकास, प्रहरी सम्बन्धी ऐन नियम तथा कार्यनिति, सांगठनिक संरचनाको विकास, प्रहरी संगठनका विभागहरू तथा अन्य प्रमुख एकाइहरू, नेपाल प्रहरीको अन्तर्राष्ट्रिय क्षेत्रमा योगदान, सामुदायिक भूमिका, सामाजिक सम्बन्ध, संस्कृति, परम्परा र व्यवहार लगायत विभिन्न प्रहरी सम्बन्धी छायाचित्रहरू समेटिएको छ।

नेपाल प्रहरीको इतिहास भाग-२ नेपालको सुरक्षा, शान्ति र समृद्धिको दृष्टिकोणबाट नेपाल प्रहरीको एक दस्तावेज हो । यस पुस्तकले प्रहरीसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्ने नयाँ पुस्ताको लागि महत्वपूर्ण स्रोत एवम् सन्दर्भ सामग्री बन्ने र भविष्यको लागि मार्गदर्शन प्रदान गर्ने प्रमुख दस्तावेजको रूपमा रहने अपेक्षा राख्न सकिन्छ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ मानव बेचबिखन तथा ओसारपसार.... | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | १ |
| ♦ टिपोट र प्रतिवेदन | ✍ पूर्व प्र व उ बिक्रम गुरुङ | ८ |
| ♦ परिमार्जन सहितको सचेतना कार्यक्रम | ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय | २५ |
| ♦ सडक सभ्यता र सवारी दुर्घटना........ | ✍ प्र व.ना.नि बिष्णु थापा | ७२ |
| ♦ "बालबालिकाको प्रहरीप्रतिको दृष्टिकोण" | ✍ प्र स नि भेषराज आचार्य | ८६ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ मार्दीमुनि केही पाइला ! | ✍ युवराज नयाँघरे | १५ |
| ♦ विवाहको बदलिँदो परिभाषा र आजको... | ✍ बद्री प्रसाद ढकाल | २१ |
| ♦ ब्ल्याकहोल | ✍ सरस्वती श्रेष्ठ 'सरु' | २४ |
| ♦ उत्तरआधुनिकता | ✍ विनोद नेपाल | २८ |
| ♦ नागपाश चक्र | ✍ डा प्रेमराज सिलवाल | २९ |
| ♦ प्रविधि प्रिय सन्तति | ✍ डा छायादत्त न्यौपाने 'बगर' | ३३ |
| ♦ कृषिमा आधुनिकता आजको आवश्यकता | ✍ सुदर्शन अधिकारी | ३८ |
| ♦ यात्रा र भावना | ✍ डा गितु गैरे | ४२ |
| ♦ सङ्गठन र व्यवस्थापनमा नेतृत्वको अर्थ..... | ✍ गम्भीर बहादुर हाडा | ४७ |
| ♦ समवेदनाभित्रको समवेदना ! | ✍ प्र व ना नि प्रेमराज मिश्र 'अभीष्ट' | ५९ |
| ♦ संस्कार | ✍ बिन्दु अधिकारी ढकाल | ६६ |
| ♦ रेजगारी | ✍ ममता मृदुल | ७५ |
| ♦ लघुकथा साहित्यमा अहिले सम्मकै भव्य... | ✍ गङ्गा कर्माचार्य पौडेल | ७६ |
| ♦ गरिबी निवारणमा समन्वयात्मक प्रयास... | ✍ रत्न प्रजापति | ८१ |
| ♦ बिउ | ✍ लीलाराज दाहाल | ९० |
| ♦ सफलताको दौड र आत्मसन्तुष्टिको सीमा | ✍ प्र स नि रबिन्द्र कलौनी | ९५ |
| ♦........ तर म बाँचे ! | ✍ प्र स नि बिरोध खतिवडा | ९८ |
| ♦ छोटो मन्तव्य | ✍ राजेशमान केसी | १०० |
| ♦ समाज सुधारक र राष्ट्रिय विभूति.... | ✍ त्रिचन्द्र प्रतीक्षा | १०२ |
| ♦ ह्याङ्ला "सोनाम ल्होछार" | ✍ प्रसनि सुर्यध्वज तामाङ | १०५ |

## गीत / कविता /गजल


| | | |
|---|---|---|
| ♦ खुसीहरु | ✍ घनबहादुर थापा | ७ |
| ♦ गजल | ✍ प्र ज बिसाल के. सी | १४ |
| ♦ गीत | ✍ दिपकराज विश्वकर्मा | २० |
| ♦ नेपालको छोरो | ✍ अरुण बहादुर खत्री 'नदी' | २३ |
| ♦ भानुको सम्झनामा | ✍ रन्जना पराजुली लम्साल | ४१ |
| ♦ "जागिर समातेको छु" | ✍ प्र नि भोपेन्द्र कुमार बुढाथोकी | ४६ |
| ♦ गीत | ✍ ध्रुवनारायण जोन्छें | ५८ |
| ♦ अमरावती कान्तिपुरी नगरी | ✍ मुरारीराज मिश्र | ६५ |
| ♦ गजल | ✍ बलराम पौडेल | ८० |
| ♦ समयको प्रतीक्षा | ✍ इन्द्रकुमार श्रेष्ठ 'सरित्' | ८९ |
| ♦ राम्रा कुरा | ✍ मुक्तीनाथ पोखरेल | ९४ |
| ♦ झरी | ✍ उर्मिला पन्त पाण्डेय | १०१ |
| ♦ मुक्तक | ✍ हरिकृष्ण धिताल 'एच के' | १०४ |
| ♦ गजल | ✍ प्र ज मस्त पुन मगर | ११२ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरु | संकलन : प्र व ना नि संगीता कार्की | १११ |
| ♦ रसबस | संकलन : प्र स नि शरणजंग भण्डारी | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र नि सुरेश कुमार हायु | ११२ |


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# मानव बेचबिखन तथा ओसारपसार मुद्दाका पीडितको क्षतिपूर्ति सम्बन्धी कानून



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी°

**१. परिचय**

फौजदारी न्याय प्रणालीमा अपराधी र पीडित शब्दहरू एउटा सिक्काका दुई पाटा हुन् । सुरूवाती चरणमा पीडितका बारेमा भन्दा अपराधीलाई सजाय दिने बढी महत्व दिइन्थ्यो । पछिल्लो दुई दशकका समयमा फौजदारी न्याय प्रणालीमा पीडितहरूको न्यायले महत्वपूर्ण स्थान पाएको छ । अपराधबाट पीडित भएका व्यक्तिहरूलाई क्षतिपूर्ति (Compensation or Reparation) प्रदान गर्ने कार्यलाई महत्व दिनु पर्ने विषय टड्कारो रहेको छ । हाल पीडितहरूका अधिकारका लागि केही विशिष्ट प्रकृतिका कानूनी व्यवस्था गरेको भए तापनि ती पीडितहरूको पुनःस्थापना, खोसिएको इज्जत, गुमेको मर्यादा, लुटिएको अस्मितालाई फिर्ता ल्याउन सकिने अवस्था रहँदैन ।

अपराधबाट पीडित हुनेमा निज पीडित, पीडितका परिवार, आश्रित तथा पीडितसँग प्रत्यक्ष जोडिएका अन्य व्यक्तिहरू समेत रहेका हुन्छन् । उनीहरूको सुरक्षा, क्षतिपूर्ति, परिपुरण, पुनःस्थापना जस्ता मानवीय सरोकारका कुराहरू पीडितको अधिकारसँग प्रत्यक्ष जोडिने विषय हुन् । अन्तर्राष्ट्रिय परिवेशमा विभिन्न महासन्धि, घोषणापत्र तथा लिखतहरूले पीडितको उल्लेखित पक्षहरूलाई अधिकारको रूपमा परिभाषित गरेको छ । साथै ती प्रबन्धहरूको पक्ष भएका राज्यलाई कार्यान्वयनका लागि दायित्वको व्यवस्था समेत गरेको छ । यस्ता कतिपय अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई नेपालले अनुमोदन पनि गरेको छ । अपराधीलाई सजाय दिन राज्य संयन्त्र लागे पनि सोही पीडाबाट पीडित हुनेलाई उनीहरूले अपराधको शिकार भई भोग्नु परेको पीडाका लागि उपलब्ध गराइदिने क्षतिपूर्तिको पक्षमा खासै सक्रिय

°एलएल. एम. (फौजदारी कानून र संवैधानिक कानून), सहन्यायाधिवक्ता, उच्च सरकारी वकिल कार्यालय, बुटवल ।

भएको देखिँदैन। नयाँ र संगठित अपराधबाट पीडित बन्नेहरूको संख्या बढी रहेको अवस्था छ । अपराधको प्रकृति, प्रभाव, गम्भीरता समेतका आधारमा अपराधलाई वर्गीकरण गरिन्छ । साथै अपराध प्रति समाजको दृष्टिकोण अनुसार सजायको व्यवस्था गरिन्छ। अपराध स्वभावैले मानव सभ्यता, स्वतन्त्रता र समाज विरूद्धको हुने हुन्छ। त्यसमध्ये मानव बेचबिखन र ओसारपसारको अपराधलाई मानव मर्यादा विरूद्धको जघन्य प्रकृतिको अपराधको रूपमा हेरिन्छ। यस अपराधबाट महिला तथा बालबालिका अत्याधिक शिकार हुने गरेको देखिन्छ।

सामान्य अर्थमा कुनै पनि अपराधिक कार्यबाट शारीरिक, मानसिक वा आर्थिक पीडा वा क्षति पुगेको व्यक्ति पीडित हो। आपराधिक कार्यबाट पीडित हुँदा व्यक्तिको जीउ, ज्यान, स्वतन्त्रता, ख्याती, सम्मानमा क्षति पुग्नुका साथै कतिपय अपराधबाट व्यक्तिको सम्पत्ति, मानवीय मर्यादा, प्रतिष्ठा र अस्मितामा नै आघात पुग्दछ । मानव बेचबिखन तथा ओसारपसार अपराधको कारणबाट खासगरी महिला र बालबालिकाको मानवीय मर्यादा, प्रतिष्ठा र अस्मितामा गम्भीर असर पुग्दछ। अपराधबाट पीडित व्यक्तिको जीउ, शरीर, क्षमता, मानसिकता, समेतमा गम्भीर असर पुग्दछ। आपराधिक कार्यको परिणाम स्वरूप कुनै पनि शारीरिक, आर्थिक वा मानसिक क्षति नोक्सानी व्यहोरेका व्यक्तिलाई पीडित भनिन्छ । 'पीडित' फौजदारी कानूनको उल्लङ्घन हुने गरी गरिएको कार्य वा अकार्यबाट सामूहिक वा व्यक्तिगत रूपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानव अधिकारको सारवान क्षति लगायतको हानि बेहोराइएको व्यक्ति जनाउने तथा 'पीडित' भन्ने शब्दले उपयुक्त भएसम्म प्रत्यक्ष रूपमा पीडित भएका व्यक्तिको परिवार र आश्रितहरू एवं दुःखद अवस्थामा पीडितलाई सहायता पुऱ्याउने र पीडितिकरणको रोकथाममा संलग्न हुँदा क्षति व्यहोरेका व्यक्तिहरूलाई समेत जनाउने अन्तर्राष्ट्रिय मान्यता रहेको छ।

अपराधबाट पीडित भएका व्यक्तिलाई राहत र न्याय प्रदान गर्नु तथा अपराधीलाई दण्ड सजाय दिलाई समाजमा दण्डहिनता अन्त्य गर्नु फौजदारी न्याय प्रणालीको प्रमुख उद्देश्य हो । अपराधबाट पीडित भएका व्यक्ति खासगरी महिला तथा बालबालिकाको संरक्षण र तिनीहरूलाई फौजदारी न्याय प्रकृयामा सहभागी गराउन क्षतिपूर्ति एक आधार हो। पीडितका अपराध अनुसन्धानमा पहुँच र सहभागिताको अधिकार, कारबाहीको सूचना र जानकारी पाउने अधिकार, क्षतिपूर्ति र पुनःस्थापनाको अधिकार

समेतका विषयलाई सम्बोधन गर्न सकेमा र पीडितहरूलाई संरक्षण र सहायता प्रदान गर्न सकेमा मात्र राज्यले पीडितहरूबाट अपेक्षित सहयोग प्राप्त गर्न सक्छ भने पीडितहरूले पनि न्याय प्राप्त गरेको महसुस गर्न सक्दछन् ।

मानव बेचबिखन र ओसारपसार जस्तो अन्तरदेशीय संगठित अपराधमा यसका अपराधीहरू विभिन्न देशमा रही अन्य देशमा अरूद्वारा सञ्चालन गरिने संगठित अपराध (Trans-border Organized Crime) र व्यापक सञ्जालयुक्त अपराध (Networking Crime) मा आपराधिक घटनापछि अपराधमा संलग्न व्यक्तिहरूलाई कानूनको दायरामा ल्याई कानून बमोजिम सजाय गरी पीडितलाई न्याय प्राप्तिको लागि क्षतिपूर्ति प्रदान गरी राहतको अनुभूति गराउने पक्ष चुनौतीपूर्ण रूपमा रहेको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसारको अपराध जघन्य र संगठित प्रकृतिको हो । यस प्रकृतिको अपराध रोक्नका लागि हरेक राज्यले रोकथामका कार्यहरू, अपराधीहरूलाई सजाय र पीडितलाई संरक्षण गर्नु दायित्वको रूपमा रहेको छ ।

## २. क्षतिपूर्ति सम्बन्धी राष्ट्रिय कानूनी व्यवस्था

अपराधको कारणबाट अपराध पीडितले शारीरिक, मानसिक, सामाजिक, आर्थिक लगायतका पीडा, हानि, कष्ट, क्षति आदि व्यहोर्नु पर्ने हुन्छ । आपराधिक क्रियाकलापबाट हुने यस्तो क्षति, पीडा वा कष्ट आदि पूर्ववत् अवस्था ल्याउन सकिदैन । यसका लागि पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था पछिल्लो समयमा विकसित हुँदै गएको छ । मूलतः पीडितले अपराध गर्ने पीडकबाट नै क्षतिपूर्ति पाउनु पर्छ । यदि पीडकले दिन नसक्ने कारण भएमा राज्यबाट क्षतिपूर्ति पाउनु पर्छ भन्ने मान्यता रहेको छ । हाल फौजदारी कानून सम्बद्ध मुलुकी अपराध संहिता, २०७४ मा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति तथा अन्य विशेष ऐनहरूमा क्षतिपूर्ति सम्बन्धी व्यवस्था उल्लेख भए पनि व्यावहारिक रूपमा पीडितले क्षतिपूर्ति प्राप्त गरेको अवस्था न्यून रहेको छ । मानव बेचबिखन र ओसारपसार मुद्दामा पीडितलाई उपलब्ध गराइने क्षतिपूर्ति तथा पुनःस्थापना जस्ता पक्षलाई कानूनमा समेटिए पनि समग्रमा पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको पक्ष ज्यादै फितलो रहेको छ ।[१] मानव बेचबिखन तथा ओसारपसार अपराधका पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने

१. महिला, कानून र विकास मञ्च (FWLD), मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा क्षतिपूर्तिको व्यवस्था र पीडितको क्षतिपूर्तिमाथिको पहुँच, (काठमाडौं, महिला, कानून र विकास मञ्च (FWLD), २०७४), पृ. ३, ।

सम्बन्धमा भएका कानूनी व्यवस्थाहरू देहाय बमोजिम उल्लेख गरिएको छः

२.१ **संवैधानिक व्यवस्था**

**अपराध पीडितको हकः**

नेपालको संवैधानिक इतिहासमा पहिलो पटक अपराध पीडितको हकको व्यवस्था गरी धारा २१ मा देहायका अधिकारको व्यवस्था गरिएको छ।

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ।

(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ।

२.२ **कानूनी व्यवस्था**

२.२.१ **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनःस्थापना गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न यो ऐन जारी गरिएको हो । यस ऐनले कसूरदारलाई सजायको अलावा पीडित व्यक्तिको उद्धार, पुनःस्थापना तथा क्षतिपूर्ति समेत भराउने व्यवस्था गरेको छ । यस ऐनको दफा १७ मा अदालतले कसूरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्ने व्यवस्था छ । तर कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले प्रचलित कानून बमोजिम स्थापित पीडित राहत कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्ने कानूनी व्यवस्था गरिएको छ । क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइने व्यवस्था गरिएको छ । क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा भने त्यस्तो रकम दफा १४ बमोजिमको पुनःस्थापन कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।[२]

यस ऐनमा साविकमा पीडकको सम्पत्ति नभएमा पीडितलाई क्षतिपूर्ति भराउने सम्बन्धमा के गर्ने स्पष्ट नभएकोमा २०७२ सालमा भएको संशोधनबाट दफा १७ को उपदफा (१) पछि दफा १७ को उपदफा (१क) थप गरी कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा

२ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, दफा १७, (२०६४)।

१४ बमोजिमको पुनःस्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराइदिने आदेश गर्न सक्ने व्यवस्था थप गरिएको हो ।[३] साथै यस प्रयोजनको लागि दफा १४ (१) लाई संशोधन गरी यस अघि दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनःस्थापना केन्द्र सञ्चालन गर्न बनेको पुनःस्थापना कोषलाई विस्तार गरी उल्लेखित दफा १७ को उपदफा (१क) बमोजिम पीडितको न्यून आर्थिक हैसियत भएको अवस्थामा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि सरकारले एक पुनःस्थापना कोष स्थापना गर्ने उल्लेख छ ।[४]

यस अघि महिला कानून तथा विकास मञ्च (FWLD) ले दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतको विशेष इजलासले सुनवाइ गर्दै यस ऐनको दफा १७ बमोजिम भराई दिने ठहर भएको क्षतिपूर्ति रकम भराउने प्रक्रियामा राज्यको संयन्त्रबाट सहयोग र पहल नहुने हो भने यस्ता अपराधबाट पीडितले न्यायको महसुस गर्न नसक्ने हुँदा दफा १७ बमोजिम अदालतको फैसलाबाट पीडितलाई क्षतिपूर्ति भराइदिने ठहर भएको रकमको लागि अविलम्ब छुट्टै क्षतिपूर्ति कोष खडा गरी सो कोषको लागि आवश्यक रकम समेत आ.व. २०७०/०७१ को बजेटमा अनिवार्य रूपमा विनियोजन गर्नु, साथै सम्बन्धित प्रहरी कार्यालयले समेत सक्रिय पहल गरी पीडितलाई सो क्षतिपूर्ति रकममा भराइदिने व्यवस्था गर्नु गराउनु भन्ने आदेश गरेको थियो ।[५]

### २.२.२ लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७

यस नियमावलीमा पीडितको तत्कालीन राहत प्रयोजनका लागि अर्थात् अन्तरिम क्षतिपूर्तिकै स्वरूपको रूपमा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था रहेको छ । पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि केन्द्रमा सञ्चालक समिति गठन गरिएको छ र सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिने व्यवस्था छ ।[६] यस्तै पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि प्रत्येक जिल्लामा एक राहत समिति रहने व्यवस्था छ ।[७] यस नियमावलीमा पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनःस्थापना वा राहत तथा

३. नेपाल राजपत्र खण्ड ६५, अतिरिक्ताङ्क १५घ, मिति २०७२।६।१४ ।

४. ऐ. राजपत्र ।

५. मीरा ढुंगाना समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नेकाप, अंक ३, नि.नं. ८९७३ पृ. ३२६ (२०७०) ।

६. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, नियम १०, (२०६७) ।

७. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, नियम ११, (२०६७) ।

आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रूपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्ने व्यवस्था पनि गरिएको छ।[८]

**२.३ नेपालको कानूनी व्यवस्था र प्रयोगको अवस्था**

नेपालको फौजदारी कानून प्रणालीले पीडितलाई उचित ध्यान दिन नसकेको, पीडित र साक्षीको सुरक्षा गर्न नसकेको र उनीहरूलाई आवश्यक सहयोग र सहायता दिन नसकेको भन्ने आरोप खेप्दै आएको छ । पीडित र साक्षी संरक्षण सम्बन्धमा पर्याप्त कानून, संयन्त्र र व्यवस्थाहरू नरहेको र भएका पनि प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन। नेपालको संवैधानिक इतिहासमा पहिलो पटक अपराध पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हकलाई मौलिक हकको रूपमा समेटिएको छ। पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हकको प्रत्याभूति समेत गरेको छ । साथै अपराध पीडित संरक्षण ऐन, २०७५ समेत बनाएको छ।

सो ऐनको दफा १९ मा पीडित तथा सामाजिक पुनःस्थापनाको अधिकार शीर्षक अन्तर्गत सो दफाको उपदफा (१) मा पीडितलाई पुग्न गएको क्षति बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने अधिकार हुने र उपदफा (२) मा पीडितको सामाजिक पुनःस्थापनाको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने कानूनी व्यवस्था गरिएको छ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था गरिए पनि सो क्षतिपूर्ति तहगत रूपमा अदालतबाट अन्तिम निर्णय नहुँदासम्म प्रदान गरिँदैन । मानव बेचबिखन तथा ओसारपसार अपराधका पीडितहरूसँग विवरण लिई गरिएको एक अध्ययनमा “जिल्ला अदालत देखि सर्वोच्च अदालतसम्म मुद्दा विचाराधीन रहेको र क्षतिपूर्ति भराउने गरी तल्ला तहबाट निर्णय भए पनि माथिल्लो तहमा सुनुवाइ भइरहेको कारण वास्तविक रूपमा क्षतिपूर्ति प्राप्त हुन नसकेको”[९] र अदालतबाट क्षतिपूर्ति पाउने गरी निर्णय भएकोमा सो निर्णय बमोजिमको क्षतिपूर्ति

८. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, नियम १४क, (२०६७)।

९. महिला, कानून र विकास मञ्च (FWLD), मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा क्षतिपूर्तिको व्यवस्था र पीडितको क्षतिपूर्तिमाथिको पहुँच, (काठमाडौं, महिला, कानून र विकास मञ्च (FWLD), २०७४), पृ. ४६।

पाए नपाएको सम्बन्धमा कुनै पनि पीडितले सो रकम नपाएको भन्ने[१०] उल्लेख गरेको देखिन्छ । यसबाट कानूनमा व्यवस्था गरिए पनि वास्तविक रूपमा पीडितले क्षतिपूर्ति पाउन कठिनाई रहेको देखिन्छ । यसैगरी प्रतिवादीलाई भएको जरिवानाको पचास प्रतिशतमा नघटाई क्षतिपूर्ति प्रदान गर्ने कानूनी व्यवस्था गरेकोमा सबै कसूरमा जरिवानाको व्यवस्था नभएको हुँदा यस प्रकृतिका सबै पीडितहरूले क्षतिपूर्ति पाउन सक्ने अवस्था देखिँदैन । ऐनमा पाँच लाख रूपैयाँसम्म जरिवाना गर्ने व्यवस्था गरिएबाट सो रकम भन्दा बढी क्षतिपूर्ति भराउन नसक्ने देखिन्छ । साथै अपराध घट्नु र कसूर ठहर हुनु फरक फरक अवस्था भएको हुँदा अपराधबाट पीडित भए पनि कसूर कायम भई कसूरदारलाई जरिवाना हुने गरी सजाय नभएसम्म पीडितले क्षतिपूर्ति पाउने अवस्था हालको कानूनी व्यवस्थाबाट देखिँदैन ।

## ३. **निष्कर्ष**

अपराधको विकल्प क्षतिपूर्ति हुँदैन । मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर प्रकृतिको अपराधका पीडितहरूलाई प्रदान गरिने क्षतिपूर्तिले उनीहरूको पीडा मेटिंदैन । तथापि यसले केही राहत महसुस गराउँदछ भन्ने मान्यता राखिन्छ । हालको कानूनी व्यवस्थाले क्षतिपूर्तिको रकम प्रतिवादीलाई भएको जरिवानासँग मिलान गरिएको छ । साथै क्षतिपूर्ति भराउने व्यवस्था अन्तिम निर्णय नभएसम्म कार्यान्वयन नगरिँदा वास्तविक रूपमा क्षतिपूर्ति प्राप्त गर्ने वातावरण भएको छैन । मुद्दाको अन्तिम निर्णय हुन लामो समय लाग्ने र त्यसबेलासम्म पीडितले मुद्दाको पिछा गर्न पहुँच, समय र व्यावहारिक कारणले सम्भव हुँदैन । यसबाट कानूनमा गरिएको क्षतिपूर्तिको व्यवस्थाबाट पीडितले लाभ लिन सक्ने अवस्था रहदैन । यो समस्यालाई गम्भीर रूपमा लिई पीडितले न्यायको अनुभूति, राज्यको संरक्षकत्व र उचित कानूनको प्रयोगको आभास हुने व्यवस्था गर्न जरूरी देखिन्छ । ◆◆◆

१०.ऐजन, १३२ ।

गजल

## खुसीहरू

✍ **घनबहादुर थापा**



बाटोमा हिँड्दा हिँड्दै भेटिन्छन् खुसीहरू
साँचेर राख्न नजान्दा मेटिन्छन् खुसीहरू ।

बाङ्गिन नजाने प्रयोग गर्छन् दुनियाँले
आफ्नैको भर पर्दा रेटिन्छन् खुसीहरू ।

शक्ति र धन क्षणिक हुन् को बुझ्ला र ?
त्यही नहुनेहरूका सधैं उल्टिन्छन् खुसीहरू ।

समयले बोल्छ अन्यायका आवाजहरू
सुन्नेका कानमा पो अल्झिन्छन् खुसीहरू ।

अवसरवादी र शिकारीका पन्जाभित्र थुनिँदा
स्वाभिमानी मनका आत्तिन्छन् खुसीहरू ।

# टिपोट र प्रतिवेदन



✍ पूर्व प्र.व.उ. बिक्रम गुरुङ

**परिचय :**

प्रहरीले अपराध अनुसन्धानको क्रममा तयार गर्ने कुनै पनि प्रतिवेदन सत्य तथ्यमा आधारित हुनुपर्दछ । कहिलेकाहीँ अभियुक्तलाई पक्राउ गर्नु भन्दा अगाडि पनि प्रतिवेदन तयार गर्नुपर्ने अवस्थाहरू आउँदछन् । अभियुक्तलाई पक्राउ गरे पछि प्रतिवेदनलाई अनुसन्धान प्रक्रिया अनुसार मिसिलमा संलग्न राखी कानूनी प्रक्रिया अगाडि बढाइन्छ । घटनाहरूको बारेमा टिपोटहरू बनाउनु र प्रतिवेदन तयार गर्न प्रहरी अधिकृतले जान्नु पर्ने कुराहरू हुन । कुनै पनि घटनाको अनुसन्धानको क्रममा घटना सम्बन्धी टिपोट लिने गरिन्छ र यो प्रतिवेदन तयार गर्ने एउटा बलियो स्रोत पनि बनेको पाइन्छ । प्रहरी प्रतिवेदनलाई अनुसन्धानको निष्कर्ष र प्रहरी अनुसन्धानको बलियो अभिलेखको रुपमा पनि लिइन्छ ।

**टिपोट (Note–Making)**

कुनै पनि प्रहरी अनुसन्धानकर्तालाई घटनास्थलमा घटनाको प्रतिवेदन तयार गर्न असम्भव हुन्छ । प्रतिवेदनलाई औपचारिक अभिलेखको रुपमा लिइन्छ जसमा घटना सम्बन्धी विस्तृत विवरण तथ्यमा आधारित हुनुपर्दछ । अनुसन्धानकर्ताले अनुसन्धानको क्रममा घटनास्थलको अनुसन्धान, साक्षी तथा पीडितहरूको सोधपुछ, बयान गराउने, अन्य विविध कार्यमा समेत संलग्न हुनु पर्दा एकै समयमा विभिन्न प्रतिवेदन तयार पार्न सम्भव हुँदैन । यसर्थ यस्तो अवस्थामा अनुसन्धानकर्ताले प्रतिवेदन तयार गर्दा चाहिने आवश्यक विवरण डायरीमा टिपोट बनाएर राख्नु पर्दछ । यसरी बाहिर खटिएको अवस्थामा संकलित विभिन्न जानकारीलाई टिपोट भनिन्छ । प्रारम्भिक अनुसन्धान र छानबिनमा संकलित यस प्रकारको टिपोटहरूले अनुसन्धानको क्रममा महत्व राख्दछ । यस्ता जानकारीहरू अपराध अनुसन्धानको क्रममा घटनाको बारेमा अध्ययन गर्दा विभिन्न व्यक्तिहरूको बयान र माध्यमबाट प्राप्त भएको हुन्छ । यसरी संकलित टिपोटहरूले अनुसन्धानकर्तालाई निम्न मद्दत मिल्दछ :

**क.** प्रतिवेदनको लागि महत्वपूर्ण तथ्यको रुपमा लिन सकिन्छ ।

**ख**. टिपोटबाट पछिसम्म पनि घटनाको बारेमा सम्झन सकिन्छ।

**ग**. यसबाट अनुसन्धानकर्ताको क्षमता वृद्धि र तथ्यमा आधारित प्रतिवेदन तयार हुन्छ।

अनुसन्धान एउटा निश्चित घटनामा मात्र केन्द्रित रहेको हुँदैन। विभिन्न प्रकारको आपराधिक घटनाहरूमा पनि केन्द्रित रहनु पर्दछ। अनुसन्धानको क्रममा पीडित तथा साक्षी र विभिन्न व्यक्तिहरूको बयान र सोधपुछ गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा अनुसन्धानकर्ताले आफूलाई चाहिने आवश्यक जानकारीहरू संकलन गरी राख्नु पर्दछ। नोटबुकमा जानकारीहरू संकलन गर्दा अनुसन्धानको लागि निम्न कुराहरूले विशेष महत्व राख्दछ :

**क**. घटनास्थल र समय

**ख**. पीडित, साक्षी तथा अभियुक्तको नाम र पहिचान खुलाउने विस्तृत विवरण

**ग**. मौखिक, लिखित जानकारी वा बयान

**घ**. सम्पत्ति र चोटपटकको विवरण

**ङ**. अनुसन्धनात्मक तथ्यांक र काम गर्ने विधि

**च**. घटनास्थलको मुचुल्का वा विवरण लिने

अपराध अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतले सबै किसिमका घटनास्थलको जानाकारीको टिपोट (Field notes) लिनु पर्दछ तर सोधपुछको क्रममा तथ्य पत्ता लगाउन के-के बुँदा लेख्नु पर्ने हो आफ्नो स्वविवेक प्रयोग गर्नु पर्दछ। अनुसन्धानकर्ताले कहिल्यै पनि सोधपुछको क्रममा तुरुन्त नोटबुक वा डायरी निकालेर लेख्न शुरू गर्नु हुँदैन। यसो गर्दा जानकारी दिने पीडित, साक्षी वा अभियुक्तले अफ्ठ्यारो महसुस गर्न सक्दछन्। तथ्य पत्ता लगाउन गरिने सोधपुछको क्रममा प्राप्त कतिपय जानकारीहरू गलत वा अस्पष्ट पनि हुन सक्दछ। अनुसन्धान अधिकृतले कस्तो जानकारीहरू टिपोट गर्न उपयुक्त हुन्छ, निश्चित निर्णय लिनु पर्दछ। सामान्यतः सोधपुछको क्रममा भनिएको तथ्यहरू नोटबुकमा लेख्नु पर्दछ। यदि साक्षीले सोधपुछको क्रममा अनुसन्धान सम्बन्धित आफ्नो केही धारणा राख्यो भने पनि टिपोटमा लेख्नु उपयुक्त हुन्छ।

यसरी फिल्डमा संकलन गरिने जानकारीहरू सम्भव भए सम्म संक्षिप्त र सत्य तथ्यमा आधारित हुनुपर्दछ। तर छोटकरीमा टिपोट गर्दा प्रयोग गरिने शब्दहरूले वास्तविक कुराहरू नछुटोस् र विपरीत अर्थ नलागोस् भन्ने कुरा समेत ख्याल राख्नु पर्दछ। अनुसन्धानकर्ताले आफ्नो डायरी वा नोटबुकमा विवरणहरू टिपोट गर्दा लामो हुने हुँदा आवश्यक विवरण मात्र लेख्नु पर्दछ। आफूलाई चाहिने आवश्यक विवरण छोटकरीमा टिपोट गर्न लामो अनुभव र अभ्यासको आवश्यकता पर्दछ। यसरी अनुसन्धानकर्ताले विवरण टिपोट गर्दा उपयुक्त शब्दहरूको प्रयोग गर्नु पर्दछ। जसबाट पछि प्रतिवेदनहरू तयार गर्दा क्रम

अनुसार प्रयोग गर्न सजिलो होस् । कलेजहरूमा लेक्चररले भनेका कुराहरू विद्यार्थीहरूले हुबहु टिप्दैनन् । त्यस्तै प्रकारले घटनास्थलमा पनि अनुसन्धानकर्ताले विवरणहरू संकलन गर्दा शब्दहरूको छनौट गरेर छोटकरीमा टिपोट गर्न सक्नु पर्दछ । टिपोट सफा अक्षरमा क्रमबद्ध सबैले बुझ्ने किसिमले स्पष्ट लेख्नु पर्दछ । टिपोट वा विवरणहरू हतारमा वा क्रम नमिलाई लेख्दा पछि प्रतिवेदन तयार गर्दा बुझ्न बुझाउन असजिलो हुन सक्दछ । फरक घटनाहरूको विवरणलाई एउटै पानामा पनि लेख्नु हुँदैन किनभने पछि प्रतिवेदन तयार गर्दा द्विविधामा टिपोट गरिएका विवरणहरू एक अर्कोमा पर्न सक्छ ।

अनुसन्धान अधिकृतले घटनाहरूको टिपोट गर्दा केही निश्चित प्रक्रियाहरूमा विशेष ध्यान दिनु पर्ने हुन्छ, जस्तै-व्यक्तिको नाम ठेगाना, सम्पर्क नम्बर, हुलिया लिङ्ग, उमेर, वर्ण इत्यादि शुरुमानै टिपी हाल्नु पर्दछ । केही व्यक्तिहरू घटना सम्बन्धमा आफ्नो जानकारीहरू प्रहरीलाई उपलब्ध गराउन रुचाउँदैनन्, सकभर पन्छिन चाहन्छन् । यस्तो अवस्थामा अनुसन्धानकर्ताले उनीहरूलाई व्यक्तिगत रुपमा केही समस्या नपर्ने विषयमा विश्वस्त पार्नु पर्दछ ।

अनुसन्धानकर्ताले अनुसन्धान सम्पन्न गरिसके पछि सबुद प्रमाण सहित सरकारी वकिल मार्फत मुद्दा अदालतमा पेश गरिएको हुन्छ । यसरी अन्तिम प्रतिवेदन तयार गर्दाको अवस्थामा उपयुक्त कानूनी शब्दहरूको प्रयोग गर्नु पर्दछ । यदि कुनै अनुसन्धान सफल बनाउन सहयोग गर्ने सुराकी वा सूचना उपलब्ध गराउने व्यक्तिले आफ्नो नाम खुलाउन चाहदैन भने टिपोटमा उल्लेख गर्नु हुँदैन । अवस्था अनुसार टिपोट गरिएको नोटबुकको पाना नष्ट गरिने भए पनि नाम टिप्नु हुँदैन । किनभने प्रमाणहरू खुलाउने क्रममा प्रतिवेदन तयार गर्दा नामहरू उल्लेख हुन गई अफठ्यारो अवस्था सिर्जना हुन सक्दछ । अभियुक्त वा साक्षीको अस्वाभाविक बानी व्यवहारको बारेमा पनि टिपोट गर्नु जरुरी देखिदैन । कुनै ठाउँ विशेषमा प्रयोग गरिने फरक शब्दहरू, फोहरी शब्द तथा दोहरो अर्थ लाग्ने जस्ता शब्दहरू अनुसन्धानको विवरण टिपोट गर्दा लेख्नु हुँदैन । यदि अनुसन्धानकर्ताले कसैसँग मौखिक बयान लिइरहेको छ भने भनिए बमोजिम टिपोटमा लेख्नु पर्दछ । यसरी विवरणहरू टिपोट गर्ने कार्य सम्पन्न गरी सकेपछि अनुसन्धानकर्ताले एकपटक विवरण सरसर्ती पढ्नु पर्दछ । आवश्यक भएमा जानकारी उपलब्ध गराउने वा सूचना दिने व्यक्तिको नाम ठेगाना र सम्पर्क नम्बर टिपोटमा हुनुपर्दछ ।

संकलित टिपोट र विवरणहरू प्रहरीको दैनिक कार्य सफलतापूर्वक सम्पन्न

गर्न महत्वपूर्ण मानिन्छ साथै अनुसन्धान सफल बनाउन अनुसन्धानकर्ताको लागि बलियो आधार मानिन्छ । वास्तवमा प्रतिवेदन यही टिपोट र विवरणहरूको परिमार्जित रूप हो, त्यसैले राम्रो टिपोट छ भने मात्र अन्तिम प्रतिवेदन राम्रो बन्न सक्छ । यसबाट अनुसन्धानकर्ताको कार्यदक्षता समेत झल्किन्छ । कहिले काहीँ यसरी टिपोट गरिएको विवरणहरूको आधारमा चोर र चोरी भएका मालसामानको पहिचान गर्न पनि सजिलो हुन्छ ।

**प्रतिवेदन (Reports)**

प्रहरी प्रतिवेदन फिल्डमा टिपोट गरिएका विवरणहरूको एउटा परिष्कृत विवरण हो । संकलित विभिन्न जानकारीहरूको व्यवस्थित र लिखित रेकर्डको रूपमा प्रहरी प्रतिवेदनलाई लिइन्छ । प्रहरी संगठनमा यस प्रकारको प्रतिवेदन लामो समय सम्म सुरक्षित रहने हुँदा यसलाई आफ्नो दैनिक कार्यहरूमा विभिन्न किसिमले प्रयोग गर्न सकिन्छ । जब अनुसन्धानकर्ता कुनै घटनास्थलमा पुग्दछ भने उसले वास्तविकता पत्ता लगाएर सोही अनुसार प्रतिवेदन तयार गर्दछ, साथै उक्त घटना सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने हो होइन भन्ने बारेमा पनि आफ्नो राय सुझाव दिइएको हुन्छ । अनुसन्धान अधिकृतको प्रतिवेदनमा उल्लेख भएको रायको आधारमा अनुसन्धान अगाडि बढ्दछ । यसका अतिरिक्त यी प्रतिवेदनको आधारमा प्रहरी भित्रका विभिन्न युनिटहरू परिचालन भएका हुन्छन् । आधुनिक प्रहरी संगठनहरूमा विभिन्न फाँट र युनिटमा कार्य गर्ने प्रहरी कर्मचारीहरू एउटा निश्चित लक्ष्य प्राप्त गर्न एकजुट भएर कार्य गर्दछन् । कुनै पनि प्रहरी प्रतिवेदन तयार गर्दा ६ वटा पक्षहरूमा स्पष्ट हुनुपर्दछ जस्तैः Who, what, when, where, why and how. अपराध अनुसन्धानमा उक्त प्रश्नहरूको प्रयोगबाट धेरै जानकारीहरू प्राप्त हुन्छ ।

**केही मार्ग निर्देशन ( General Guidelines)**

प्रहरी प्रतिवेदनहरू प्रायः स्पष्ट र वास्तविकतामा आधारित रहेर तयार पारिएको हुन्छ । अदालतमा बहस हुनु अगाडि प्रतिवेदनलाई पढेर सुनाइन्छ वा अध्ययन गर्ने गरिन्छ । यदि उक्त प्रतिवेदन र अनुसन्धान गरिएको मिसिलमा केही कुराहरू फरक पर्न गएमा अनुसन्धान अधिकृतको विश्वसनीयता माथि असर पर्न सक्छ । प्रतिवेदनमा जति जानकारी उल्लेख भएको हुन्छ ती सबै तथ्यमा आधारित रहेको हुन्छ । बयान गरिएको कागजातमा जे जति कुराहरू उल्लेख भएका हुन्छन् ती सबै अनुसन्धानकर्ताले तथ्यको आधारमा तयार गरेको हुनुपर्दछ । प्रतिवेदनमा उल्लेख भएका कुनै कुनै बुँदाहरूमा अनुसन्धानकर्ता आफै साक्षत्कार नभएको हुनसक्छ । यसप्रकारको

जानकारी प्रहरीको अभिलेखमा रहेको रेकर्डबाट पनि उपलब्ध हुनसक्छ ।

प्रहरीको लिखित प्रतिवेदन व्यवस्थित हुनुपर्दछ । अनुभवको कमी रहेको अनुसन्धानकर्ताहरूबाट प्रतिवेदन तयार गर्दा सामान्यतः विभिन्न कमजोरीहरू हुने गर्दछ । यसर्थ अनुसन्धान अधिकृतले प्रतिवेदन तयार गर्नु भन्दा अगाडि घटनाक्रम अनुसार क्रमबद्ध रूपमा तयार गर्नु पर्दछ । फिल्डमा विवरणहरू टिपोट गर्दा यस कुरामा ख्याल पुऱ्याइएको छैन भने प्रतिवेदन तयार गर्दा विशेष ध्यान दिनु जरुरी हुन्छ । कहिलेकाहीँ श्रव्य-दृष्य (Audio-Visual) सामग्रीको सहयोगबाट प्रतिवेदन तयार गर्दा अझ बढी ध्यान दिनु पर्दछ । यसबाट प्रतिवेदन तयार गर्दा के भनिएको थियो भन्ने तथ्यहरूलाई हेर्न र सुन्न सकिन्छ । यस्तो अवस्थामा केही अनुसन्धान अधिकृतले उक्त श्रव्य दृष्य सामग्री हेर्न र सुन्न आवश्यक नठानी महत्वपूर्ण तथ्यहरू उल्लेख गर्न बिर्सने गर्दछन् ।

फिल्डमा टिपिएका नोटहरू सत्यमा आधारित हुनुपर्दछ र प्रतिवेदन पनि त्यस्तै हुनुपर्दछ । एउटा पूर्ण प्रतिवेदन तयार गर्दा आवश्यक जानकारीहरू मात्र समावेश गर्नु पर्दछ साथै अवस्था अनुसार कम शब्दहरूको प्रयोग गर्नु पर्दछ । प्रतिवेदन भनेको उपन्यास पढेको जस्तो र असम्बन्धित विवरण पनि हुनु हुँदैन । आवश्यकता भन्दा बढी व्याख्या गर्दा पनि महत्वपूर्ण बुँदाहरू छुट हुन सक्दछ । लामो वाक्यांशहरू प्रयोग गर्नु हुँदैन । कहिलेकाहीँ बोलचालको भाषालाई जस्ताको त्यस्तै लेख्नु पर्दछ तर फरक अर्थ लाग्ने र अश्लिल शब्दहरू प्रयोग गर्नु हुँदैन । अन्य केही विवरण महत्वका साथ उल्लेख गर्नु पर्दा उद्धरण चिन्ह (Quotation marks) प्रयोग गर्नु पर्दछ । तयार गरिएको प्रतिवेदन सबैले बुझ्न सकुन भन्ने ख्याल अनुसन्धानकर्ताले गर्नु पर्दछ । संक्षेपमा भन्नु पर्दा प्रतिवेदनमा प्रयोग भएका शब्द र वाक्यहरू सरल हुनु पर्दछ । अनुसन्धानकर्ताले उल्लेख गर्न चाहेको दृष्टिकोण स्पष्ट रूपमा राखिनु पर्दछ ।

**अनुसन्धान प्रतिवेदनको प्रकार (Type of Investigation Reports)**

अनुसन्धान अधिकृतले तयार गर्ने प्रतिवेदन प्रक्रियाहरू फरक फरक हुन सक्छन् । कुनै जघन्य अपराध घटेपछि अनुसन्धानमा खटिएको अनुसन्धान अधिकृतले अनुसन्धान सम्पन्न गरे पछि आधिकारिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । यी प्रतिवेदनहरू प्रारम्भिक अनुसन्धान प्रतिवेदन, प्रगती प्रतिवेदन र अन्तमा अदालतमा बुझाइने अभियोजन प्रतिवेदन रहेको हुन्छ ।

**प्रारम्भिक प्रतिवेदन (Preliminary reports)**

अपराध घटेको जाहेरी प्राप्त हुन साथ घटना सम्बन्धमा सकभर छिटो थप जानकारीहरू संकलन गर्नु पर्दछ। प्रारम्भिक प्रतिवेदन तयार भएपछि मात्र आधिकारिक प्रतिवेदन शुरू गरिन्छ। प्रारम्भिक प्रतिवेदन सर्वप्रथम घटनास्थलमा पुग्ने प्रहरीले पेश गर्दछन् जसलाई अनुसन्धानको महत्वपूर्ण आधार मानिन्छ । प्रारम्भिक अनुसन्धान प्रतिवेदनमा निम्न कुराहरू उल्लेख गर्नु पर्दछ :

**क**. घटनास्थल र घटनाको विवरण

**ख**. मिति र समय

**ग**. पीडित वा जाहेरी दिने पक्षले उपलब्ध गराएको अभियुक्तको हुलिया र पहिचान विवरण

**घ**. प्रहरी परिचालन विधि

**ङ**. अनुसन्धान अधिकृतको पहिचान

प्रारम्भिक प्रतिवेदनको माध्यमबाट घटनासँग सम्बन्धित अन्य विविध विवरणहरू समेत उपलब्ध हुनसक्दछ । जस्तैः उक्त घटना हुँदा हराएको सामानहरूको विवरण, घटना हुँदाको मौसमको विवरण इत्यादि । प्रारम्भिक प्रतिवेदन पेश गर्ने प्रहरी अधिकृतले प्रारम्भिक अनुसन्धान सम्बन्धमा संक्षेपमा घटनाको विवरण उल्लेख गर्नु पर्दछ । यस प्रकारको विवरणले अनुसन्धान अधिकृत कतिबेला, कसरी पुग्यो, घटनास्थल, पीडित पक्ष, प्रत्यक्षदर्शी तथा अभियुक्तको बारेमा जानकारी प्राप्त हुन्छ।

**प्रगती प्रतिवेदन (Progress Reports)**

कुनै पनि अनुसन्धान गर्दा समय समयमा प्रगती प्रतिवेदन पेश गर्नु पर्ने हुन्छ। प्रारम्भिक प्रतिवेदन पेश गरिएको १०/१५ दिनको बिचमा साधरणतया प्रगती प्रतिवेदन पेश गर्नु पर्दछ। प्रगती प्रतिवेदनले घटेको घटनाको बारेमा शुरूदेखि निश्चित फलोअप र अनुसन्धानमा निरन्तरता दिन सहयोग पुऱ्याउँछ।

सैद्धान्तिक रूपमा प्रगती प्रतिवेदन तथ्यमा आधारित हुनु पर्दछ । घटनासँग सम्बन्धित साक्षी, भौतिक सबुद प्रमाणको महत्व, बयानहरूको सत्यता इत्यादि प्रगती प्रतिवेदनमा उल्लेख भएको हुनुपर्दछ। कतिपय अनुसन्धानमा उल्लेखित पक्षहरूलाई प्रगती प्रतिवेदनमा समावेश नगराउँदा प्रहरी प्रतिवेदन प्रति अदालतको नकारात्मक धारणा बनेको देखिन्छ। प्रगती प्रतिवेदनको माध्यमबाट अनुसन्धानमा देखिएको जटिलतालाई समाधान गर्न पनि सकिन्छ।

अधिकांश प्रहरी संगठनहरूमा पुराना मुद्दाहरूको प्रगती प्रतिवेदनको आधारमा अनुसन्धान कार्यमा सफलता प्राप्त गरेको पाइन्छ । अनुसन्धान भइरहेको मुद्दा स्थगित भएको वा अभियुक्त पक्राउ परेको अवस्थामा मात्र

रोकिन्छ । यो सबै अधिकार सम्बन्धित अनुसन्धान अधिकृतको निर्णयमा निर्भर रहन्छ । कहिलेकाहीँ कार्यालय प्रमुख वा सुपरीवेक्षकले अनुसन्धानकर्ताको निर्णयलाई स्वीकार वा अस्वीकार गर्न सक्छन् । अनुसन्धानको क्रममा कहिलेकाहीँ अनुसन्धान कार्य बिचमा रोकिन्छ तर पूर्ण रूपमा फाइल बन्द गरिएको हुँदैन । कुनै सुराक वा समाधानको बाटो नदेखिएमा वा अनुसन्धानमा प्रगती नहुँदा सम्म उक्त अनुसन्धानलाई पेण्डिङमा राखिन्छ ।

**निष्कर्ष वा अभियोग प्रतिवेदन (Closing and Prosecution Report)**

अनुसन्धानको अन्तिम प्रतिवेदन वा अभियोग पत्र सरकारी वकिललाई सहयोग पुग्ने किसिमले तयार गरिन्छ । कुनै कुनै अन्तिम प्रतिवेदनहरू सफल अनुसन्धानमा अतिनै महत्वपूर्ण मानिन्छ । अभियोग पत्र भनेको प्राप्त विभिन्न जानकारी, सूचना, सबुद प्रमाण र तथ्यांकको आधारमा तयार हुने भएकोले न्यायिक महत्व राख्दछ । अभियोग पत्रमा यतिनै बुँदाहरू रहनु पर्छ भन्ने कुनै विशेष सूचीहरू नभए पनि मुद्दा सफल हुन आवश्यक पर्ने सबै जानकारीहरू उल्लेख गर्नु आवश्यक हुन्छ । यसमा पीडित र साक्षीहरूको पहिचान अतिरिक्त प्राप्त सबुद प्रमाण, विधि विज्ञान प्रयोगशालाको प्रतिवेदन, घटनास्थलको फोटो, रेखा चित्रण (Sketches) समेत समावेश गर्नु पर्दछ ।

**निष्कर्ष(Conclusion)**

एउटा सफल अनुसन्धानकर्ताको लागि घटनाहरू सम्बन्धमा गरिने टिपोट र तयार गरीने प्रतिवेदनले अतिनै महत्व राख्दछ । अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदनले अनुसन्धानकर्ताको सक्षमता झल्काउँछ । कुनै प्रहरी कार्यक्षेत्रमा बाहिरी अपरेसन कार्यमा अतिनै सफल छ तर उसले सम्पन्न गरेको कार्यहरूको प्रतिवेदन वा विवरण ठिक ढंगले प्रस्तुत गर्न नसक्दा असक्षम देखिने सम्भावना रहन्छ । यसर्थ हरेक प्रहरी कर्मचारीहरूलाई घटनाहरूको टिपोट र प्रतिवेदन तयार गर्ने सम्बन्धमा प्रशिक्षण दिनु आवश्यक हुन्छ । ◆◆

**गजल**



**प्र.ज. बिसाल के.सी.**

केही सम्पत्ति कमाउन ऊ मुग्लान जानेछ ।
पैसा पाउने बित्तिकै बच्चा दोकान जानेछ ॥


नेपालमा जम्मै वृद्धाहरू बसोबास गर्ने छन् ।
पैसा कमाउन विदेश म जस्तो जवान जानेछ ॥

मात्र ती यादहरूमा जीवन कटाउने प्रियलाई ।
सम्झनीमा केवल एक सुन्दर मुस्कान जानेछ ॥

साथी हो छु भन्दैमा धेरै चुरिफुरी नगर ।
माटोको शरीर एकदिन चिहान जानेछ ॥

नियात्रा

# मार्दीमुनि केही पाइला !



✍ **युवराज नयाँघरे**

'यस्तो पो स्वागत !'

मैले काँडेमा पुगेपछि कुइरोको अन्धमुष्टि देखेर भनेँ मनमनै । पानीको बिर्बिराइ र कुइराको बाक्लो खातमा काँडेले झुलुक्क मुख देखायो । बीस-बाइस घर थिए त्यहाँ ।

घरमा व्यापारका सूचनापाटी मात्र थिए । मलाई त्यस्ता सूचनापाटीले पोखरामै वाक्क पारेका थिए । म जतिसक्दो चाँडो अलि पर पुग्न चाहन्थेँ ।

कार्की, सापकोटा थिए मसँग । म पो नौलो । उनीहरू पाका थिए यो भेगका । उनीहरूले देखाएको र औँलाएको बाटोमा मैले हिँड्नु थियो ।

बिहानैको चिसो समय ।

भदौको मध्य बेला । जति बेलै पानी बिर्बिराइरहेछ । कुइरोले घ्वाप्प-घ्वाप्प आएर चिनाजानी गर्न छोडेन मलाई । अरूहरू आफ्नै सुरमा हुन्छन् । म त कुइराको रङ र उसको चालामालालाई निहाल्न खोज्छु घरी-घरी ।

उत्तरतिर कार्की लागेपछि मैले डोर्रिनै पऱ्यो ।

कुइरो टाउकोतिर कुदिरहेको छ । तीन-चार घर नाघेर थोरै उकालोपछि तल फेदैतिरबाट फेरि बटारिएर हामीलाई नै सर्लक्क निल्यो कुइरोले ।

'हत्तेरिका !'

कान्छी र साइँली औंलाको चेपमा कुन बेला-बेला जुका टाँस्सिन भ्याइसकेछ । रगतको भल्को छुटेपछि पो थाहा पाएँ ।

'आफ्नो औंलै डस्दा पनि थाहा नपाउने तँ कस्तो हुस्सू ?'

धारे हात लाउने नि मै ।

'दाउ छोपेर काँ-काँ बस्दा रै'छन् । के थाहा पाउनु त मैले ?'

थामथुम पार्ने नि मै ।

एकछिन मन खल्बलियो । तै कुइरोले बेरबार पारेर फेरि आफूमै हुलेपछि मन मोडियो ।

गाउँको बाटो । उकालो र तेर्पे । जताततै हरियो । बाटोपूर्व बाक्लो छ जंगल । काँ हो कहाँ- नदेखिने भिर र हरियो वन ।

'पसिना पो आयो !'

'छोड् दे आउन दे'- भन्छु ।

कुइरो मुठी पारेर मुख धुन्छु । कान, ओठ, निधार पुछ्पाछ गर्छु । कपालमा अलेली टाँसिएको छ- शितको थोपाथोपी । परेली र नाके डाँडी पनि पुसपास गर्छु ।

ढुङ्गेनी बाटोलाई घाँस, लहरा र पोथ्रापोथ्रीले सबै निलेको देख्छु । अहिले हामीलाई कुइराले निले जस्तै ।

'ओहो, कोदाको कपनी हौ !'

कोदोबारीको लहलह आएर आँखामा ठोक्किँदा गीत गाएँ मैले । कत्ति राम्रोसँग फक्रेका कोदाका झुप्पा-झुप्पा । हरिया पात, हरियाँ डाँठ र हरियै बाला छन् कोदाका ।

तेर्छो भने नि ढुङ्गाको उबडखाबडले खुट्टा अल्भिइरहन्छ । ठेस लागेको लागेकै छ । सानो हाते झोला नि हुत्याउन मन लागेको छ । सबै कुरा गले पछि यो झोला पनि भारी भो ।

फाट्टफुट्ट घँसेनीहरू भेटिन्छन् ।

तल पानीको कुलकुल सुन्छु । कतै झरझर पानी खसेको सुन्छु- भीरमुन्तिर ।

पानीको सङ्गीतले मन धोइन्छ । धोइएको मनमा वरपरको वनको हरियाली सङ्लो भएर बस्छ थपक्क ।

'यो गोलडाँडो !'

चौतारीमा बूढा तमाखु तानिरहेथे । ३-४ घर थिए चौतारीका वरिपरि । बूढाले चिनाएको अलिक परतिर सूचना पाटीमा लेखिएको थियो- गोलडाँडा ।

ढुङ्गेनीमा म हात टेक्दै लम्कैं । एउटी निकै बडेमानकी बङ्गाली थरर तिघ्रा कमाउँदै ओर्लिरहेकी थिइन् ।

'उडी बाबा ! उडी बाबा !'

ती बेस्सरी अत्तालिएकी थिइन् ।

म गोर्खाली त लड्खडाएको बेला ती नहड्बडिने कुरै भएन ।

'ए, सास फुलाउने हो ?'

तीन-चार जना ओरालो झर्दै थिए । एक जना बूढा बाले मलाई जिस्काएर भनेथे । तर त्यो सत्य नै भइरहेथ्यो । हरक्षण दम फुलाएर हिँडिरहेथेँ म ।

सरोबरी छ कुइरो र पानी ।

जङ्गलको गोरेटोमा निभारो जताततै सप्लाएको छ । निगुरो, सिस्नु झन् मल नै पाएर कम्मर र कुम-कुम छुने अग्लाइका देख्छु । बर्खाको पानीले सबै कुरो दिँदो रै'छ वनस्पतिलाई ।

'ओहो, निस्कन पो सकिएला के ?'

कुइराको सुरूङमा पस्दा सोच्छु ।

रूखको बाक्लो चेप छ । गोरेटोमा छरिएको कुइरो छ ठ्याक्कै सुरूङ आकारको । हो, कुइराको ठूलो दुलो !

पसिना शरीरभरि छ । टाउकोमा कुइराले मुसार्न छोडेको छैन । कसले जित्ने ? यै होडबाजी छ- कुइरो र मेरो । ऊ कुद्छ- म पनि पछ्याउँछु । रूखमा छरिएको कुइराले

झन्-झन् आँखालाई वरवर बोलाउँदैछ ।

'ए यो चराको हो कि ?'

'हैन, पानीको हो कि ?'

'कि किराको पो हो ?'

मन्थन हुन्छ ।

'हैन है हैन । यो त हावा सिर्सिराएको !'

अनौठो स्वर सुनेर मनमा खलबली हुन्छ । उत्तर फेरि सरक्क आइपुग्छ छातीमा ।

'हत्तेरिका, कस्ता चिप्ला ढुङ्गा !'

म चिप्लिएँ ।

लेउ हातभरि टाँसियो । पातले पुछेर अघि बढ्दा अलिक पर गएर हेरेँ-माझी औंलामा सानो चिप्ले जुको ढाडिइसकेको रहेछ ।

'सबको दाउ छ है !'

सराप्छु र ढुङ्गाले थिचथाच पार्छु जुका ।

तेर्पे भेटियो ।

दाउराको खलियो र मकैका उरूङ्खात छाप्रोमा भेटियो । मकैका तीन-चार झुत्ता मैले आफ्नै सुरमा पारेँ । बर्खाको भल पसेर दाउरा मक्किन लागेका देखिए ।

बाटोभरि ठोट्नेको घारी थियो । एकदुई ठाउँमा पानी, बिरूवा र ढुङ्गाको राम्रो चित्र जस्तो देखिन्थ्यो । म उभिएर रमाइरहन सकिनँ । सँगै साथीहरू कुइरोभित्र हराए । अत्तालिएँ म ।

'सविन भाइ !'

'हजुर !'

कुइराको पर्दा भित्रबाट आवाज आयो । बोली अलिक परैबाट आएथ्यो । लम्किएँ म चम्केर । जत्ति लम्किए नि भेट्तिनँ त । पसिनै छुट्यो । खुट्टा बाउँडिएला जस्तो पो भयो मलाई ।

जङ्गलतिर ठूलो बाटो लाग्यो । सानो गोरेटोतिर साथीहरू हावा खाइरहेथे । त्यतै लागेँ म ।

'मेरो विचारमा एक घण्टा भो, अब पुग्नुपर्ने !'

कार्कीको बोली सुनेँ ।

बाक्लै जङ्गलमा भिर भेटियो । भिरबाट सङ्लो झरना गड्गडाएर तल झऱ्यो । उसले पनि पुगेको कुरा भनेको हो ।

रूखबाट ठूला-ठूला लहरा तल भुइँतिर लत्रिएका थिए । भुइँको माटो छुन-छुन हत्तारिएका लाग्थे ती ।

'तिर्खालु जरा !'

रूखबाट हाम्फालेका जरा देखेर हृदय बोल्यो ।

हामी हिँड्न रोकिएनौँ । कुइरोले डाम्न नि छोडेन ।

कतै बाक्लै, कतै पातलो कुइरो । कतै गुजुमुज्जे, कतै हसुस्स मास्तिर आएर बेगिएको कुइरो । कुइरोले आफूलाई गति दिएको-दिएकै छ ।

कुइरोसँग के गुनासो गर्नु !

उसलाई जितेर हेर्नु पो हेर्नु ! उसलाई हराउनु पो हराउनु ! उसलाई छक्काउनु पो छक्काउनु ! उसलाई पछार्नु पो पछार्नु !

'पुगियो सर अष्ट्रेलियन क्याम्प !'

काकीको बोली सुनें ।

यही हेर्ने इच्छा थियो ।

'कुइरो उघ्रेला त ?'

'छैन, छेकछन्द !'

हाम्रो छलफल ।

'हेर्नुस् यो क्याम्पबाट देखिन्छ– नीलगिरि, गणेश, माछापुच्छ्रे, अन्नपूर्णा, मार्दी हिमाल !'

'यो ठूलोखर्क त अद्‌भूत ठाउँ हो !'

मैले वरिपरि हेरें । ठूलो चौरका उत्तरतिर हिमालको ताँती । तर अहिले ती सबै हिमाल हेर्न कसले सक्ला भनेर अग्ला न अग्ला टाँडे सिमेन्टी घर अग्लिरहेथे ।

'चार सय रूप्पेको चिया खाउँ ल !'

कार्कीले माग गरेको सुनें ।

एक थर्मस तातो पानीमा अदुवा घोलिएर आइपुग्यो । गिलासमा थपी-थपी त्यै पानी खायौं हामीले ।

'महँगो कि सस्तो ?'

'ल्याउने र पकाउने जोहो गरेको हेर्दा महँगो । पानी मात्रै हेर्ने हो भने निकै सस्तो हुनु पर्ने !' पानी खाइरहँदा कुरामा कुरा थपिए ।

अहँ, जत्ति गरे पनि हिमाल देखिएनन् । कुइरोको गुजुल्टो बटारिएर बरू आइरह्यो... आइरह्यो । हिमालको झुलुक्क मुख नि देखिएन । कुरेकै हो, देखिएन । जत्ति मनले भने पनि हिमाल देख्न पाइएन ।

होस् त ! आ, होस् त ! नदेखे, नदेखियोस् !

अनि हामी ठूलोखर्कको फाँट नाघेर दक्षिणी ओरालो झर्यौं । मुखमै तीन-चार कालीढुङ्गे छानाका घर देखिए । तिनले बरू ठूलाखर्कको रूप जोगाएको लाग्यो मलाई ।

'यो कुइराले नछोड्ने भो !'

ओरालोमा बाक्लै थिए रूखपात । त्योभन्दा बाक्लो कुइराले सबैलाई निलिरहेथ्यो । शरीरमा भन्दा जताततै कुदेको लाग्छ । गजबले सिकसिकाएको छ जिउ ।

हिमालतिर लाग्नेहरू फरेष्ट क्याम्प, लो क्याम्पतिर लाग्दा रहेछन् । तर हामीले ती बाटा रोजेनौं । दक्षिणतिरको ओरालो र तेर्पेमै हिँडिरहेका छौं ।

घाम छैन । कुइराले आफ्नो तुजुग देखाइरहेकै छ बेस्सरी ।

पानी रसाएर बाटो छ चिप्लो । बिर्बिराएको पानीले जिउ ल्याफल्याफी छ ।

छाता खोलेको छैन मैले । तर खोले हुने हालत भने जिउँका तिउँ छ ।

निरास भइनँ ।

कुइरोले फकाइरहेको छ । कुइरोको मेजमानी र मायाले अष्ट्रेलियन क्याम्पबाट हिमाल नदेख्दाको कुनै पीडा बल्भिएको छैन । के रिसाउनु, के फन्किनु, के रन्किनु । हिमालकै सन्नति त हुन् नि यी कुइरो, सिमसिमे पानी ।

ओरालो भएर ढुङ्गेनी तेर्पे लाग्दा पानी दर्कियो । अनौठोमा झन् अनौठो । कुइरो ले सबै पुरेको छ । त्यसैमा पानी ओइरिएको छ चम्केर ।

आँखामा छक्क आउँछ र फेरि छक्कले खित्का छोडेर हाँस्छ ।

जुका टिपिरहेका थापा भाइसँग आँखाले बात मार्छु । फेरि उसले जुका टिप्दा आफू पनि हात लम्काइरहेको हुन्छु- घुँडा, पिडुँलातिर ।

बाटो उकालो लाग्यो ।

सास फुल्यो । निकै फुल्यो । सास फुलाउन पो यो बाटो बनाएको हो कि ? कुरा फत्काउन्जेलमा कुइराले लखेट्न छोडेन । लौ, हावा र पानी गफ गर्दै उत्तरतिरको घना वनतिर लागे । मेरा आँखा एकछिन त अलमल्ल परे नि ।

गडङडङ... गडङडङ... आवाज उत्तरतिरको जङ्गल पसेको पसेकै गऱ्यो ।

उकालोमा पुग्दा पक्कै परेँ म त ।

सात वटा लस्करै घर पो भेटिए । सबै झिलिमिली । सूचना र जानकारीले आँगन र पिँढी छपक्कै । फेरि फूलको झिलिमिली उत्तिकै मिठो ।

'कति किसिमका फूल हुन् यी ?'

खुल्दुली ।

'सयौं... सयौं... !'

उत्तरले फन्को माऱ्यो ।

सि यु लज लेखेको पाटीतिर सबै लागे । पोथना रहेछ- यो ठाउँ । घुमन्ते र डुलन्तेका लागि अर्को बिसौनी ।

कति राम्रो ठाउँ ! ओहो, कति मनोरम !

कुइरोले पुछपाछ गरिरहेथ्यो । डाँडा र खोँचमा कुइरोको रजगज थियो बेपत्तैले । मेरो मन र आँखा त्यतै मात्र दगुरे घरीघरी ।

'भैंसी गोठ रे पुरानो नाम !'

जुहारचन नानीले अर्थ्याइन् ।

गुरूङ भेग पऱ्यो । गुरूङ भाषाले अर्थ दिने यै शब्द होला पोथना ।

तातो पानी र खत्र्याकखुत्रुक खाइयो । भोक मारिरहने फुर्सद नि थिएन । घडीका काँटा रोक्न मिले छेक्नु हुन्थ्यो- नमिल्ने !

कुइरो फाटेपछि तलको बाटो झऱ्यौं । सपना जस्तो । कुइरो कतिखेर-कतिखेर घ्वाप्प आइहाल्थ्यो । मन पो मुसुमुसु हुन्थ्यो ।

ओरालो थियो भयानक। चिप्लो, ढुङ्गेनी र पानी भुलभुलाइरहेको थियो। थिरीथिरी गर्दै तल झर्‍यौँ।

चार-पाँच जना केटाहरू ओर्लिरहेथे ओरालीमा।

'खाएको त बियर हो, मोहीको पो डकार आयो!'

मोटे तन्नेरी बोल्यो।

'मैले भात थपेर खाएको, ढिँडो जस्तो हलुक्क आइरा'छ!'

लाम्घारेले पीडा पोख्यो।

बाटोले यिनको स्वाद फरक पार्‍यो।

निकै हिँड्दा जङ्गलमा मकै बारी देखियो। बारीका छेउमा एउटा झुप्रो थियो। आँगनमा एउटी बुलाकी लाएकी आइमाईले हामीलाई ताकेर भनिन्- 'दूध चिया नि पाइन्छ, मकै पोलेर खान नि पाइन्छ!'

मन त दुवै खान थियो नि मलाई। तर अरू दुई जना निकै अघि लम्किरहेका छन्। पानी फेरि उर्लेर पर्न थालिरहेथ्यो। कुइराको सुरूङ झन्-झन् ठूलो नजिकिइरहेथ्यो।

जङ्गलमा ढुङ्गा छापेर राम्रो बनाएथे गाउँलेले। तर चिप्लो लेउ र झरीले गर्दा पाइला घिसार्न सजिलो भएन। यो दोष अब गाउँलेलाई थोपर्न मिलेन। आफ्नै आँट र शरीरसँग गाँसिएथ्यो।

पानी परेको परेकै भयो।

हिलो र बाछिटासँग जोगिन सकिनँ। अझ ह्वाप्प-ह्वाप्प गरेर आउने कुइरोले घरी साउती मार्थ्यो, घरी चिच्याउँथ्यो।

'यो धम्पुस हो है!'

कोट गाउँ पुग्दा कुइरोले धोक्रो सुक्ने गरी बोलेर भागेको मैले देखेँ। मैले भागिरहेको कुइरोलाई पछ्याएर भेट्न खोजेँ।

ऊ घट्ट खोलातिर बेतोडले दगुर्‍यो। मैले सास फुलाएर कुद्दा नि भेट्न सकिनँ। ऊ बत्तिइरह्यो... ऊ बेगिइरह्यो... ऊ बुर्कुसिइरह्यो। ♦♦

## गीत



✍ **दिपकराज विश्वकर्मा**

कसले बनायो पैसा भन्नि चिज
कमाउला भन्दा भन्दै पुगियो चालिस

यो नि गर्छु त्यो नि गर्छु भन्नि आँट आउछ
पैसै अघि लाउन पर्नि अनि वाक्क लाउछ
केही गरे नि सुखै छैन के पो गर्नि रैछ
पैसै कमाउनलाई पनि पैसै चाहिनी रैछ

एक सयको तिन जोर मोजा कतिन्जेल लगाउनी
मेरो पनि आउला दिन कमाउनी जमाउनी
यति प्यारो देश छोडी विदेश जानु भन्दा
सानो तिनो आफ्नै देशमा थाल्छु केही धन्दा

# विवाहको बदलिँदो परिभाषा र आजको समाज



✍ बद्री प्रसाद ढकाल

विवाह एउटा विश्वव्यापी रूपमा रहेको सामाजिक प्रचलन तथा परम्परा हो। यो मानव सभ्यताको सुरुसँगै अस्तित्त्वमा आएको संस्कार मान्न सकिन्छ। समाजमा विवाहलाई एउटा सूक्ष्म सामाजिक परम्पराको रूपमा लिन सकिन्छ। विवाहको उत्पत्तिलाई हामीले मानव सभ्यताको उत्पत्ति र विकासको परम्परासँग जोडेर हेर्न सकिन्छ। विवाह भन्नाले पुरुषले स्त्रीको समग्र जीवनका सम्पूर्ण आवश्यकताहरूको वहन गर्नु, जिम्मा लिनु र अन्ततः उसलाई आफ्नो अर्धाङ्गको रूपमा स्वीकार गरी सहकार्य गर्दै जीवन व्यतित् गराउनु भन्ने हुन्छ। सामाजिक संस्कार वा परम्परालाई निरन्तरता दिनका लागि समाजका विभिन्न एकाइहरूमध्ये विवाह त्यस्तो सामाजिक चलन हो जसले सृष्टिको वा समाजको निरन्तरतामा महत्त्वपूर्ण योगदान दिँदै आएको छ। विश्वमै विवाहलाई एउटा सर्वव्यापी प्रचलित चलनका रूपमा रहेको मानिन्छ। जसले मानव परिपूरक सम्बन्ध, जैविक सम्बन्ध अर्थात् सहवास, मानव विकासको क्रम सन्तान उत्पादन, आर्थिक विकास, सहयोग र परिवारको निर्माण गर्दछ भन्ने कुरालाई उल्लेख गरिएको पाइन्छ। विवाह भनेको विपरीत लिङ्गी एक महिला र पुरुषले सँगै बस्न पाउने आधार हो तथा वैधानिक अधिकार निर्माण गर्नु पनि हो। यसरी हेर्दा विवाह एउटा परिवारको माध्यम हो। विवाहले नै परिवारको निर्माण गर्दछ र समाजको निर्माण साथै समाजको विकासमा सहयोग गर्दछ। विवाहले मानवीय समाजलाई संगठित र स्थायित्व प्रदान गर्दछ। सामाजिक व्यवस्थालाई निरन्तरता दिनका लागि समाजका विभिन्न एकाइहरूमध्ये विवाह त्यस्तो विश्व प्रचलित सामाजिक चालचलन हो जसले सृष्टिको निरन्तरतामा महत्त्वपूर्ण योगदान दिँदै आएको छ। सामान्य अर्थमा हेर्दा विवाह एक आपसी सम्झौता पनि हो जसमा मानिसले जैविक सम्बन्ध, यौन सन्तुष्टि प्राप्त गर्न, बालबच्चाको जन्म र समाज विकासको प्रक्रियालाई निरन्तरता दिनु हुन्छ। परम्परित अर्थमा परिवार हुनका लागि विवाह अनिवार्य मानिन्थ्यो तर यसको भाष्य अहिले परिवर्तन भएकाले

सन्तान उत्पादनका लागि विवाह अनिवार्य देखिँदैन । तर सभ्य संस्कारले विवाहको उत्पति मानव सभ्यताको उत्पत्ति र विकासको परम्परासँग जोडेर हेर्ने गरेको पाइन्छ । यो संस्था आदिम समाजमा जे जसरी रहे तापनि वा इतिहास भए तापनि समयको बदलिँदो चरणसँगै यसको प्रकृतिको र खास समयमा हुने र त्यसको प्रकृति समयको बदलिँदो अन्तरसँगै बदलिने हुँदा विवाहका सम्पूर्ण रूपलाई एउटै मापदण्डमा राखेर हेर्नु उपयुक्त देखिँदैन ।

हाल प्रचलनमा आएका विवाहका प्रक्रियाहरू समयअनुसार परिवर्तन हुँदै आएको इतिहासमा पाउन सकिन्छ । विवाहबाट नै एकात्मक परिवार र केन्द्रीय परिवारको निर्माण हुन्छ । आदिम युगमा एक हुल वा एउटा समूह एकै परिवारमा बस्ने गर्दथे । बच्चाले आफ्नो आमालाई मात्र चिन्ने गर्दथ्यो भने बाबु चिन्दैन थियो । जब मानव सभ्यताको शुरु भयो त्यही समयदेखि एकात्मक परिवार र केन्द्रीय परिवारको निर्माण भएको पाउन सकिन्छ । समयको कालखण्डमा व्याप्त रहेका जारी विवाह, विधुवा/विधुर विवाह, बाल विवाह, बहुविवाह, जबरजस्ती विवाह जस्ता स्वरूपमा व्यापक परिवर्तन आएको पाइन्छ । यसरी हेर्दा विवाहका विभिन्न किसिमहरू पाउन सकिन्छ । जस्तैः पति/पत्नी प्राप्त गर्ने तरिकाका आधारमा, विवाहको लागि पति/पत्नी छनौटका आधारमा, पति/पत्नीको संख्याको आधारमा, पति/पत्नि रहने वा बस्ने स्थानका आधारमा र विवाह सम्बन्धी धार्मिक मूल्य मान्यताका आधारमा विवाहलाई हेर्न सकिन्छ । यसरी हेर्दा समयको परिवर्तनसँगै र समाजको निर्माणसँगै विवाह र परिवारको प्रक्रियामा फरकपन रहेको पाउन सकिन्छ । समयको परिवर्तनसँगै विवाह पद्धतिमा पनि परिवर्तन आएको पाइन्छ । पहिले पहिले जबरजस्ती विवाह गर्ने, भाउजू बेहोर्ने चलन रहेको थियो भने अहिले यो विवाह प्रचलन कम रहेको पाउन सकिन्छ । विवाहद्वारा मानिसमा बन्धन पैदा हुन्छ । जब मानिस विवाहित हुन्छ अनि उसका जिम्मेवारी थपिन्छन् । हिन्दु परम्परा दर्शनका आधारबाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कारको रूपमा लिन सकिन्छ सोह्र संस्कारमध्ये विवाह एक हो । जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । यसरी गरिएका विवाहमा लोग्नेस्वास्नीको सम्बन्ध यस लोकदेखि परलोकसम्म अक्षुण्ण रहन्छ भन्ने विश्वास गरिएको पाइन्छ ।

समाजशास्त्रमा विवाहलाई एउटा सामाजिक मान्यता प्राप्त संस्थाका रूपमा लिँदै विवाहबाट नै परिवारको सिर्जना हुने कुरा उल्लेख भएको पाइन्छ । यस अर्थमा विवाह पद्धति औपचारिक वा

अनौपचारिक, सहमतीय वा निर्णायात्मक जे जसरी भए पनि सामाजिक रूपमा स्वीकार्य हुने गर्दछ । विवाह पद्धति मार्फत मानिसले विभिन्न सामाजिक क्रियाकलापहरू गर्ने अनुमति पाउँदछ । विश्वव्यापी रूपमा विवाहको अर्थ वा परिभाषा एउटै किसिमको पाइँदैन । समाज अनुसार विवाहका पद्धति तथा नियमहरू भिन्न रहेका छन् । विवाह एउटा सामाजिक नियम, पद्धति भित्र रहेको हुन्छ ।

समाजअनुसार विवाह पद्धति फरक फरक प्रकृतिका हुन्छन् । यसरी हेर्दा नेपालमा विभिन्न जातजातिहरू रहेका छन् र उनीहरूको पनि आ-आफ्नो विवाह पद्धति र चलनहरू रहेका छन् । विवाहको सम्बन्धमा जेजस्तो परिभाषा वा बुझाइ भए पनि समय र समाजअनुसार विवाह सम्बन्धी विभिन्न बुझाई तथा मान्यता रहेको पाइन्छ । विवाह सर्वव्यापी सामाजिक संरचना हो । यो जुनसुकै समाज र संस्कृतिमा सूक्ष्म तहको सामाजिक परम्पराका रूपमा प्रचलित रहेको छ । हरेक समाज र संस्कृतिमा विवाहका अनेक रूप र प्रकृतिहरू प्रचलित छन् भन्न सकिन्छ । ♦♦♦

कविता

# नेपालको छोरो



✍ **अरुणबहादुर खत्री 'नदी'**

नेपालकै छोरो हुँ म
मेरो शिर झुक्दैन कहिल्यै
बहादुर सन्तान हुँ म
डर र त्रास छैन कहिल्यै
जस्तोसुकै चुनौती आए पनि म
जन्मभूमि नै जोगाउँछु पहिले

हत्या, हिंसा र असुरक्षा
हुन दिन हुन्न यो देशमा
चिनाउन सक्नु पर्छ विदेशमा
शान्तिको मार्ग चित्रमा
बढाउनु पर्छ देशलाई
प्रगतीको विशाल पथमा

मेरो शरीर ढले पनि
देशलाई ढल्न दिन्न
म त यो देशमै जन्मेको
यसैमा हुर्के बढे अनि
यसै देशमा समर्पित भई
ज्युज्यान सुम्पिसके

स्वाभीमानी इमान्दार भई
यो देशको माया गर्नेछु
भोक प्यास केही नभनी
यही माटोमा उभिइरहन्छु
स्वार्थ केही छैन मसँग
यही देशको लागि बाँच्दछु ॥

लघुकथा

# ब्ल्याकहोल



✍ सरस्वती श्रेष्ठ 'सरु'

सबै कुरा अस्तित्वहीन हुने बिन्दु । त्यो अनन्त अन्धकारको खाडल, जसले प्रकाशलाई समेत निल्छ ।

डाक्टर आर्यन, खगोलशास्त्री, आफ्ना युगौँका अनुसन्धानको अन्तिम मोडमा थिए । उनले एउटा सन्देश पत्ता लगाएका थिए । जुन ब्ल्याकहोलको केन्द्रबाट आउने रेडियो तरंगमा लुकेको थियो । सन्देशमा मात्र तीन शब्द थिए, "म प्रतीक्षा गर्दैछु ।"

सम्पूर्ण ब्रह्माण्डको सिद्धान्तलाई चुनौती दिने यो खोजले वैज्ञानिक समुदायमा हलचल मच्चायो ।

कतिले आर्यनलाई पागल भने, कतिले उनको उपकरणमा खराबी भएको दाबी गरे । तर, आर्यनको विश्वास अडिग थियो ।

वर्षौंको तयारीपछि अन्ततः उनले एउटा अन्तरिक्ष यान तयार पारे । उसको गन्तव्य थियो । सबैभन्दा नजिकको ब्लाकहोल । यात्रा खतरनाक थियो । साथीहरूले उनलाई रोके ।

तर उनले भने, "यदि त्यहाँ केही छैन भने म त्यहीँ अन्त्य हुनेछु । तर यदि त्यहाँ केही छ भने, मानव अस्तित्वको रहस्य पत्ता लाग्नेछ ।"

यात्राको अन्तिम घडीमा, जब यान ब्ल्याकहोलको नजिक पुग्यो, समय र स्थानको नियमले काम गर्न छोडे ।

यान प्रकाशको गतिमा घुम्न थाल्यो । आर्यन अन्धकारको गर्भमा प्रवेश गरे ।

अन्त्यमा उनले आवाज सुने, बिलकुल शान्त र मसिनो, "तिमी आएकोमा खुसी छु । धेरैले हिम्मत गरेनन् ।"

आर्यनले आफ्नो अगाडि अनन्त प्रकाशको छालहरू देखे । त्यो ब्ल्याकहोलको अर्को पाटो थियो । तर, उसको चेतना भने स्थिर रहेन ।

त्यसपछिको कुरा कसैले थाहा पाएन । आर्यन कहिल्यै फर्केनन् । तर ब्ल्याकहोलले अरु कुनै सन्देश दिन छोड्यो । के आर्यनले त्यस रहस्यको उत्तर पत्ता लगाए ? कि उनी अनन्त कालका लागि अन्धकारमा विलिन भए ? यो प्रश्न ब्रह्माण्डले मात्र जान्थ्यो । ♦

# परिमार्जन सहितको सचेतना कार्यक्रम



✍ **पूर्व प्र.ना.उ.भोजराज पाण्डेय**

कुनै पनि राज्यको लागि कानून कार्यान्वयन गर्ने निकायहरू मध्ये त्यो देशको प्रहरी अग्रपंक्तिमा रहेको हुन्छ । हुन त विश्वमा प्रहरी नभएका देशहरू पनि छन् । भलै नेपालको हकमा दुई उस्ता उस्तै प्रहरी संगठनहरू भए तापनि अग्रपंक्तिमा रहेर कानूनको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी नेपाल प्रहरीले पाएको छ । राज्यमा हरेक कुराहरू सुरक्षासँग जोडिएका हुन्छन् । सुरक्षा खल्बलिनु भनेको नागरिकले आफूलाई असुरक्षित महसुस गर्नु हो । नागरिकलाई भयत्रासबाट मुक्त गराउन र नागरिक अधिकारको उपभोगको सुनिश्चितताको निम्ति नेपाल प्रहरीले आफूलाई २४ सै घण्टा तैनाथ राखी राज्यको निर्देशन अनुरूप कार्यहरू गरिरहेको छ । विधिको शासनमा अपराध बिनाको समाजको कल्पना भन्दा पनि कानूनको अक्षरस पालना गर्नु गराउनु प्रमुख विषय रहन्छ ।

देशमा शान्ति व्यवस्था कायम गर्ने कार्य आफैमा चुनौतीपूर्ण पक्कै छ । देशमा गुण्डागर्दी, हत्या अपहरण लगायतका शान्ति व्यवस्थालाई खलल पार्ने खालका जघन्य प्रकृतिका घटनाहरू नघटेको कारण नेपाल प्रहरीले देखिने गरी काम गरिरहेको छ भन्न सकिन्छ । कुनै पनि मानिस वा संस्थाले गरेको काम आफैमा सर्वगुण सम्पन्न कदापि हुन सक्दैन । आलोचनारहित पनि हुन सक्दैन । समयको माग अनुसार आफूलाई बदल्न सक्नु नै आजको अपरिहार्यता हो । चाहे जुनसुकै दर्जाको प्रहरी कर्मचारी किन नहोस उसले लगाएको बर्दीमा हर हमेशा तत्परता, जिम्मेवारी र इमान्दारिता देखिनु पर्दछ । हरेक घटनाको जानकारीलाई सम्वेदनशीलता पूर्वक लिने नेतृत्वले कार्यक्षेत्रमा कहिले असहज महसुस गर्नु पर्दैन । सामान्य घटना हो भनेर त्यसलाई महत्व नदिई प्रहरी समयमै घटनास्थलमा नपुगेको कारण मानिसको ज्यान सम्म गएका प्रशस्त उदाहरणहरू हामीले देख्न र सुन्न परेको छ । ढिलो गरी प्रहरी घटनास्थलमा पुग्दा एकातिर नेपाल प्रहरी तथा जिम्मेवार कमाण्डर माथि लाञ्छाना तथा आरोप लाग्न सक्ने त हुन्छ नै, अर्कोतिर सामान्य प्रहरीको उपस्थितिले

मात्र समाधान हुन सक्ने घटना मोडिएर व्यापक मात्रामा धनजनको क्षति हुन सक्ने अवस्थासम्म पुग्दछ । बढ्दो प्रचलनको रूपमा रहेको सामाजिक सञ्जाल रूपी धङधडीबाट आफूलाई जोगाउँदै समाजको तल्लो तह सम्मको नागरिकको पहुँचमा प्रहरीलाई फैलावट गर्नु नै आजको आवश्यक्ता हो ।

यहाँ चर्चा गर्न खोजिएको विषय हो प्रहरीले गर्ने धेरै थरि फिल्ड कार्य मध्ये पछिल्लो समयमा सामाजिक सञ्जाललाई महत्व दिई नागरिक स्तरमा चेतना फैलाउने उद्धेश्यले सञ्चालित सामाजिक सचेतना कार्यक्रमको । प्रहरीको माथिल्लो निकाय देखि चौकी स्तरसम्म यसले दैनिक कुनै न कुनै क्रियाकलापमा आफूलाई सहभागी गरेको हुन्छ । प्रहरीको नेतृत्व फेरिने बित्तिकै यस्ता कुनै न कुनै नवीनतम कार्यक्रमले नेपाल प्रहरीमा चर्चा पाएको हुन्छ र प्रहरीको इतिहासले पनि त्यही भन्छ । विभिन्न समयमा सञ्चालित प्रहरीका नवीनतम कार्यक्रमहरूले तथापि निरन्तरता भने पाउन सकेका छैनन् । समय सापेक्ष नयाँ गर्नु पर्छ भन्ने सौंच राख्दै गर्दा प्रहरी ऐन र नियमावलीको प्रावधानले हामीलाई कत्तिको सहयोग गरेको छ त्यो हेर्नु पर्ने हुन्छ ।

नेपाल प्रहरीले सम्पादन गरेका विभिन्न सामाजिक सचेतनाका क्रियाकलापहरू फेसबुक लगायत सामाजिक सञ्जालहरूमा छ्याप्छ्याप्ती देख्न पाइन्छ । कुनै कुनै जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीले प्रहरीहरूलाई समुदायमा परिचालन गरेर साइबर सचेतनाको कार्यक्रम सम्पन्न सामाजिक सञ्जालमा सम्प्रेषित गरेको कतिपय देख्न पाइन्छ । तर प्रहरीले साइबर अपराधको लक्षित वर्ग को हो ? प्रशिक्षण दिइएका वर्गहरूलाई मोबाइलको प्रयोग सम्बन्धी जानकारी छ/छैन ? सामाजिक सञ्जालको जानकारी छ /छैन ? साइबर जस्तो जटिल विषयमा प्रयुक्त दर्जाको प्रहरी कर्मचारीद्वारा प्रशिक्षण प्रदान गरिनु उपयुक्त हो/होइन ? यसबाट उपलब्धि भयो या भएन ? भनी संगठनले निश्चित र सीमित परिचालनको पहलकदमी लिनु पर्दछ ।

विश्व मानचित्रमा भइरहेको विज्ञानको तीव्रतर विकाससँगै नेपाली समाजले पनि नयाँ नयाँ चुनौती र समस्याहरूको सामना गर्नु परिरहेको छ । विज्ञानको सहि रूपमा प्रयोग गर्न नजान्दा विशेष गरी नयाँ पुस्तामा यसले प्रत्यक्ष असर पार्न थालेको छ । पारिवारिक अविभावकत्वको अभावको कारण पनि आफ्ना सन्तानहरू प्रति जिम्मेवारीका साथ पर्याप्त जिम्मेवारीबोध हुन नसक्दा हाम्रो नेपाली समाज सबै तर्फबाट असुरक्षित बन्दै गइरहेको आभाष हुन थालेको छ । विज्ञानको बढ्दो चुनौतीसँगै

विभिन्न खालका आपराधिक प्रकृतिका घटनाहरू र विकृति तथा विसंगतिले गर्दा समाज दिनानुदिन आक्रान्त बन्दै गएको छ । युवा युवतीहरूमा देखा परेका असिमित चाहना र पश्चिमा संस्कृतिको बढ्दो प्रभावले गर्दा पनि यस खालको वातावरण निर्माण हुने गरेको पाइन्छ र यी सबै विषयहरू प्रहरीको दैनिकीसँग जोडिएर आउने गरेका छन् ।

समाजमा बढ्दै गइरहेका कुरूती कुसंस्कार र रूढिवादी मान्यताहरूले गर्दा पनि कतिपय अवस्थामा विकृतिसँगै हिंसात्मक घटनाहरूमा समेत वृद्धि हुँदै गइरहेको छ । पछिल्लो समय खासगरी युवायुवती र समाजमा बसोबास गर्ने उमेर समूहका नागरिकहरूमा साइबर दुरूपयोग, लागु औषध, अनलाइन ठगि, जुवा तास र विविध प्रकारका दुर्व्यसनीहरूको समस्या देखिन थालेको छ। अभिभावकीय दायित्वबाट नेपाली समाज विमुख हुँदा पनि युवायुवतीहरूले विभिन्न खालका विकृतिहरूलाई अंगाल्न थालेका छन् । विद्यार्थी र युवायुवतीहरूको उचित र भरपर्दो संरक्षण नभएको अवस्थामा तिनीहरूले विकृतिलाई अगाल्न पुगी समाजिक संरचनालाई नै खल्बलाई दिन सक्छन्। यसको न्यूनीकरणको लागि विद्यालय स्तरमा पाठ्यक्रममा आधारित विषयवस्तुले मात्र पर्याप्तता दिन सक्दैन । स्थानीय तह लगायतका निकायहरूबाट विविध सचेतनामूलक कार्यक्रमहरू भइरहेका पनि छन् । तर यसको प्रभावकारिता देखिएको छैन । केवल कार्यक्रम गर्नै पर्ने भएको कारण गर्ने प्रवृत्ति स्थानीय स्तरमा देखिन्छ।

नेपाली समाज अहिले रित्तो बन्दै गइरहेको छ । पहाडमा बसोबास गर्ने मानिसहरू शहर झरेको र विदेश पलायन भएको कारण गाउँ लगभग रित्तिदै गइरहेको छ । गाउँमा कि त वृद्धवृद्धा छन् कि त १८ वर्ष मुनिका बालबालिका । तसर्थ यसलाई हृदयङ्गम गरी युवायुवती र वयस्क (अभिवावक) लक्षित २ वटा समूह निर्धारण गरी जिल्लामा रहेका प्रहरी एकाइहरूले विषय विशेषज्ञ (पूर्व प्रहरी कर्मचारी) को सहभागिता तथा सहयोगमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। यसले गर्दा विषयको प्रभावकारिता बढ्न जान्छ। युवायुवती तथा वयस्कलाई समाजमा प्रत्यक्ष असर पार्ने विषयहरूमा सरोकारवालाहरूसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन्छ।

समाजलाई अपराधरहित बनाउन कदापी सकिदैन । प्रहरीले गर्ने भनेको अपराधको दायरालाई घटाउने हो । दायरा र संख्या बढ्न नदिनु यसको सकारात्मकता हो । यदि कसैले कानून भन्दा बाहिर गएर कुनै कार्य गर्छ भने ऊ अवश्य पनि कानून बमोजिम सजायको भागिदार हुन्छ र हुनु पनि पर्दछ । नेपालको सन्दर्भमा कुरा

गर्ने हो भने राज्यले बनाएको कानूनको बारेमा बहुसङ्ख्यक जनता अनजान छन् । अनजान र अज्ञानी भएको कारण आपराधिक दायित्व बहन गर्न नपर्ने भन्ने पनि होइन । उसले गरेको आपराधिक कार्यको लागि सजायको भुक्तानी पश्चात धेरै मानिसहरूमा सुधार आएको पनि छ । तर यसले समाजलाई निर्देशित गर्न भने सक्दैन । कानून बमोजिम सजाय दिलाउने कार्यले मात्र समाजमा अपराधको संख्यामा कदापि कमी आउन सक्दैन ।

घटित अपराधको आधारमा अनुसन्धान गरी अपराध गर्ने व्यक्तिलाई कानूनी दायरामा ल्याई सजाय दिलाउदा मात्र पनि पीडितले पूर्ण रूपमा न्याय नपाएको अवस्था रहन्छ । कानूनी प्रक्रिया पूरा हुन लामो समय लाग्ने हुँदा पीडितले न्याय प्राप्त गर्ने सवालमा चित्त बुझ्ने अवस्था रहन्छ । तसर्थ यी सबै समस्याहरूबाट निराकरण गर्नको लागि समाजमा अपराध हुनै नदिने वातावरण निर्माण गर्नु प्रहरी, स्थानीय तह र नागरिक समाज सबैको दायित्व हुन आउछ । यसको लागि समस्याको पहिचान गरेर तत् अनुरूप समूह छनोट गरि विषय विज्ञको सहभागितामा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ । जसले गर्दा युवायुवती तथा वयस्कलाई विविध प्रकारका दुर्व्यसनी र अपराधबाट मुक्त राख्न सकियोस । ◆◆◆

**लघुकथा**

# उत्तरआधुनिकता



✍ **विनोद नेपाल**

उसलाई बडो प्रसन्न मुद्रामा देखेर मैले भनेँ, 'निकै खुसी छौ नि' उसले भन्यो, 'हो आज निकै खुसी महसुस भइरहेको छ । जीवनमै यस्तो खुसी कहिल्यै भएको थिइन ।' 'खुसी नै जीवनमा सबैभन्दा ठूलो प्राप्ति हो शायद, मानिस जेसुकै गरोस् आखिर उसको खोजी खुसी नै त हो । तिम्रो खुसीमा म पनि खुसी महसुस गरिरहेको छु' मैले भनेँ । र भनेँ -'तर यो खुसीको कारण म पनि त थाहा पाउँ !'

उसले भन्यो-'लामो कथा छ यार् कुनै बेला सुनाउँला' र भन्यो 'कम्ता मेहनत गरेँ यसको लागि, समय, मानसिक श्रम र पैसा समेत बेहिसाब खर्च भयो ।' 'भयो के वास्तवमा, भन न'-मैले पुनः जिज्ञासा राखेँ । 'बल्ल तनावबाट मुक्ति मिल्यो यार्' उसले भन्यो र भन्यो 'डिभोर्स सफल भयो यार्' ।

कथा

# नागपाश चक्र



✍ डा. प्रेमराज सिलवाल

अनन्त घिमिरे सरलाई त्यो हालतमा देखेर म झसङ्ग भएँ। मानिसको जीवनले कसरी कोल्टे फेरेको ? कहाँ आकाश ! कहाँ पाताल ! सत्य घटनामा आधारित एउटा जीवन्त फिल्म झलझली देखें मैंले । जिन्दगीको चक्र कस्तो हुने रहेछ आफूले प्रत्यक्ष अनुभव गर्न पुगें ।

जागिरको लागि बोलावट भएकोले म दरबारमार्ग पुगेको थिए । बाहिर 'रिसेप्सन'मा अन्य केही मानिस भेला भएर पालो कुरिबसेका थिए । टेलिफोनमा टर्रर-टर्रर घण्टी बज्दै थियो। फोन राख्यो । फेरि फोन बज्यो । राख्यो फेरि टर्रर बज्यो । 'लेडिज स्टाफ' हेलो -हेलो भन्दैमा व्यस्त थिइन । स्टाफहरू कोही कम्प्युटरमा व्यस्त । कोही हिसाबमा व्यस्त। मानौँ यो कुनै युरोपको सहरमा रहेको ठूलो व्यापारिक केन्द्रको कार्यालय हो ।

'मलाई कुमार थापा सरले पठाउनु भएको।' 'जागिरको लागि।' मैले अनुरोध गरे-'अनन्त सरलाई भेटाइदिनुहोस न।'

'सर व्यस्त हुनुहन्छ।' 'तपाईँ केही समय कुर्नुपर्ला।'

'तपाईँको नाम के हो ?'

'चिरन्जीवी।' मैले भने-'हिजो पर्यटन विभागका निर्देशक कुमार थापाज्यूसँग टेलिफोनमा कुरा भए अनुसार जागिरको लागि आएको हुँ।'

केही विदेशी समूह भन्दै थिए-'वी वान्ट टू गो पोखरा बाई स्पेशल चार्टर फ्लाइट्स ।' मैले धमिलो-धमिलो बुझें । यिनीहरूको समूह प्लेननै 'रिर्जर्व' गरी पोखरा घुम्न जान चाहेका रहेछन् ।

'एस प्लिज।'

'लेडिज स्टाफ'ले उनीहरूलाई भित्र लगिन।

भित्तामा सगरमाथाको ठूलो तस्बिर टाँगिएको थियो । पोखराको फेवाताल सहित अन्नपूर्ण हिमाल । लमजुङको घलेगाउँ । मुस्ताङको हिउँले ढाकिएको गाउँ। म सारा तस्बिरमा आँखा लगाउदै गएँ। आफू प्रत्यक्ष घुम्न नपाए पनि तस्बिरबाटै नेपाल घुमेको जस्तो अनुभूति भयो।

भित्रबाट मलाई बोलाइयो।

'ल आउनुहोस् ।'

म झसङ्ग भएँ । तस्बिरमा नेपाल हेर्दाहेर्दै सारा डुल्न पुगेछु ।

मैले भने-'हजुर हस् ।'

'नमस्कार ।'

'ए तपाईँ हो ?'

'हिजो कुमारजीले भनेको मान्छे ?' 'हजुर । मैँ हो । मेरो नाम चिरन्जीवी सिलवाल ।'

'घर कहाँ हो ?'

'हजुर नुवाकोट ।' 'अहिले सामाखुसीमा बस्छु ।'

'पहिले कतै काम गर्नुभएको छ ?' 'छैन् ।' मैले भने-'भर्खर एसइइ पास गरेर काठमाडौंमा पढ्दैछु ।' 'के पढ्दै हो ?' 'कमर्श ।'

'हाम्रोमा काम कडा हुन्छ ।' साँझ विहान हुन्न । झरी बादल हुन्न । विदा र चाडपर्व भन्ने हुन्न ......।' उहाँले भन्नुभयो-'तपाईँ यस्तोमा काम गर्न सक्नुहुन्छ ?' आफूलाई कामको खाँचो थियो । मैले भने-'हजुर हुन्छ ।' 'गर्छु ।' 'तपाईँलाई कति तलब चाहिन्छ त ?' म अक्क-न-बक्क जस्तै भएँ । बोली नै फुटेन । जिन्दगीमा कसैले पहिलो चोटी कति तलब खान्छस् भन्ने प्रश्न सोधेको थियो ।

अब परेन त फसाद ! कति भन्नु ? कम भन्दा आफूलाई खर्च नपुग्ला ? बढी भनौँ काम नपाईएला ? थोरै भनौं भने काम कडा हुन्छ भन्ने कुरा पहिल्यै भनिएकै छ । के बोलौं ? कसरी बोलौं भयो । जे त होला भन्दै मनमा साहस बोटुल्दै मैले भने-'हजुर महँगी छ ।' 'खर्च धान्न मुस्किल पर्ला ।' 'त्यस्तै मासिक चालीस-पैतालीस हजार त चाहिएला ।'

'ल हुन्छ ।' 'काम राम्रोसँग गर्नु ।' 'खाजाको व्यवस्था यहीँ छ ।' उहाँले भन्नुभयो- 'काठमाडौँ बाहिर गएमा दैनिक दुई हजार खर्च दिने गरिएको छ ।' 'विदेश गए प्रतिदिन दुई सय डलर छ ।' 'यातायात खर्च, खाजा, भत्ता लगायतका सुविधा अलग्गै पाउछौं ।'

मनमा कता-कता खुसी लागिरहेको थियो । कता-कता डर र आशङ्का पनि । के होला ? कसो होला ? काम गर्न सकिएला कि नसकिएला ? तैपनि साहस बटुलेर भने-'हुन्छ हजुर म गर्छु ।'

कोठाबाट सबेरै कलेज गयो । 'क्यान्टिन'मा चमेना खायो । उतैबाट अफिस गयो । यसरी आफ्नो दिनचर्चा सुरु गरियो । कहिले पोखरा । कहिले लुक्ला । कहिले विदेश । यस्तै चल्न थाल्यो जिन्दगी । काममा सिक्ने चाहना ।

जिम्मेवारी पूरा गर्ने सोच । केही गरौँ-गरौँ भन्ने भित्री जोश । म अगाडि बढ्दै गएँ । साहुको विश्वास बढ्दै

गयो । मैले पनि उत्कृष्ट काम गर्दै गएँ ।

काठमाडौंको दरबारमार्ग स्थित मोर्डन ट्राभल एजेन्सीका प्रबन्ध निर्देशक अनन्त घिमिरे । काठमाडौंको स्थायी बासिन्दा । नर्सरीदेखि बोर्डिङ पढेको । अंग्रेजीमा छुरा । विभिन्न एअरलाइन्सको बिक्री प्रबन्धक । करोडौं-करोडको 'ट्राभल-सर्भिस विजिनेश' । बुबाको नाममा अलग्गै मोर्डन सिमेन्ट फ्याक्ट्री । मोर्डन गार्मेन्ट आदि ।

होटेल सोल्टीमा पाटी थियो । मुलुकका नेता, व्यापारी, उद्योगी, राजदूत लगायतका मानिसहरूको जमघट थियो । चार दाजुभाइका कान्छा अनन्त । चार बुहारीका अलग-अलग चालक सहितको अलग्गै मोटर-कार । महिनै पिच्छे सपिङ थाइल्याण्डमा । फेमिली टुर सिङ्गापुरमा । घरमा दैनिक भोज र पाटी । कम्पनीमा सयौं कामदार र कर्मचारी । अडिटर, वकिल, इन्जिनियर, डाक्टर आदि उनीहरूको निजी । दरबारमार्गमा भव्य कार्यालय । रविभवनमा निवास । झम्सिखेलमा आमा बुबा बस्ने छुट्टै निजी निवास । अनन्त घिमिरेको व्यापारिक जादुको साम्राज्य दिनदिनै बढ्दै गईरहेको थियो ।

ट्राभल-टुरको सिलसिलामा भारतको नयाँ दिल्लीमा रहेको थिएँ । एम्बेसीमा भिषा लगाउनु पर्ने । टिकट कन्फर्म गर्नुपर्ने । यात्रुहरूको व्यवस्थापन गर्नुपर्ने । काठमाडौं र दिल्लीको सम्पर्क सूत्रको रूपमा बसेर काम गर्नुपर्ने । जिम्मेवारी फेरियो । बसाई फेरियो । दिल्लीको कनाडप्लेसमा सानो अफिस । उखरमाउलो गर्मी । लस्सी र गन्नेको रस पियो । पालिका बजार घुम्यो । चावरी बजार डुल्यो । चाँदनी चोकमा गयो । लालकिल्ला घुम्यो । कुतुरमिनार घुम्यो । पहाडगञ्जको पंजावीढावामा गएर मुर्गी र थाली (खाना) खायो । 'एककाम दुई पन्थ भने जस्तो' भयो मलाई । लामो समयको दिल्ली बसाई पछि मनमा लागिरहेको थियो- 'काठमाडौं पुगेपछि आफूले अलग्गै 'टिकेटिङको विजिनेश' खोल्ने ।

'आप खुद ट्राभल खोलो ।' 'आप और हम मिलकर नेपाल-भारतमे ट्राभल-टुर विजिनेश करेङ्गे ।' भाटिया ट्राभल्सका मेनेजर सतिस भाटियाले भने- 'दिल्लीका सबका सब टुरिष्ट हम आपके वहाँ भेजेङ्गे ।' उनको यस्तो भनाइले मेरो मनमा एउटा उत्साह र जोस भरिदियो । मोर्डन ट्राभल्समा काम गरेको पनि सात वर्ष पूरा भइसकेको थियो । म आफैंले अब केही विजिनेश गर्नुपर्छ । मेरो मनले भन्यो । 'सानो भए पनि आफ्नै केही विजिनेश खोल्नुपर्दछ ।' 'आफूले कुनै कम्पनी खोल्ने र अरुलाई पनि रोजगारी दिने हो ।'

मान्छेले जे सोच्यो त्यो सधैँ पूरा नहुने रहेछ। ट्राभल्स विजिनेश खोल्ने मन बनाएर दिल्लीबाट फर्केको मान्छेले काठमाडौँ फर्केपछि अर्कै 'विजिनेश' गर्न पुगेँ । ठिकै छ जे गरे पनि आफ्नै पौरखले केही न केही व्यापार-उद्योग र व्यवसाय गर्नु पर्दछ भन्ने मेरो भित्री मनले भनेकोले मैले त्यतिवेला व्यापार-व्यवसाय सुरु गरेको थिए।

व्यापार अपार नै हुने रहेछ । खोलेको दश वर्षमै मैले काठमाडौँमा घर, गाडी सब बन्दोबस्त गरिसकेको थिए।

शनिबारको दिन गाडि लिएर घुम्न निस्केको थिएँ । काठमाडौँको लाजिम्पाटको चोकमा पुरानो साथी रमेश बस्नेत भेट भयो । ऊ पनि पहिले मसँगै मोर्डन ट्राभल्स एजेन्सीमा एकाउण्टको काम गर्दथ्यो।

ऊसँगै अर्को व्यक्ति बसेको थियो। ख्याउटे। मैलो-न-मैलो। ह्वास्स मुखबाट ठर्रा गनाएको । हाप पाइन्ट लगाएको । अनि थोत्रो चप्पल । खुट्टामा पुरानो चप्पल।

'चिरन्जीवी तैँले उहाँलाई चिनिनस् ?' 'अँह।' मैले भने-'को हो ?' 'ल पहिले हामी काम गर्ने मोर्डन ट्राभल्स एजेन्सीको प्रबन्धक अनन्त घिमिरे !'

'म झसङ्ग भएँ ।' वर्षौं-वर्ष भइसकेको थियो। देख भेट नभएको। मैले नमस्कार गरेँ। 'अनि सर कसरी यस्तो ?' उनलाई मेरो नाम पनि याद रहेछ।

'चिरन्जीवी म त बर्बाद भए नि। मेरो सारा व्यापार-व्यवसाय डुब्यो। बैंकले अफिस र घर सबै लियो । सबै सम्पत्ति लिलाम भो। श्रीमती पोइल गई। आमा-बुबा बित्नु भयो । रक्सी र क्यासिनोको लतले म डुबेँ । अहिले ऊ त्यो टहराको छिँडीमा कोठा लिएर बसेको छु।'

'रमेशले बेला-बेलामा आएर भाडा तिरिदिन्छ।'

छाँगाबाट खसेझैँ भए म। केही बोल्न सकिन।

'केही पैसा छ भने खानेकुराहरू किनिदेउ न।'

मलाई कता-कता भित्रभित्रै पोल्यो। सपना हो कि जस्तै लाग्यो।

जिन्दगी भनेको नागपाशको चक्रिय खेल जस्तै रहेछ। खेलमा भऱ्याङ्ग पायो भने फटाफट माथि उक्लने । सर्पको मुखमा पऱ्यो भने फेरि ह्वात्तै तल झर्ने ! कुन बेला कसको अवस्था के हुन्छ कुनै ठेगान नहुने रहेछ।

अनन्त घिमिरे सरलाई कुन सर्पले निल्यो होला ? मैले भएभरको पैसा उहाँलाई दिएँ। आज पनि म झस्किरहेको छु । जिन्दगी खासमा नागपाशको चक्र पो रहेछ। निरन्तर फनफनी घुमिरहने ।

♦♦♦

निबन्ध

# प्रविधि प्रिय सन्तति



✍ डा. छायादत्त न्यौपाने 'बगर'

आजको विश्व प्रविधिमय छ । हामी पनि प्रविधिमैत्री व्यवहार प्रिय छौं । हामी आफै स्वचालित यन्त्रले खिचिएका तस्बिरले सामाजिक सञ्जाल भरेको हेरेर मख्ख छौं । जिउभरि दिनहुँ थरीथरी तस्बिर भरेर मनोरञ्जन दिने सञ्जालले प्रशस्त सूचनाहरू पनि दिन्छ । आज विज्ञान प्रविधिले मानव जीवन नियन्त्रण गरिरहेको छ । मान्छे आफैले आविष्कार गरेको प्रविधिको नियन्त्रणमा हुनु हुँदैन्थ्यो तर भइदिएको छ । मान्छेको नियन्त्रणमा रहनुपर्ने प्रविधिले मान्छे नियन्त्रण गरेर पृथ्वीसँगै जीवन खुम्च्याइदिएको छ र अझ बढी खुम्च्याउने दाउपेचमा छ । यो खुम्च्याइ फुकाएर मानवीय संवेदनाको सम्मान गर्नुपर्ने दायित्व भने मान्छेको आफ्नै साझा हो, पत्याउनै पर्छ हामीले ।

मान्छे अचेल किताबतिर भन्दा खल्तीफोन/मोबाइलतिर आकर्षित छ । यो आकर्षण दिनदिनै बढिरहेको छ । प्रविधिले हाम्रो मन-मस्तिष्कलाई मज्जाले आफूतिर तानेको छ । हो, संसार घुमिन्छ घरैबाट तर यो पाउने भन्दा गुमाउने अभ्यासले हामीलाई रित्तो पारेर अझै बढी आश्रित बनाउँदै छ ! हामीले आत्मनिर्भर भई जीवन गतिशील बनाउनु पर्ने हो तर पराधीनता बढ्दै छ । घर बाहिरका खेलमा कम निस्कने भएका छौं । फुटबल, भलिबल, क्रिकेट, दौड, कपर्दी, डण्डीबियो, छाइँछुत्तीजस्ता हाम्रै रैथाने खेल बिर्सेर चटक्क हराई इतिहास बन्ने त होइनन् ? चिन्ताको विषय बनेको छ । तपाईं साथीहरूको ध्यान हाम्रा यी मौलिक सम्पदातिर गएको छ कि छैन कुन्नि ! मेरो चिन्ताको विषय यसतर्फ जानुपर्ने ध्यान घट्दै गयो जिम्मेवार भइएन भन्ने हो ।

हो, हामी प्रविधिको सहायताले संसारका धेरै सूचना घर बसीबसी प्राप्त गर्छौं । यो प्राप्ति आवश्यक पनि छ । यो राम्रो अवसर हो, रमाइलो पनि लाग्छ तर हामीले आफ्नो समाज, परम्परा, भाषा साहित्य संस्कृति र व्यवहारका विषयको सान्निध्यका लागि भने पुस्तक नै उपयोगी हुन्छ, प्रिय लाग्छ हातले पुस्तक सुमसुम्याउँदाको स्वाद मोबाइल, इन्टरनेटका सूचनाले दिन सक्दैनन् । तिनमा रमाइलो त होला तर संवेदनाको अभाव

रहन्छ । मानवीय मर्यादाको कदर हुने गरी उत्तम स्पर्श किताबले दिन्छ, बेग्लै अनुभूति गराउँछ । विषय र प्रस्तुति दुवै दृष्टिले राम्रा किताब पढियो भने त्यसबाट मिल्ने विशेष ज्ञान र सिप प्रविधिले दिन सक्दैन बरू हामीलाई विचलित गराएर भ्रम सिर्जना गरी नराम्रो बानी बसाइदिन्छ मोबाइलले । सत्य कुरो यही हो कि मोबाइल हेर्ने लतले कुबाटोमा हिँड्न लगाउँछ ।

म सोरैआना ठिक छु भन्ने ढिपी गर्दिनँ तर मनन गरी हेरौं भन्ने सल्लाहमा जोड दिन्छु ! हामी सजिलै भन्न सक्छौँ मोबाइलको सहायताले प्राप्त हुने पाठ्यसामग्री र मनोरञ्जनका साधन बजारका तयारी खानेकुरा जस्तै हुन् । यी स्वास्थ्यका लागि हानिकारक हुन्छन् । ठिक यस विपरीत पुस्तकले दिने ज्ञानगुनका कुरा आमाले घरमा बनाएर दिएको स्वस्थकर खानेकुरा जस्तै हुन् । यी स्वादिला र निरोगी राख्ने लाभदायी परिकार मानिन्छन् ।

जीवन अनुभव, अनुभूति, चेतना र कल्पनाको संयुक्त मिश्रण हो । यो मिश्रणले दिने व्यावहारिक स्वाद विशेष हुन्छ । हामी कल्पनासँगै विश्वास गरौँ, पुस्तकका पाना पानामा नजर डुलाउँदा अक्षर, अङ्क, चित्रहरूमा कुन प्रभाव रहन्छ र यिनले दिने आनन्दानुभूति कति बेग्लै अनि विशिष्ट हुन्छ ? प्रविधिबाट जीवन निर्वाह हेतु आवश्यक ज्ञानगुन सिक्न सकिन्छ तर पुस्तकै छाडेर प्रविधिमै सीमित हुँदा घर छाडेर हिँडेका मान्छे जस्तै पुग्ने ठाउँ नभेटिएर अलपत्र भइन्छ । टुङ्गो हुँदैन कतिखेर कहाँ पुगिन्छ ! ल, एकपटक स्वप्रिय पाठ्यसामग्री पढेर परीक्षण गरौं । यसबाट हामी युवा मन मस्तिष्कमा के प्रभाव पर्छ र मन कति खुसी हुन सक्छ ?

हामीले पढ्नु पर्ने विषय धेरै छन् तर नपढी नहुने र यथाशीघ्र पढिहाल्नु पर्ने नेपाल हो । हामीले नेपाल पढ्नुपर्छ । नेपाली भूगोल प्रकृति, संस्कृति र इतिहास प्रति चासो बढाउनु छ । मौलिक सम्पदाको जतन र प्रचारप्रसार गर्ने हामी आफैले हो । किताबमा गाउँ पढ्दा भेटिने परिवेश, सहर पढ्दा देखिने रमझम, काँठे जीवनको प्रस्तुतिले चिनाउने नवीनतम भलाकुसारीको भिन्न रसानुभूति गर्न सक्नुपर्नेछ । यो जीवन्तता पुस्तकले पेस गर्छ । प्रविधिमा कृत्रिम रङ भरिएको हुन्छ । जीवन पढेर पाइने ज्ञानार्जनको सुखानुभूति छुट्टै हुन्छ । पुस्तक हो ज्ञानगुनको सङ्ग्रह । यसलाई मन लगाएर पढिहेरौं न ! यी उल्लिखित पठन प्रक्रिया र पढ्दै आएको विषयमा हामी आफैले के फरक पाउँछौं विचार गरौं न ल !

**प्रिय सन्तान** !

मिठो सम्झना, न्यानो हृदयको कुनाबाट सुख, खुसी र उत्साहको अनमोल कोसेली सबैलाई !

खै, के छ कुन्नि सन्च-सुविस्ता ? लामो समय बित्यो नि भलाकुसारीको साइत नजुरेको । तपाईंहरूले हेक्का राख्नुभाछ ? अँ, साँच्चि अचेल त तपाईंहरूले बा-आमा, हजुरबाआमालाई पनि प्रिय भनेर सम्बोधन गर्न थाल्नुभाछ भन्ने सुनियो नि! कसरी बिर्सिन सक्या त ? प्रियको सम्बोधन त आफूभन्दा साना वा समवायका साथीभाइका लागि प्रयोग गरिन्छ । बाआमा वा सोसरहका मान्यजनलाई त आदरणीय भन्ने परम्परा हाम्रो मौलिक हो नि । यसैलाई महत्व दिनु आवश्यक छ । यो हाम्रै सांस्कृतिक मूल्य बताउने चलन हो राम्रै छ, विशेष लाग्छ । तपाईंहरूको कहाँ हुनुहुन्छ ? के कस्तो छ बसाइँ तथा दैनन्दिनी ? जानकारीमा रहँदा सुखद हुन्छ नि कसो ?

खबर नपाएको धेरै भयो । बेलाबखत एकले अर्काको चासो लिऊँ भन्ने मेरो आग्रह ! केही आउने/जाने क्रममा देख्छु । धेरैले बिर्सेको अनुमान लाउन गाह्रो हुन्न । यसरी हेर्दा त काख छाडेर हिँडेका तपाईंहरूको छेकछन्द स्वदेश नफर्किने जस्तो देखिन्छ । वनको चरी वनैको ढुङ्गा, उतै रमाउन पाइयो भनेर आमा चटक्क बिर्सन मिल्छ र ? यस्तो त मैले परिकल्पनै नगरेकी नि !

हो, तपाईंहरू समयको प्रवाहमा भिन्न परिवेश खोज्दै पर पर धेरै पर पुग्नुभयो । पाखुरैले बाँच्नुभो । ज्ञान बटुलियो, सिप सिकियो । सन्तान पुरूषार्थी बनेको यथार्थले आमालाई गद्गद् बनाउने नै भो । फरक भूगोलको हावापानी पचाउन कठिन सङ्घर्ष गर्नुभो, प्रगतिका पाइला चले, देउराली टेके सुन्दा रमाइलो ला'छ । हेक्का छ नि ! म आमा हुँ ! सन्तान सुखले आनन्द अवश्य दिन्छ । खुसी छु नपोखी जतन गर्न चाहन्छु तर म आफै चोइटिएर जीर्ण भइरहनुपर्दा सन्तान सम्झनाले कोट्याउने रहेछ । साँझ बिहानको भान्छाघर तपाईंहरूको खोजी गर्छ । दिउँसोको घाम कराएर भन्छ "ए ! बुढी तिम्रा सन्तान खै कहाँ छन्, किन नफर्केका ? प्रश्नले घाइते आमाको मन अरू द्रवित बनाउँछ उनीहरू कोट्याउँछन् मलम लाउन नखोज्ने ? कस्तो विवेक दियौ, खै के संस्कार सिकायौ हँ आफ्ना सन्तानलाई ?" म अवाक् हुन्छु । यस्तैमा त हो न्यास्रो ढुकढुकीले गति बढाउने ।

म आमा हुँ, सन्तानप्रतिको विश्वास चटक्क चुँडालेर बस्न सक्तिनँ । म ढुक्क छु, आज यस्तै सही, भोलि सन्तानमा चेतना पस्छ, उत्साह थपिन्छ, जिम्मेवारीबोधले तान्छ र जन्मे हुर्केका पाखाले बोलाउला । तपाईंहरू कूटनैतिक साहस बोकेर आमाका चोइटिएका अङ्ग सुमसुम्याउन आउला । ममा आशा र भरोसा पनि छ कि मेरो कोख रोगी थिएन, दोषी पनि छैन र हुनेछैन । मसँग हिउँ ओढेर पहाड टेक्दै खुट्टा सेक्न तराई

ओर्लने गरेको अनुभव छ। स्वच्छ हावापानी र स्वस्थ हृदयमा खेलाएर हातखुट्टा लगाइदिएकीले तपाईंहरू देश/विदेश पुग्न सक्नुभएको हो । अँ, तपाईंहरू आज त भौतिक सुख आर्जन गर्न सकेर खुसी हुनुभो तर भोलि तपाईंहरूका सन्तानले "हाम्री हजुरआमा खोइ ?" प्रश्न गरे भने उत्तर के दिने होला ? यो कुनाबाट विचार गरिएको छ कि छैन ? म त आमा हुँ आमा ! चाहन्छु तपाईंहरू आज मात्र होइन, भोलि पनि सुखी रहनुपर्छ। केही गरी स्वाभिमानले झुक्नुपर्ने अवस्था आउनुहुँदैन। अँ, थाहा छ नि ! समयमै चेत खुल्नु राम्रो हुन्छ, ओछ्यान भिजेपछि दैलो देख्नुको अर्थ रहन्न । यो पुर्ख्यौली अनुभव हो ।

तपाईँहरू छरिएर पर पुगेको आफ्नो आवश्यकताले हो। आमा छाड्ने उद्देश्य थिएन र मात्र रहरले तानेको पनि होइन ! यसलाई मानव विकासको गति र सभ्यताको ज्योति मान्न सकिएला। तपाईंहरूसँग सामर्थ्य बढ्यो, राम्रो भयो तर म त्रासमा बाँचिरहेकी छु। यहाँ मेरो स्वाधीनता नच्याती सुरक्षित राख्लान् भनेर जिम्मेवार तहमा पदासनी गराउने काम तपाईंहरू समेतले गर्नुभयो तर जो-जो जिम्मेवार तहमा पुगे पदासीन भए तिनीहरूबाट मेरो जतन हुने देखिएन। उनीहरू पद-पैसाका लोभी भए, बर्ता लोभी, दुर्गन्धित हुने गरी लोभ गरे। जताबाट हेरे पनि नसुहाउने ! चाहिने जति कूटनैतिक बन्न पनि सकेनन् । उनीहरूको अकर्मण्यता मेरो शरीर थिलथिल्याउने अवसर पो भइदियो वैरीलाई ! यो बिडम्बनाले मलाई पिटिरहन्छ । म घाइते हुन्छु मेरो स्वस्थ रहने हकअधिकार कुच्चिन्छ।

हो, तपाँहरू भन्नुहोला,"हामी आमाको काख रित्याएर हिँडेको कहाँ हौं र ?" यो भनाइ ठिकै हुन सक्छ, झट्ट हेर्दा काखभरि नै छ यहाँ अझै पनि । यो सत्य हो तर तपाईंहरूले पनि थाहा पाएकै विषय म बिरामी परेको यथार्थ। मलाई वरिपरिबाट च्यात्ने भए, छेक्ने भएनन् क्या ! ध्यान दिनुपर्ने देखियो नत्र मलाई चोक्ट्याउने प्रयत्न भइरहेको छ। यस्तो बेथितिमा पनि यी पदेहरू दले बनेर निदाए, बिउँझेनन् । मेरो शरीरमा उम्रेका बिरूवाको सही उपयोग भएकै छैन। मेरा नसाहरू व्यर्थ बगिरहेछन् । शिरदेखि छाती, पिठ, अगल-बगलका अङ्गहरू उजाड बन्दै छन् । म वनमाराको आक्रमणले विद्रुप बन्दैछु । यो कथनलाई गुनासो नसम्झनू ! सत्य हो पत्याउनू। मैले यथार्थ जानकारी गराएकी हुँ। पछि आमा दुःखी भएको हामीले पत्तै पाएनौं नभन्नू । "बेलामा सूचना पाएको भए केही गर्ने थियौं।" हो, तपाईंहरू मेरो पीडित परिचयबाट वञ्चित हुनुहुँदैन भन्ने आशय मात्र मेरो। कर्तव्य कति निर्वाह गर्ने ? तपाईंहरूको कुरा।

कुरा धेरै छन् हतपत नसकिने धेरै । यति भनिसकें, तपाईंहरू बुढीले गनगन गरी भन्ने नठान्नू । मेरो आग्रह तपाईंहरूका सन्तान मौलिक परिचयबाट

टाढा नहोऊन् । भोलि जरा खोज्दा अन्योलको पिङमा मच्चिन नपरोस् । मेरो भनाइ यतातिर लक्षित छ । तपाईंहरूको मन मेरो भनाइले छोइएको छ भने म तिर्खाएकी छु । फेरि तपाईंहरू भन्नुहोला जिउभरि नदी बगेर गइरा'छन् बुढीलाई के तिर्खा लाग्या ! के भन्छिन् के ? तपाईंहरूको भनाइमा सत्यता होला तर म मेरै नसाको सिंचनले तृप्त हुँदिनँ । मलाई त तपाईंहरूका हातखुट्टा चल्दा निस्कने पसिनाको सिंचन चाहिन्छ । म मेरै हातबाँहहरूसँग तपाईंहरू खेल्दै उकाली-ओराली गरेको हेरेर रमाउन चाहन्छु । म तृप्त हुने सन्तानको उपस्थितिमा हो तर लाग्छ तपाईंहरूले देख्नुभयो पर परसम्म । तपाईंहरूको श्रम त्यहीं मगमगाएहोला । के त्यही पसिनाले मेरो तिर्खा मेटाउँदा मगमगाउँदैन ? मलाई पूरा विश्वास छ । मेरो उर्वर क्षमता सन्तान पाल्न नसक्ने कमजोर छैन । खाँचो छ विश्वासले हातगोडा चलाउने सन्तानको । मेरो तीव्र चाह हो उत्पादन भरिएर फाँटहरू लहलहाएको दृश्य आँखाभरि सजाउने ।

हो, यी पदमा पुगेकाहरू बुढो बयलझैँ भकारो बसिरहने ! काम गर्न साम गर खाने बेलाँ आँ गर गरेकाले क्षमतावान् युवाहरू उछारबाटो नपाई बाध्यताले परदेसिएको तथ्याङ्क खातापातमा देखिन्छ । त्यो दृश्यले हृत्तल घोचिरहन्छ । म भन्छु सौतेलो बाको रिसले आमाको घुँडा थिच्नुभएन । त्यसलाई उछिनेर अघि हिँड्नुपर्ने छ । यी पद-पैसालाई सर्वस्व ठान्नेहरूको बुद्धिमा लागेको बिर्को झिकेर बिर्कोभित्रको गोब्रेकिरा मिल्काई विवेक रोप्नुछ । यो उपचारका लागि पनि युवा जाँगर नै अघि सर्नु जरूरी छ, तपाईंहरूको चेत खुलेर आँटिलो कर्म गरिनुपर्नेछ ।

मलाई हेक्का छ, म बुझ्छु मेरो अस्तित्व उठाउनका लागि वैज्ञानिक योजना र दूरदर्शी नीति-निर्देश चाहिन्छ । समान अवसर उपयोग गरेर सन्तान सबै सँगै रमाउन मिल्ने नीतिनिर्देश र त्यसको कार्यान्वयन आवश्यक छ । समूह विशेषमा खुम्चिने होइन समग्र जीवन अटाउने भान्छा र सामल केलाउने आँगन बनाऔं । पदमा बस्नेले नीति नियमका घोचा गाडेर बाटो नछेकून् । उनीहरूको काम राम्ररी नक्सा कोरी सहज हिँडेर दूरदराजसम्म उज्यालो पुग्ने परिवेश तयार गर्नु हो त्यही गरून् । म चाहन्छु मेरो आग्रह सबैबाट सुनियोस् । बुढीको गनगन भनेर खाली सिसि पुराना कागजभित्र थन्क्याउने दुस्साहस कहीँ कतैबाट नहोस् । जुन मलाई स्वस्थ रहन र तपाईं सन्ततिलाई शिर उचालेर बाँच्न सिकाउने आदर्श हो । आज त्यसको सकुशल उद्धार अनिवार्य भएको छ । म धैर्यपूर्वक प्रतीक्षा गरिरहेछु कि निकट भविष्यमै विवेक बोकेर नैतिक मूल्यमा अडिएका इमानदार सन्तानको न्यानो स्पर्शले सुखानुभूति गराई आनन्द दिनेछ ।♦

# कृषिमा आधुनिकता आजको आवश्यकता



✍ **सुदर्शन अधिकारी**

नेपालको पहिचान कृषि प्रधान पनि एक हो । विगतमा ८० प्रतिशत नागरिक कृषिमा संलग्न रहेकोमा आज यो प्रतिशत घटेर ६० प्रतिशतमा सिमित भएको छ। केन्द्रीय तथ्याङ्क विभागको पछिल्लो विवरण अनुसार उक्त अवस्थाको चित्रण गरिएको देखिन्छ । कृषि हाम्रो जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको महत्वको क्षेत्र हो । तसर्थ यसको विकासमा राज्य व्यवसायी र अन्य सरोकारवालाहरूको ध्यान केन्द्रित हुनु आवश्यक भएको छ । हामी अझै पनि परम्परागत रूपमा खेती गरिरहेका छौं । जसका कारण लगानी धेरै तर उत्पादन भने कम भएको वास्तविकता सबैका सामु रहेको छ । यस अवस्थाबाट माथि उठेर व्यावसायिक र वैज्ञानिक खेती प्रणालीको अवलम्बन गर्नु आजको आवश्यकता हो ।

कृषिमा आबद्ध किसानको प्रतिशत क्रमिक रूपमा घटे पनि विकासको मेरूदण्डको रूपमा यस क्षेत्र आज पनि उत्तिकै महत्व रहेको छ। किनभने हामीलाई आवश्यक पर्ने हरेक खाद्यान्न यसै क्षेत्रबाट प्राप्त हुन्छ । हाम्रो खेती प्रणाली गुजारा प्रकारको वा निर्वाहमुखी रहेको छ । यही कारण पनि व्यावसायिक बनाउन विशेष पहलको जरूरत रहेको देखिन्छ । कृषि क्षेत्र किन पनि उच्च महत्वको रहेको छ भने यसबाट विभिन्न उद्योग सञ्चालन गर्न सकिन्छ। कृषिमा आधारित उद्योगको विकासले समग्रमा नेपालको आर्थिक विकास मात्र नभएर रोजगारी समेत सिर्जना हुन्छ। उद्योग व्यापार कृषि यी तीन बिचको सम्बन्ध एउटै ओदानको तीनवटा खुट्टा जस्तै रहेको हुन्छ।

कृषिबाट हामीले दैनिक उपभोग गर्ने खाद्यान्न आपूर्ति हुन्छ भने यसबाट राष्ट्रिय आयमा समेत टेवा पुग्छ। कृषिबाट भएको उत्पादनले आयमा प्रभाव पारेको हुन्छ । राष्ट्रिय आयमा वृद्धि गर्न कृषि क्षेत्रको भूमिका उल्लेख्य मात्रामा रहेको छ । पछिल्लो तथ्याङ्कले कुल ग्राहस्थ उत्पादनको २३ विन्दु ९५ प्रतिशत हिस्सा ओगटेको छ जुन सन् २०२१/२२ को माइक्रो इकोनमिक फाइनान्सियल रिपोर्टमा उल्लेख गरिएको छ । यसरी नै

कृषिबाट उत्पादित सामाग्रीले सञ्चालनमा ल्याउन सकिने उद्योगको विकासमा पनि सहयोग पुग्छ । त्यसैले भनिन्छ कि कृषिको विकास भयो भने उद्योगको पनि विकास हुन्छ । एउटा दृष्टान्तको उल्लेख गरौँ । चिनी उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ भनेको उखु हो । उखु किसानले उत्पादन गरेर चिनी मिलमा त्यो पनि उधारोमा बेच्ने गर्छन् । तर बेचेको एक वर्ष बित्दा पनि सो रकम प्राप्त गर्न सक्दैनन् । यस्तो अवस्थामा किसान कसरी कृषिमा आकर्षित हुन सक्छन् ? भन्ने प्रश्न पनि आउँछ ।

कृषिबाट विदेशी मुद्राको आर्जन गर्न पनि उपयोगी हुन्छ । कृषि उपजबाट स्वदेशमा आवश्यक पर्ने उपभोग गरेर बढी भएको विदेशमा निर्यात गरी विदेशी मुद्राको आर्जन समेत गर्न सकिन्छ । रोजगारी सिर्जना गर्न पनि कृषि क्षेत्रमा ज्यादै सहजता रहन्छ । यसले आज रोजगारी नपाएका युवा जमातलाई रोजगारी सिर्जना गरी स्वदेशमा नै रहेर आय आर्जन तथा जीविकोपार्जन गर्न ठूलो सहयोग गर्छ । स्वदेशमा काम नपाएर विदेश जाने जनशक्तिलाई रोक्ने उपाय मध्ये एउटा कृषिलाई व्यावसायिक बनाउनु पनि हो । यदि युवा जनशक्तिको विदेशिने क्रमलाई घटाउने हो भने कृषि पेशालाई आकर्षक र मर्यादित बनाउन सक्नुपर्छ । आज पनि हामीमा के हेयको भावना रहेको छ भने कृषि कार्य गर्ने भनेको विपन्न वर्गका मानिस र निम्न मध्यम वर्गकाले गर्छन् । जुन सरासर गलत सोँच हो ।

किसानको कामले हामीले दैनिक उपभोग गर्ने तरकारी खाद्यान्न फलफूल लगायतका उपभोग्य वस्तु प्राप्त गर्न सक्छौँ । यसले हाम्रो शरीरिक र मानसिक स्वास्थ्य सहज बनाउन पनि उत्तिकै ठूलो भूमिका खेलेको हुन्छ । यसै गरी कृषि अर्थतन्त्रको मेरूदण्ड पनि रहेको छ । किनभने यस क्षेत्र भित्र प्रत्यक्ष र परोक्ष रूपमा आय आर्जन, उत्पादनको बिक्री वितरण, ढुवानी, भण्डारण, आयात, निर्यात जस्ता क्रियाकलापबाट अर्थतन्त्रलाई टेवा पुग्दै आएको छ । यो ज्यादै सकारात्मक र सुखद पक्ष पनि हो ।

आज पनि हाम्रो कृषि क्षेत्रमा काम गर्ने तौर तरिका बाजेको पालाको जस्तै रहेको छ । त्यसबाट हामी बाहिर आउन सकिरहेका छैनौ । आधुनिक उपकरणको प्रयोग गर्ने, उन्नत जातको बिउबिजन प्रयोग गर्ने प्राविधिकहरूको सल्लाह लिने जस्ता काम हामी गर्दैनौँ । अझै पनि हामी मान्द्रो भकारी, कुटो कोदालो, हलो जुवा आदिमा नै रूमलिएर बसेका छौँ । तराइ र पहाडका केही स्थानमा बाहेक अन्य स्थानमा आधुनिक उपकरणको प्रयोग भएको देखिदैँन । जसका कारण कृषि उत्पादन कम मात्र भएको छैन यसले अनावश्यक

र झन्झटिँलो काम भएको छ । दिनभर एक हल गोरूले जोत्ने मेलो ट्र्याक्टरबाट जोत्ने हो भने एक घण्टामा सकिन्छ। यसले समयको बचत हुन्छ भने लागत समेत कम पर्छ । साथै गोरूको लागि आवश्यक स्याहार, दाना, पानी, घाँस गोठ, हलो, जुवा, लगायतका सामग्रीका लागि गरिने खर्चमा पनि कमी आउँछ।

व्यावसायिक कृषिका लागि नभई नहुने सुविधा भनेको सिँचाइ हो । जसको अभावमा खेतीपातीको कल्पना समेत गर्न सकिदैंन । नेपालको सन्दर्भमा जम्मा खेतीयोग्य जमिनको २५ प्रतिशत जमिनमा मात्र सिँचाइको सुविधा पुगेको छ । कुल खेती योग्य जमिनको पचहत्तर प्रतिशत जमिनमा खेती गर्न आकाशे पानीको भर पर्नु पर्ने अवस्था रहेको छ। त्यसैले मनसुनी वर्षा वरदान सावित हुने गरेको छ। खासगरी कृषि व्यवसायका लागि मनसुन सकारात्मक भएमा देशको कृषि उत्पादनमा वृद्धि हुने गरेको कारण पनि यहि नै हो। व्यावसायिक कृषिको विकासका लागि सरकार किसान अनि सम्बन्धित सबैले विशेष ध्यान दिनु जरूरी रहेको छ। सिँचाइ सुविधा उपलब्ध गराउन नहर कुलो बाँध आदिको प्रभावकारी व्यवस्था गर्न सक्नुपर्छ । यसका लागि पनि राज्यका तालुकदार कृषि मन्त्रालय अन्तर्गतका कृषि विभाग, जिल्ला सिँचाइ कार्यालय आदिले सहज रूपमा सिँचाइको व्यवस्था गर्न सकिने प्रभावकारी काम गर्न जरूरी रहेको छ।

कृषिमा व्यवसायिककरण गर्नका लागि पुँजीको पनि उत्तिकै महत्व रहेको हुन्छ। पुँजी वा कृषिका लागि गरिने खर्चको अभावमा व्यावसायिक रूपमा काम गर्न सकिदैंन । मलखाद खरिद गर्न, श्रमिकलाई ज्याला खाजा दिन, बालीको बिमा गर्न जस्ता कामका लागि पुँजीको खाँचो रहन्छ। नेपालमा गरिबी पनि कृषिमा व्यावसायिक हुन नसक्नुको अर्को कारण बनेको देखिन्छ। किनभने कृषिमा काम गर्दा तत्काल ज्याला नपाउने समस्या रहेको छ। अन्य क्षेत्रमा काम गर्दा तत्कालै वा दैनिक रूपमा ज्याला पाउने भएकोले कृषिमा काम गर्न रूचाउदैनन् । गरिबी भएर पनि यस काममा आकर्षण छैन । कृषि क्षेत्रमा श्रमिकको अभाव भएर पनि व्यावसायिक र आधुनिक बनाउन सकिएको छैन ।

बाली विविधिकरण पनि कृषिमा व्यावसायिकता ल्याउने महत्वको सवाल बनेको छ। हामी बाली मात्र पुरानै तरिकाले लगाउने गर्दैनौ कि जुन बाली पहिले देखि नै लगाउँदै आएका छौं। त्यही मात्र लगाउनु पर्छ भन्ने सौंचबाट गुज्रिएका छौं। धान मकै गहुँ जस्ता खाद्य बाली मात्र बाली हो भन्ने मानसिकताबाट ग्रसित छौं। अन्य बेमौसमी तरकारी फलफूलबाट पनि प्रशस्त आम्दानी गर्न सकिन्छ । तसर्थ बाली विविधिकरण

गरी कृषिमा व्यावसायिकता ल्याउन सकिन्छ । यसको पनि महिमा बुझेर अगाडि बढ्नुपर्छ । कृषकलाई आवश्यक पर्ने ऋणको व्यवस्था पनि सहज बनाउन सक्नुपर्छ । कृषि ऋण लिन अनेकौ झन्झटको सामना गर्नुपर्ने आजको जुन यथार्थता छ त्यसको पनि अन्त्य गरिनुपर्छ । सहज रूपमा ऋण पाउन नसकेर हारथाक भएर कृषि पेशाबाटै पर भएका उदाहरण पनि भेटिन्छन् ।

कृषिमा पछिल्लो समय नवीन तरिका र सामूहिक खेती गर्नमा युवा वर्ग सहभागी हुन थालेका छन् । यो सुखद् पक्ष पनि हो । उनीहरू सफल भएका पनि छन् । खासगरी विदेश गएर विभिन्न सिप सिकेर वा खेतीपातीमा नै काम गरेर आएका छन् । त्यसबाट स्वदेशमा नै श्रम गरी आय आर्जन गर्दै सहज रूपले जीवनयापन गर्न थालेका छन् । नेपालको तराई प्रदेश कृषिका लागि ज्यादै उर्भर भूमिको रूपमा परिचित रहेको छ । त्यसैले यस प्रदेशलाई नेपालको अन्न भण्डार समेत भनिन्छ । समग्रमा भन्ने हो भने कृषि क्षेत्रमा रहेका अनेकौं समस्याको समाधान गर्ने तर्फ राज्यले जिम्मेवार रूपमा प्रस्तुत हुन सक्नुपर्छ । कृषि मैत्री नीतिको निर्माणमा ध्यान दिन आवश्यक देखिन्छ । जसका कारण सबैले आहा कस्तो सरल र सहजै काम गर्न सकिने रहेछ यस क्षेत्रमा भन्ने वातावरणको सिर्जना गर्न अब विलम्ब गर्नु हुँदैन । तब मात्र आम युवामा कृषिमा आकर्षण बढाउन सकिन्छ । ◆◆◆

कविता

## भानुको सम्झनामा



✍ **रन्जना पराजुली लम्साल**

भानु जन्मेर हुर्की, खेलेको जुन त्यो ठाउँ,
अति रमणीय छ सानो सुन्दर त्यो रम्घा गाउँ ।
बुबा धनञ्जय आमा थिइन् धर्मवती,
जसले गर्दा नै टेकेथे उनले यो धर्ती ।

बाजे श्रीकृष्ण जसबाट शिक्षा लिए ,
प्रेरणा चाहिँ कृतिको घाँसीले उनलाई दिए ।
बाजेसँगै हिँडेर जताततै ज्योति छरे,
कवितामै बोली नाची गाएर प्रश्नोत्तर गरे ।

नेपाली भाषा उनैले एकताको सुत्रमा उने,
आदिकवि उपाधिको मोतिरामले उनलाई चुने ।
घाँसीको उपदेश लिएर बनेका आदिकवि,
बिगार्न खोज्छन् अहिले उनैको नै त्यो छवि ।

भानु तिम्रो पाला जस्तो समय छैन अहिले,
कसैले कसैलाई चिन्ने फेरि दिन आउला र कहिले ।
भत्काए तिम्रो अस्थी आज ए कविका मालिक,
साहित्य मालाले फेरि जोड्छौ तिम्रो तोडिएको शालिक ।

यात्रानिबन्ध

# यात्रा र भावना



✍ डा.गितु गैरे

अक्सर सार्वजनिक बसकै कुरा निकालिरहन्छे जस्तो लाग्ला भनेर महेन्द्र राजमार्गको एक कुनो ओगटेर एकाबिहानै दुई घण्टा कुरेको कुरा म यहाँ उल्लेख गर्न चाहन्नँ । अस्तव्यस्त निर्माणाधीन सडकको धुलोका कणहरूलाई NK ९५ माक्सले पनि छेक्न सकेन र त होला अहिले एकाबिहानै लहरेखोकी लागेर कुनै वृद्धाले जस्तै खोकिरहन परेको छ । उफ ! निर्निमेष चलेको खोकीले घाँटीका तन्तु पनि खल्बलिइसक्यो !

निकैबेरमा एउटा गाडी हुईकिँदै आयो । "सुन्दर सुदूरपश्चिम यातायात" लेखेको गाडी सायद रिक्त सिट नभएर हुन सक्छ, गाडीले ब्रेक लगाउने कुनै कष्ट खेपेन अनि आफ्नै रफ्तारमा अघि बढ्यो । तर अब मेरो ठाउँसम्म बस आइपुग्ने समय भएको जनाउ घण्टी दिएकोले मेरो मस्तिष्क रमाइसकेको थियो । अब धेरै बेर कुर्नु नपर्ला । किनकि मलाई पर्खाई निकै पट्यारलाग्दो लाग्छ । नभन्दै अर्को महाकाली यातायातले मलाई गन्तव्यसम्म पुऱ्याउन तयार भयो । बाहिरबाट हेर्दा बस आकर्षक देखिए पनि भित्र भने पुरानै ढर्रा जीवित थियो । तैपनि लामो प्रतिक्षापछि भेटेकोले खुसी नै भए ।

शनैःशनैः गाडीले आफ्नो गति समायो । मान्छे केही मस्त निद्रामा थिए त कोही भने भर्खर ब्युँझिएर आङ तान्दै थिए । निदाउन पनि कहाँ सहज छ र ? उही वर्षमा तीन सय पैँसट्ठी दिन मर्मत भइरहने बाटो ।

घच्याक्क घुचुक्क ............ हुँदै हुँदै नारायणगढ, मुग्लिन, मनकामना हुँदै मझिमटार पुगेपछि गाडीको ब्रेक लाग्यो । म हुत्त अगाडि हुत्तिन पो पुगेछु ।

गाडीको ब्रेकलाई दुई बजेसम्म चलाउन नपर्ने भयो । हातको घडीमा यसो नजर पुऱ्याएको भर्खर साढे एघार भएको थियो । अहो ! अब अबेर गरी पुगिने भयो । सबेरै बाटो तताएको केही काम लागेन । मैले दुःख मनाउ गरेर जाम खुल्ने थिएन । बाटोको मर्मतसम्भार जो हुँदै थियो ।

खैर ! मलाई समय कटाउनु मात्रै थिएन । पढ्छु नी त भनेर झोलामा रहेको किताब निकाले । किताबबिना मेरो यात्रा

प्राय असम्भव नै हुने गर्दछ । नबोले पनि नचिने पनि बसभरिका मान्छे यात्राका साथी जस्तो हुन्छन् । सिंगो समाज त्यहाँ भेटिन्छ र त नपढे पनि बोक्छु । तारिणी प्रसाद कोईरालाको "फालिएको सामान" रहेछ । दुई तीन पटक पढिसकेको हुनाले फेरि त्यो पात्रको मानसिक द्वन्द्वभित्र पस्न मन लागेन र लागे आफैसँग संवाद गर्न ।

अहो ! यो कस्तो व्यस्तता होला ? आफैसँग आफैले गफ गर्न पनि यस्तो जाम कुर्नुपर्ने । हामी मान्छे कति बिग्रिसकेका ? आफूलाई फुर्सदमा राख्नै छोडिसकेछौ । भविष्यका योजनाहरू मस्तिष्कमा गुज्जयामान हुन थाले । सपनाहरू एक आपसमा सलबलाउन थाले । सुरू गरेर भोलिभोलि भन्दा भन्दै थाती राखेका कामहरूले गिज्जाए जस्तो लाग्यो । गिज्जाई कसलाई मन पर्छ र ? भाग्न खोजे आफैसँग र निस्किए तातो चियाको चुस्की लगाउन ।

बुढी आमैले सानो कपमा १ कप चिया थमाइन् । तीस रुपियाँ मैले उनको हातमा थमाईदिएँ । जामले यात्रुको चहलपहल बढ्यो । चिया, मकै, सुन्तलाको व्यापार बढ्यो । स्थानीयले मनमनै खुसीको सास फेरे । हामी यात्रुले भने असहजताको लामो स्वास तानेर फाल्यौ ।

जब नजिकै कसैले "जाम खोलातिर" भनेको आवाज मेरो कानमा पर्यो । म आफूलाई रोक्न सकिन । कसरी सक्थे म मेरो प्यारो नदीलाई साक्षात्कार नगरी फर्कन ? अनवरत बगिरहने नदीले त हो "लागिरहनु" आफ्नो कर्म नछोड्नु भनेर सिकाएको । उसैलाई नभेटी कसरी फर्किन सक्थे र ?

तर जाम निश्चित समयपूर्व नै खुल्यो भने ? म छुटे भने ? मेरो झोला हरायो भने ? मेरो झोलासँगको याद पनि त छुट्छ ? मैले त के के सोच्न थाले अनि पाइला अगाडि बढाउन सकिन । नदीले बोलाईरहेको पनि छ, नदीछेउ पुग्न मन पनि छ तर आफूमा त्यो आँट कहाँ ! मेरो आत्म विश्वास कता निदाउन पुगेको होला ! एक्लो पदयात्रा गरिसकेकी मान्छे म पाँचै मिनेटमा पुगिने ठाउँ पुग्न साथी खोजिरहेथे । विगतका केही समय कताकता हराईरहेको जस्तो अनुभूति गरेकी थिए । कहिले काममा अल्झिएजस्तो, सपनाको संसारमा रुमल्लिए जस्तो । योजना बनाउदै, छोड्दै । यसकारण पनि मेरो आत्मविश्वास हढबढाएको थियो की ? आफैले आफैलाई सात्वना दिए । हैन आट गर अनि हिँड् । कहिलकाहीँ एक्लै हिँड्दा लडिन्छ की जस्तो त हुन्छ तर सकिन्छ । एक्लो हुनु भनेको कैयन् लडाइँ जित्नु हो । एक्लो हुनु भनेको एक्लै हुनु होईन, आफैँसँग हराउनु पनि हो ।

लामो स्वास तानेर शरीरैभरि आत्मविश्वास भरिदिए । एकदुई जना स्थानीयलाई सोधे “समय अगावै खुल्छ र”? दुई नबजी खुल्दैन भन्ने जवाफ पाए । गाडी नम्बर याद गरे अनि सरासर नदीछेउ पुगे ।

कन्चन बगिरहेको निर्मल पानी । धार्मिक र सांस्कृतिक परिचय नबोकेको ठाउँ भएर हुन सक्छ पानी निकै स्वच्छ देखिन्थ्यो किनकि भगवानको नाउ पारेर मान्छेले प्रकृतिलाई दुषित तुल्याइरहेको कटुसत्य कहाँ नजरअन्दाज गर्न सकिन्छ र ? म नदीलाई एकटक निहालिरहे केहीबेर । साच्चै नदीको आफ्नै एउटा लय छ, अनवरत बगिरहन्छ आफ्नै गतिमा । कहिले उर्लिन्छ, कहिले कलकल । कतै छालसहित,कतै शान्त । यही फरक पनमा त सुन्दरता छ । त्यसैगरी सुन्दर छ मान्छेको जीवन पनि । आरोह र अवरोह सहित । अप्ठ्यारो र चुनौतीसहित । चिसोपानीमा मैले पैताला भिजाए । पानीको चिसो स्पर्शले म तरगित भए । ध्यान र साधनामा बसेको भन्दा कम थिएन त्यसको स्पर्श । त्रिशुलीले चिस्याएको बतास अनि सुसाएको स्वरलाई मोबाइलको क्यामेरामा कैद गरे र पुनः म बसमा फर्किए र मान्छेका अनुहार पढ्न थाले । झट्ट हेर्दा सबैको गन्तव्य एउटै देखिन्छ तर हामी सबैको बाटो अलग अलग छ ।

मेरो सीटको ठ्याक्कै पछाडि एउटा सानो परिवार थियो । बच्चा सायद चार पाँच वर्षको थियो होला । उसले बजारमा चलेका म त ढले ढले देखि बल्ल बुझे चाल तेरो सम्म सबै गीत गाएर सुनायो । बाआमा रमाउदै मोबाइलको क्यामरामा कैद गरे । ‘हेलो गाईज’ हामी काठमाडौँ जादै भनेर एक दुई मिनेट बोल्न भ्यायो । यो भिडियो त पक्कै भाइरल हुन्छ । दम्पतीले एक अर्कामा खुसी व्यक्त गरे । म भने तर्सिए । हामीले बालबालिकालाई कसरी प्रयोग गरिरहेका छौ ? कसरी हुर्काईरहेका छौ ? के सिकाईरहेका छौ ? बाल मनोविज्ञान, गीतसंगीत, सामाजिक सञ्जालको प्रयोग आफैमा एउटा छलफल र बहसको विषय बनेको छ । अब धेरै ढिलो गर्यौ भने पछुताउनु पर्ने देखिन्छ । यसको ज्वलन्त उदाहरण मुत्युवरण गरेका प्रतिभाशाली बालक सचिन परियार छन् । उनको मुत्युवरणको दोषबाट राज्य र स्वयम् हामी पन्छिन सक्दैनौ ।

बालबालिका तथा किशोर किशोरीमा देखिएको मानसिक समस्या यसको एक डरलाग्दो असर र चुनौती हो । उक्त बच्चा जेन अल्फा जेनेरेसनको जहाँ स्मार्ट प्रविधि सामान्य बनिसक्यो । अबको जेन विटा जेनेरेसनमा प्रविधि हामीले कल्पना गरेभन्दा पनि धेरै माथि उठ्ने देखिन्छ । आर्टिफिसयल ईन्टेलिजेन्सन नै अर्को मानव नबन्ला भन्न सकिन्न ।

प्रविधिको विकाससँगै मानव जीवन नै संकटमा पर्न सक्ने कुरा नकार्न सकिदैन।

बिच बाटोबाट चढे पनि मैले अगाडिकै सीट पाएकी थिए। आङ तन्काएर बसको पुछारसम्म नजर डुलाए। धेरैजसो युवा थिए र निधारमा रातो टिका थियो। सहजै अनुमान गर्न सकिन्थ्यो की नेपालमा सम्भावना नदेखेर होइन नभएरै विदेशिन बाध्य थिए। आर्थिक उन्नति र सम्भावना त आफ्नो ठाउँमा छ तर यस किसिमको प्रवृद्धिले हाम्रो सामाजिक मूल्य मान्यतालाई अब अस्वाभाविक किसिमले चुनौती दिएको छ। पैसालाई सर्वोपरि राज्यले ठान्यो या मान्छेले विश्लेषणको पाटो होला। तर दाउरा मात्रै किनिने वातावरणको सिर्जना भएको परिपेक्ष्यमा डर छ अब कुनै दिन मलामी नै किन्नुपर्ने हो की ? कस्तो भयावह अवस्था ? किन अमूल्य जीवनको मूल्य यति सस्तो भएको हो ? राज्यलाई अब निदाइरहन छुट छैन र हुँदैन निदाएको जस्तो वहानाबाफी गर्न पनि। सोच्दा सोच्दै म आफैलाई असहज भयो। मन भारी भयो। मुटु निचोरियो।

यत्तिकैमा बसले बन्द गतिमा चालको लय मिसायो र पुऱ्यायो हामीलाई सबैको सपनाको सहर काठमाडौं र यसपटक काठमाडौंले मलाई एक किसिमको ऊर्जा दियो। अस्पताल र घरको एउटै पर्यावरण, उही दैनिकी, उही मान्छे र सधैँ एउटै खालको गफबाट नयाँ वातावरणमा प्रवेश गर्दा म रिचार्ज भएकी थिए। व्यस्त सडक, व्यस्त मान्छे र ऊर्जाशील जीवनशैलीले मलाई लोभ्याएको थियो। त्यसै त्यसै जोस जागरले आत भरिएको जस्तो। आत्मविश्वासले शिखर नै चुम्न लागेजस्तो। यसै यसै साहस पलाएको जस्तो।

भोलिपल्ट एकाबिहानै कमलपोखरीको वरिपरि केही फन्को मारेँ। परेवा, पोखरी र सूर्योदयको त्रिकोणात्मक सम्बन्धले आखालाई भरपूर शीतल दियो। मुटुको तलतल सिरसिरे बतास चल्यो।

पुरातात्विक, सांस्कृतिक र धार्मिक महत्वका हिसाबले हुन सक्छ। या हुन सक्छ धेरैको सपना मिसिएकोले, कर्मथलो बनेकोले। यसले प्रवाह गर्ने उर्जा अलग्गै छ। यो पटक अलि बढी महसुस गरेँ। काठमाडौंले कम से कम अल्छि हुन चाहिँ दिँदैन।

काठमाडौंले सबैलाई समान अवसर दिएको छ। सडकपेटीमा कर्म गरेर गुजारा गर्ने देखि सत्ता चलाउनेसम्म। सबैलाई आफ्नो छातीमा टासेर हिँड्छ। कसैलाई भोको राख्दैन।

मेरो काठमाडौंको लागि समय सकियो यसपटकलाई। जतिबेला मेरो

मस्तिष्कमा उर्जा सकिन्छ त्यहीबेला तिमीलाई भेट्न आउनेछु भनी मैले मेरो बाटो तताए । पठाओ, ईनड्राईभको सजिलो सुविधा भए पनि सकभर म सार्वजनिक बसमै यात्रा गर्न रुचाउछु । मान्छेलाई नियाल्छु, मास्कले छोपिएका मुहारभित्रका आखालाई हेर्छु। कथा कति देखिन्छन् कति अदृश्य हुन्छन् ।

कालिमाटी आएर बस रोकियो । केही यात्रुलाई ओराल्यो । ओर्लने र चढ्नेको अनुपात मिलाउन केही बेर रोक्यो। म ड्राईभरको पछाडिपट्टी थिए । सहचालक आफ्नो गुरुको ढोका छेउ पुगे । गोजीबाट चुरोट झिके, निलो कलरको लाईटरले चुरोट सल्काए अनि आफ्नै हातको सपोर्टमा गुरुको मुखैनिर पुर्याए । चालकले ढोकाबाट आफ्नो मुन्टो बाहिर निकाले । सरर......चुरोट स्वार्र............ताने । धुवा उडाए फु...............र । उसो त मलाई चुरोटसँग बडो वितृष्णा छ । आफ्नो मान्छेले पिएको देखे भने मन झसंगित हुने गर्दछ। तर यस समय मैले एकटकले निहालिरहेको धुवाभन्दा पनि चालक र सहचालकको आत्मियता थियो होला।

शनैःशनैः कलंकीबाट सुनौली यातायात चढे । त्यही आशामा की यी अलपत्र र छरपस्ट परेका सपनालाई मिलाएर साँच्न सकूँ, पत्रपत्रमा सुशुज्जित गर्न सकूँ, बन्दकोभीको पत्रजस्तै । हुनसक्छ नूतन गुलाफ जस्तै । ◆◆◆

**कविता**

## "जागिर समातेको छु"



✍ **प्र.नि.भोपेन्द्र कुमार बुढाथोकी**

स्वच्छन्द आकाशमा म रम्दारम्दै  
अनायासै मलाई हिजो जागिरले समातेको छ  
प्राण रक्षा अनि भौतिक सुखको लागि भनी  
मैले जागिर समातेको छु।  
अलिकति रहर अनि अलिकति विवशता  
जिन्दगीका दुःखलाई सुखमा उतार्ने बाध्यता  
खाउँला अनि लाउँला भन्ने लोभले  
समाजमा नाम राखी जीवन  
सुखमय बनाउँला भन्ने सोचले  
मैले उकाली ओरालीहरूमा पनि  
नुनको सोझो गर्दै हिँडिरहेको छु।  
कति रहरहरू दबाउनु पर्ने,  
परिवारदेखि टाढा रही काम गर्नुपर्ने,  
धेरै पटक पारिवारिक रमाइलोमा  
सरिक हुन मौका मिलेन  
मलाई जागिरले नछोड्दा,  
अनि मैले पनि जागिर नछोड्दा,  
विवश छु म आम रहरहरू कुल्चेर बस्न,  
किनभने मलाई जागिरले समातेको छ  
अनि मैले जागिर समातेको छु।

# सङ्गठन र व्यवस्थापनमा नेतृत्वको अर्थ र महत्व



✍ गम्भीर बहादुर हाडा

नेतृत्वबिना समग्र सङ्गठनको उद्देश्य हासिल गर्न विभिन्न कार्यहरू, विभिन्न तहगत लक्ष्यहरू र विभिन्न व्यक्तिगत लक्ष्य बिच समन्वय ल्याउन सकिँदैन । त्यसैले संस्थालाई सही मार्गतर्फ डोऱ्याउन पनि नेतृत्वको महत्वपूर्ण भूमिका रहन्छ । नेतृत्व प्रभावकारी हुन जरूरी छ । यदि नेतृत्व गतिहीन तथा अक्षम भयो भने संस्थालाई मार्गदर्शन दिन सक्दैन । नेतृत्व लिने व्यक्तिमा अरूलाई प्रभाव पार्न सक्ने र समग्र संस्थालाई सफलताको मार्गमा डोऱ्याउन सक्ने विशिष्ट खुबी हुन जरूरी छ।

त्यसैले व्यवस्थापक एक कुशल नेता हुनु अनिवार्य छ । 'नेतृत्व' शब्दलाई स्पष्ट रूपमा सजिलै परिभाषित गर्न सकिँदैन । यो अनुयायीहरूलाई प्रोत्साहित गर्ने, स्वेच्छाले कार्य गर्ने, विश्वास जगाउने तथा निष्ठावान बनाउने गुण हो। नेतृत्वलाई सञ्चारद्वारा अपेक्षित लक्ष्यहरू हासिल गर्न अन्य व्यक्तिहरूको (अनुयायीहरूका) क्रियाकलापहरूलाई प्रभावित गर्ने क्षमताको रूपमा परिभाषित गर्न सकिन्छ । यसले अनुयायीहरूमा लक्ष्य प्राप्तिका लागि मनैदेखि इच्छा जगाउँछ। यस परिभाषाले कोही पनि व्यक्ति (अनुयायी) हरूको अभावमा नेता (Leader) बन्न सक्दैन भन्ने संकेत गर्दछ। नेतृत्वको प्रमुख उद्देश्य नै महत्वपूर्ण लक्ष्य हासिल गर्न प्रभावित गर्नु हो । त्यसैले नेतृत्वको मार नै प्रभाव पार्नु हो । यो व्यक्तिगत, सामूहिक तथा सङ्गठनात्मक लक्ष्यहरू हासिल गर्न व्यवस्थापकमा हुनुपर्ने महत्वपूर्ण तथा अत्यावश्यक सिप हो । कुञ्ज र वाइरिचका अनुसार "नेतृत्व भनेको प्रभाव हो, जुन सामूहिक लक्ष्य प्राप्तिका लागि मानिसहरूमा इच्छा जगाउने वा उत्साहित हुने गरी प्रभावित पार्ने कला वा प्रक्रिया हो ।" नेतृत्व हरेक व्यवस्थापकले सम्पादन गर्नुपर्ने कार्य हो ।

व्यवस्थापकको आफ्ना मातहतका कर्मचारीहरूलाई अगुवाइ गर्ने गुणलाई नेतृत्व भनिन्छ। यो गुण सबै व्यक्तिमा हुँदैन। जुन व्यक्तिमा नेतृत्वको गुण हुन्छ उसले आफ्ना साथीहरू र मातहतका व्यक्तिहरूलाई कुशलतासाथ प्रोत्साहित गर्दछ, उनीहरूमा विश्वास जगाउँछ तथा आफू एवं संस्था प्रति निष्ठावान् बनाउँछ।

नेतृत्व भन्नाले सामूहिक उद्देश्य प्राप्तिको लागि परिस्थितिअनुसार अनुयायीहरूलाई प्रभावित गर्न सक्ने क्षमता वा गुणलाई जनाउँछ । व्यवस्थापकले मातहतका कर्मचारीहरूमा आत्मविश्वास र काम गर्ने भावना जगाउन सक्नुपर्दछ। उसले सङ्गठनात्मक लक्ष्यतर्फ मानिसको प्रयास लगाउन निर्देशित गर्दछ, उत्प्रेरित उत्साहित गर्दछ । एउटा नेता व्यवस्थापक हुन वा नहुन पनि सक्तछ तर व्यवस्थापक नेता हुनै पर्दछ। अर्को शब्दमा, व्यवस्थापक आफ्ना मातहतका कर्मचारीहरू वा समूहलाई उत्साहित एवं नेतृत्व गर्नमा सक्षम हुनुपर्दछ। नेतृत्व व्यवस्थापनको अत्यन्तै महत्वपूर्ण कार्य हो । कुशल नेतृत्वबिना सङ्गठनको व्यवस्थापन अपूरो र अधुरो हुन्छ । नेतृत्व भनेको खास उद्देश्य पूर्तिका लागि आफ्नो मातहतमा रहेका व्यक्तिहरूलाई उत्साहपूवर्क कार्य गर्न प्रभावित गर्ने प्रक्रिया हो । सङ्गठनमा नेतृत्व भन्नाले सङ्गठनात्मक लक्ष्य र उद्देश्य प्राप्तिका लागि आफू अधिनस्थ कामदार तथा कर्मचारीलाई निर्देशन दिने तथा उनीहरूलाई प्रभावित पार्ने कार्य भन्ने बुझिन्छ।

नेतृत्वसँगै नेता र अनुयायीको सुरूवात हुन्छ । नेता भन्नाले सङ्गठनमा अधिकार प्राप्त व्यक्ति हो । जसले नीति-नियमअनुसार निर्देशन दिने अधिकार प्राप्त गरेको हुन्छ । अनुयायी भन्नाले नेताले दिएको निर्देशनअनुरूप कार्य गर्ने व्यक्ति हुन् । यसरी सङ्गठनहरूमा व्यवस्थापक र कर्मचारी बिचमा नेता र अनुयायीका सम्बन्ध रहेको हुन्छ । नेतृत्व एक महत्वपूर्ण व्यवस्थापकीय कार्य हो। कुशल तथा प्रभावकारी नेतृत्वको अभावमा सङ्गठनात्मक उद्देश्य प्राप्त गर्न सम्भव हुँदैन । कुशल नेतृत्वबिनाको सङ्गठन मियो बिनाको दाइँ सरह हुन्छ । नेतृत्व दिने नेता सक्षम तथा दूरदर्शी हुनुका साथै प्रभावकारी व्यक्तित्व हुनुपर्दछ । त्यसैले भनिन्छ सङ्गठनात्मक लक्ष्य हासिल गर्नको लागि संस्थालाई नेतृत्व दिने व्यवस्थापक असल नेतामा हुनुपर्ने गुणयुक्त हुनुपर्दछ । यसप्रकार नेतृत्व नेताद्वारा अनुयायीहरूलाई प्रभाव पार्ने एक कला हो। सङ्गठनात्मक लक्ष्य प्राप्तिका लागि नेतृत्वको अहम् भूमिका हुन्छ। कुनै पनि सङ्गठन सफल र सुचारू रूपमा सञ्चालनका लागि व्यवस्थापकले कुशल नेतृत्व अपनाएको हुनुपर्छ। त्यसका लागि नेतामा पर्याप्त बौद्धिक क्षमता, दूरदर्शिता र नैतिकता र मिलनसार व्यवहार हुनु जरूरी हुन्छ।

अनुयायीहरू नभइकन कोही पनि व्यक्ति नेता बन्न सक्तैन। एक नेताले अनुयायीहरूबाट अख्तियार प्राप्त गर्दछ जसले उसलाई नेताको रूपमा स्वीकार्दछन्। त्यसैले अनुयायी बिना नेतृत्वको कल्पना पनि गर्न सकिदैन । नेतृत्वमा नेता,

अनुयायीहरू र परिस्थितिको घनिष्ठ सम्बन्ध हुन्छ । अनुयायीहरू बिनाको नेतृत्व हुन सक्दैन । असल नेताले समूहका सदस्यहरूलाई प्रभावित गर्ने, उनीहरूको विश्वास जित्ने, अनुयायीहरूको व्यवहार, सोचाइ र विश्वासमा प्रभाव पार्न सक्नुपर्दछ । अनुयायीहरूले नेताको इच्छा बुझ्ने र उसको सुझाव, पथप्रदर्शन स्वीकार गर्ने हुनुपर्दछ । नेतृत्व भनेको अनुयायीहरूको व्यवहार तथा प्रयासहरूलाई प्रभाव पार्ने क्षमता हो । जब कर्मचारीहरूले निर्देशनहरूलाई उत्साहपूर्वक स्वेच्छाले पालना गर्दछन् भने उनीहरूलाई निर्देशन दिने व्यक्तिले प्रभाव पारेको मान्न सकिन्छ । जी.आर.टेरीका अनुसार,"साझा उद्देश्यहरू स्वेच्छापूर्वक हासिल गर्न मानिसहरूलाई प्रभाव पार्ने क्रियाकलाप नै नेतृत्व हो ।" नेता र अनुयायीहरूका एउटै वा साझा उद्देश्यहरू हुनुपर्दछ । नेतृत्वद्वारा साझा उद्देश्यहरू हासिल गर्न अनुयायीहरूको व्यवहारलाई मार्गदर्शन तथा निर्देशित गर्दछ। यसको लागि नेताले अनुयायीहरूलाई एकत्रित गरी उत्प्रेरित गर्दछ । नेतृत्वको अर्को विशेषता हो नेता र अनुयायीहरूको एउटै वा समान उद्देश्य हुनु । सामूहिक उद्देश्य प्राप्तिको लागि नेताले नेतृत्व गर्दछ भने अनुयायीहरू पछि लाग्दछन् । तर मूलभूत उद्देश्य स्पष्ट रूपले परिभाषित गरिएको हुनुपर्दछ ।

नेतृत्वअन्तर्गत नेता र अनुयायीहरू बिच अख्तियारको असमान वितरण हुन्छ । नेताले अनुयायीहरूलाई निर्देशन गर्दछ भने अनुयायीहरूले नेताको निर्देशनको पालना गर्दछन् । तर अनुयायीहरूले नेताको क्रियाकलापलाई निर्देशित गर्न सक्तैन ।

नेतृत्व एक निरन्तर चलिरहने प्रक्रिया हो जसमा नेता र अनुयायीहरू बिच नियमित सञ्चार आवश्यक हुन्छ । नेतृत्व भनेको निर्धारित लक्ष्यहरू हासिल गर्न अनुयायीहरूलाई निरन्तर रूपमा निर्देशित गर्ने, मार्गदर्शन गर्ने र प्रभाव पार्ने प्रक्रिया हो । नेतृत्व सदैव खास परिस्थितिसँग सम्बन्धित हुन्छ । कुनै विशिष्ट नेतृत्व शैली कुनै परिस्थितिमा सफल हुन्छ भने अर्को परिस्थितिमा असफल पनि हुन सक्तछ । त्यसैले नेताले परिस्थिति अनुकूल उपयुक्त नेतृत्व अपनाउनु पर्दछ । विभिन्न परिस्थितिमा अनुयायीहरूले नेताको तानाशाही व्यवहार पनि स्वीकार गर्दछन् भने अर्को परिस्थितिमा सहभागिता नेतृत्वशैली मात्रै प्रभावकारी हुन सक्तछ । नेतृत्वको अर्को विशेषता हो कार्य सम्बन्ध स्पष्ट हुनु । नेता र अनुयायीहरूले सङ्गठनमा गर्नुपर्ने काम र त्यसको सम्बन्ध स्पष्ट हुनुपर्दछ । उनीहरूको एउटै उद्देश्य हुनाले सो हासिल गर्नको लागि नेता र अनुयायीहरू बिचको कार्यगत सम्बन्ध निश्चित गर्नुपर्दछ । नेताले आफ्नो कार्यसम्पादन गर्नुको साथै अनुयायीहरूलाई

सुम्पेको कार्य गर्नमा उनीहरूलाई उत्साहित र आकर्षित गर्दछ । समूहबाट नेतृत्व लिनको लागि नेताको आचरण, व्यवहार, योग्यता उदाहरणीय हुनुपर्दछ । आफ्ना अनुयायीहरूबाट विश्वास प्राप्त गर्न उसले अनुकरणीय आचरण, विशेष क्षमता र दक्षताको प्रदर्शन गर्न सक्नुपर्दछ । उसको आचरणबाट अनुयायीहरूले सिक्ने, प्रोत्साहित हुने र प्रभावित हुने स्थितिको सिर्जना हुन सकोस् ।

नेतामा आफूलाई प्राप्त अधिकार तथा शक्ति प्रयोग गर्ने क्षमता हुनुपर्दछ । अधिकार तथा शक्ति प्रयोग गर्न नसक्ने व्यक्तिले मातहतका कर्मचारीहरूलाई नेतृत्व प्रदान गर्न सक्तैन । मानिसको आवश्यकता, चाहना, भावना तथा व्यवहार फरक फरक हुन्छ । तर पनि नेतामा कर्मचारीको त्यस्तो मनोवैज्ञानिक पक्ष पनि बुझ्न सक्ने क्षमता हुनुपर्दछ । आफ्ना अनुयायीको लोकप्रिय बन्न सक्नु पनि नेतामा हुनुपर्ने महत्वपूर्ण गुण हो । सच्चा, इमान्दार, निष्ठावान, लगनशील भई अनुयायीहरूलाई उत्साहित गर्न सक्नुपर्दछ । अनिमात्र कर्मचारीबाट पूर्ण क्षमतामा काम लिन सकिन्छ । नेता योग्य तथा क्षमतावान् हुनुपर्दछ । परिवर्तित परिस्थितिअनुसार सफलतापूर्वक काम गर्न सक्ने भएमा मात्र नेताले सफल नेतृत्व दिन सक्दछ । नेता काममा विश्वास राख्ने हुनुपर्दछ । संस्थाको उद्देश्य प्राप्तिका लागि कर्मचारीहरूलाई परिचालन गर्नमा नेतृत्वको भूमिका सर्वोपरि हुन्छ । सबै व्यक्ति तथा व्यवस्थापकमा नेतृत्व क्षमता समान रहँदैन । कुनै व्यक्ति आफ्नो कार्यमा सफल हुन्छ भने कतिपय व्यक्तिहरू लक्ष्य प्राप्तिमा असफल हुन्छन् । कुशल व्यवस्थापक हुनका लागि उसमा नेतृत्व क्षमता हुनुपर्दछ । नेतृत्व क्षमताका लागि व्यवस्थापकमा केही मूलभूत गुणहरू हुनुपर्दछ । मानव व्यवस्थापनमा नेतृत्वले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । शक्तिको प्रयोग नगरीकन आफ्ना अनुयायीहरूबाट अपेक्षित कार्यहरू गराउने क्षमता नै नेतृत्व हो ।

एक कुशल नेतामा आकर्षक व्यक्तित्व तथा प्रसन्न मुद्रा हुनुपर्दछ । ऊ मानसिक तथा शारीरिक दृष्टिले स्वस्थ एवं सुदृढ हुनुपर्दछ । उसमा शान्त स्वभाव, बोल्ने क्षमता र उचित व्यवहार गर्ने क्षमता हुनुपर्दछ । साथै उसमा कडा परिश्रम गर्ने जाँगर तथा फूर्ति हुनुपर्दछ । एउटा कुशल नेतामा अगुवाइ र पहल गर्ने क्षमता हुनुपर्दछ । व्यवसायको वातावरणमा अत्यधिक अनिश्चितता तथा जटिल हुनाले नेताले निर्णयहरू शीघ्र गर्नुपर्ने हुन्छ । त्यसैले कुशल नेतामा शान्तपूर्वक समस्याहरूको सामना गर्न आत्मविश्वास, कल्पनाशक्ति, सिर्जनात्मक क्षमता र साहस हुनुपर्दछ । एउटा कुशल नेताको स्वभाव सन्तुलित हुनुपर्दछ । यसका लागि नेताले आवेग, अस्थिरता र निराशाजस्ता संवेगहरू त्यागी

सहिष्णुताको विकास गर्नुपर्दछ। समस्याको सामना गर्नुपर्दा जहिले पनि ऊ उत्साही र प्रसन्न रहनुपर्दछ।

कुनै पनि नेता सफल नेता बन्नको लागि उसको स्वभाव लोचदार हुनुपर्दछ । आवश्यकतानुसार अरूका विचारलाई स्वीकारेर आफ्नो विचारलाई परित्याग गर्न पनि तयार हुनुपर्दछ । हरेक क्षेत्र द्रुतगतिमा परिवर्तन भइरहेको अहिलेको परिस्थितिमा लोचदार नीति अपनाउनु महत्वपूर्ण मानिन्छ । एउटा कुशल नेतामा जिम्मेवारीको भावना हुनुपर्दछ। आफूले गरेका सम्पूर्ण निर्णयहरूको जिम्मेवारी आफैले बहन गर्नुपर्दछ। साथै आफ्ना अनुयायीहरूले गरेका क्रियाकलापहरूको जिम्मेवारी पनि बहन गर्नुपर्दछ। सहायकहरूले उसलाई विश्वास गर्न ऊ विश्वासिलो हुनुपर्दछ। कुशल नेता विश्वासिलो हुनुपर्दछ जो प्रति सहायकहरू भर पर्न सकून्। उसले परिणामका लागि उत्तरदायित्व वहन गर्न तत्पर रहनुपर्दछ।

नेता चरित्रवान हुनुपर्दछ । नेताको सच्चरित्रले अनुयायीहरूको सामु अनुकरणीय उदाहरण प्रस्तुत गर्न सक्नु पर्दछ । उसको आचरण र व्यवहार स्वच्छ हुनुपर्दछ । उसको क्रियाकलाप र मनोवृत्ति नैतिक रूपमा समर्थनीय हुनुपर्दछ । यसका साथै ऊ इमान्दार तथा शिष्ट हुनुपर्दछ । यसले अनुयायीहरूमा आत्मविश्वास सिर्जना गर्दछ। नेता एक्लैले सङ्गठनात्मक क्रियाकलाप सञ्चालन गर्न सक्दैन । उसले अनुयायीमार्फत् विभिन्न क्रियाकलापहरू सम्पादन गराउनुपर्ने हुनाले नेता अनुयायीहरूसँग निकट हुनुपर्छ । अनुयायीहरूको विचार, भावना, सोंच र दृष्टिकोणलाई बुझ्न सकेमा मात्र नेता सफल बन्न सक्छ। नेतामा व्यक्तिगत लक्ष्य र स्वार्थलाई त्यागेर सङ्गठन र सङ्गठनात्मक लक्ष्यप्रति आफूलाई समर्पित गर्ने गुण हुनुपर्छ। उसले व्यक्तिगत र अनौपचारिक क्रियाकलापभन्दा सामूहिक र अनौपचारिक कार्यहरूमा केन्द्रित हुनुपर्छ। नेता सामूहिक हितका लागि समर्पित भएमा निश्चय नै उसले अधिनस्थ कर्मचारीलाई पनि सङ्गठन प्रति समर्पित गराउन सक्छ।

एउटा नेता सङ्गठनात्मक लक्ष्यहरूको निर्धारणजस्तो सिर्जनात्मक कार्य गर्न सहभागी हुन्छ । साथै आफ्ना अनुयायीहरूको लागि लक्ष्य तथा नीति निर्माण पनि गर्दछ । अनुयायीहरूको लक्ष्य तथा नीति विश्लेषण गर्ने कार्यमा उसले मार्गदर्शन गर्दछ । नेताले विभिन्न सिर्जनात्मक कार्य, योजना तथा नीतिहरू बनाउने, लक्ष्यहरूको निर्धारण अवगत गराउने, पथप्रदर्शकको रूपमा पनि नेताले कार्य गर्दछ । नेतृत्व प्रदान गर्ने व्यवस्थापकको प्रमुख कार्य सङ्गठनात्मक लक्ष्य निर्धारण गर्नु हो। लक्ष्य निर्धारण गर्दा

नेताले आफूमा निहित अनुभव, दक्षता र बौद्धिक क्षमताको प्रयोग गर्नुपर्छ । लक्ष्यले सङ्गठनलाई मार्गदर्शन गर्ने हुनाले पनि लक्ष्य निर्धारणमा विशेष सजगता अपनाउनुपर्छ । लक्ष्य निर्धारण गर्दा व्यवस्थापकले आफू मातहतका व्यवस्थापक र कर्मचारीहरूको राय, सुझाव र सल्लाह लिनु उपयुक्त हुन्छ । एउटा कुशल नेताले सङ्गठनका क्रियाकलापहरू सुनिश्चित गरी कर्मचारीहरूमा क्रमबद्ध तरिकाबाट विभाजन गर्दछ । नेताले उनीहरू बिचको सम्बन्धलाई स्पष्ट पार्दछ जसले गर्दा उनीहरू बिच हुन सक्ने द्वन्द्वलाई कमी गर्दछ । नेताले व्यक्तिगत लक्ष्यहरूलाई सङ्गठनका लक्ष्यहरूसँग एकीकृत गर्दछ जसले सामूहिक हित सिर्जना गर्दछ । उसले समूहका कार्यहरूबारे राम्रो जानकारी राखी सामूहिक प्रयासहरूलाई समन्वय गर्दछ ।

त्यसैले नेताले सङ्गठनका विभिन्न विभागहरूको निगरानी गर्दै तिनीहरूका क्रियाकलापहरू बिच समन्वय गर्दछ । विभिन्न क्रियाकलापहरूको बिचमा समन्वय गर्नु पनि व्यवस्थापक वा नेताको कार्य हो । सङ्गठनमा विभिन्न तह, विभाग र एकाइहरू हुन्छन् । प्रत्येक तह, विभाग र एकाइको सम्बन्ध अर्को तह, विभाग र एकाइसँग हुन्छ । त्यसैले विभिन्न क्रियाकलापहरू बिच समन्वय हुनु जरूरी हुन्छ । यदि क्रियाकलापको बिचमा समन्वय नभएमा सङ्गठनात्मक लक्ष्य प्राप्ति हुँदैन । त्यसैले नेताले विभिन्न क्रियाकलापमा समन्वय ल्याउनुपर्छ । एउटा नेता आफ्नो समूहको प्रतिनिधि हो ।

नेताले बाह्य व्यक्तिहरू वा व्यवस्थापन समक्ष समूहको प्रतिनिधिको रूपमा कार्य गर्दछ । समूहको हित हुने जुनसुकै कुरामा उसले पहल गर्दछ । साथै उसले अनुयायीहरूको मनोवैज्ञानिक आवश्यकताहरू पूर्ति गर्दछ । नेताको अर्को महत्वपूर्ण कार्य सङ्गठनको प्रतिनिधित्व गर्नु हो । नेता अथवा व्यवस्थापक सङ्गठनको सबैभन्दा बढी अख्तियार प्राप्त व्यक्ति भएको कारणले पनि व्यक्तिगत स्वार्थलाई त्यागी संस्थागत हितका लागि कार्य गर्नुपर्छ । व्यवस्थापकले विभिन्न सङ्गठन र निकायसँग कार्य गर्दा नेताले आफ्नो सङ्गठनको प्रतिनिधित्व गरेको हुनुपर्छ । नेताले आफ्नो समूहको प्रतिनिधित्व गर्दछ । उसले समूहको हित हुने सबै विषयहरूमा विशेष पहलकदमी लिन्छ । उसले आफ्ना अुनयायीहरूको मनोवैज्ञानिक आवश्यकताहरू परिपूर्ति गर्नमा प्रयास गर्दछ । एउटा कुशल नेतामा सङ्गठनका क्रियाकलापहरू सम्बन्धी प्राविधिक ज्ञान तथा सिप हुनुपर्दछ । नेताले सङ्गठनका लक्ष्यहरू हासिल गर्न अनुयायीहरूलाई मार्गदर्शन गर्दछ । सहायकहरू समक्ष समस्या आइपर्दा सरसल्लाह दिन नेता सदैव तत्पर हुनुपर्दछ ।

एक कुशल नेताले राम्ररी कार्यसम्पादन गर्न हौसला प्रदान गर्दछ । कर्मचारीहरूबाट अपेक्षित कार्य गराउन उनीहरूलाई उत्प्रेरित गर्नु आवश्यक हुन्छ । नेताले आर्थिक तथा गैरआर्थिक पुरस्कार दिई कर्मचारीहरूलाई उत्प्रेरित गर्दछ । नेताको रूपमा व्यवस्थापकले योग्य कामदारहरूलाई पुरस्कारको रूपमा हौसला दिन तथा बढुवा गर्न सक्तछ । कर्मचारीहरूको मनोबल उच्च पार्न कुशल नेतृत्व एक अत्यावश्यक तत्व हो । कुशल नेताले समूहको सोचाइ र मनोवृत्तिलाई आफ्नो अनुकूल गर्दछ । उसले असल मानवीय सम्बन्ध विकास गरी समूहका सदस्यहरू बिच अन्तर्क्रिया गर्न सुविधा पुर्‍याउँदछ । उसले अनुयायीहरू बिच स्वेच्छिक सहयोगात्मक र अनुशासित वातावरण कायम गर्दछ । कर्मचारीहरूलाई परिवर्तनको आवश्यकताबारे विश्वस्त पार्ने संयन्त्र नेतृत्व हो ।

सङ्गठनात्मक परिवर्तनको प्रमुख तत्व नै गतिशील नेतृत्व हो । एक कुशल नेताले कर्मचारीहरूबाट हुन सक्ने परिवर्तन प्रतिको अवरोध समाधान गरी परिवर्तन प्रति सकारात्मक भावना सिर्जना गर्दछ। व्यावसायिक सङ्गठनहरूमा कडा प्रतिस्पर्धाका कारण निर्णयहरू तुरून्तै गर्नुपर्छ । निर्णय लिन ढिलो भएमा आफूले पाउने अवसर अन्य प्रतिस्पर्धीले प्राप्त गर्न सक्छन् । तर निर्णय गर्ने क्रममा व्यवस्थापकले भूत, वर्तमान र भविष्यलाई राम्रोसँग विश्लेषण गरी विवेकपूर्ण निर्णय लिएका हुनुपर्छ । कार्यसम्पादनका लागि कर्मचारीहरूलाई निर्देशन दिनु पनि नेताको महत्वपूर्ण कार्य हो । सङ्गठनात्मक लक्ष्य प्राप्तिका लागि व्यवस्थापकले अधिनस्थ कर्मचारीहरूलाई कार्य निर्देशन दिनुपर्छ । निर्देशन दिँदा एउटा कार्यका लागि एउटा व्यक्तिलाई एउटै मात्र व्यवस्थापकले दिनु उपयुक्त हुन्छ । नेता एक्लैले सङ्गठनका सम्पूर्ण कार्यहरू गर्न सक्दैन । तसर्थ उसले आफ्नो मातहतमा रहेका कर्मचारीहरूलाई कार्यसम्पादनका लागि अख्तियारी प्रदान गर्छ । तर अख्तियार प्रदान गरेपछि पनि सङ्गठनका सम्पूर्ण कार्यहरूको उत्तरदायित्व भने बहन गर्नुपर्छ ।

एउटा योग्य नेताले या त आफैले सङ्गठनात्मक संरचना तयार गर्दछ या वैदेशिक ढङ्गले सङ्गठन ढाँचा बनाउनमा सहयोग गर्दछ । यसबाट उच्च व्यवस्थापनका नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्नमा सङ्गठनका विभिन्न अङ्गहरू संवेदनशील हुन्छन् । नेताले व्यक्तिगत लक्ष्यलाई सङ्गठनात्मक लक्ष्यसँग उचित तालमेल मिलाउँछ, जसबाट सामूहिक हितको सिर्जना हुन्छ । उसले समूहका कार्यहरूको बारेमा राम्रो जानकारी राख्दछ तथा सामूहिक प्रयासहरूको समन्वय गर्नको लागि विचार-विमर्श, छलफल गर्दछ ।

त्यसैले, सङ्गठनमा लक्ष्यहरू र कार्यहरूको समन्वय गर्नमा नेतृत्व ज्यादै महत्वपूर्ण हुन्छ । नेतृत्वका चार विशेषताहरू अनुकरणीय गुण, टिमका सदस्यहरूको सशक्तिकरण, कामको आधारमा पुरस्कार र सम्बन्धित क्षेत्रको ज्ञानको बारेमा परापूर्वकालीन विद्धान तथा पौराणिक ग्रन्थहरूले समेत प्रकाश पारेका छन् । नेतृत्वका चार गुण वा विशेषताहरूमध्ये अनुकरणीय गुणको बारेमा पौराणिक ग्रन्थहरू र अध्ययनहरूले समेत सफल नेतृत्वमा हनुपर्ने महत्वपूर्ण गुणको रूपमा चित्रण गरेको छ।

गीतामा भनेको छ, **यद्यदाचरति श्रेष्ठ स्तत्तदेवेतरो जन। स यत्प्रमाणं कुरूते लोकस्तदनुवर्तते** ॥ ३.२१॥ अर्थात्, ठूलाले जे काम गर्छन् सर्वसाधारणले त्यही अनुशरण गर्छन् यदि ठूला व्यक्ति वा नेतृत्व विश्वासनीय र इमान्दार छन्, जे बोल्छन् त्यही पु¥याउँछन् र उदाहरणीय छन् भने नेतृत्वको यस्ता व्यवहारले सबैलाई असल काम गर्न प्रेरित गर्छ। संस्थामा अनुकरणीय गुण भएका नेतृत्वले आफ्नो असल व्यवहार र र गुणस्तरबाट टिमका सदस्यलाई तोकिएको लक्ष्यभन्दा बढी प्रगति हासिल गर्न उत्प्रेरित गर्दछ । तसर्थ, जुन संस्थामा अनुकरणीय नेतृत्व हुन्छ, त्यस्तो संस्था प्रतिस्पर्धामा सधैं अगाडि हुन्छ र लक्ष्य प्राप्तिमा सदैव अग्रसर हुन्छ।

नेतृत्व शैलीमा नेताले आफ्ना कर्मचारीहरूलाई निर्णयमा सहभागी हुन प्रेरित गर्दछ । कुनै विषयमा अन्तिम निर्णय नेता स्वयंले कदापी लिँदैन । यो सामूहिक प्रयासबाट नेता र अधिनस्थ कर्मचारीहरू मिलेर लिने गर्दछन् । नेताले कर्मचारीहरूलाई आफ्ना क्षमता उपयोग गर्ने प्रचुर अवसर दिने गर्दछ। नेता अधिनस्त कर्मचारीहरूको विश्वासी हुन्छ। प्रजातान्त्रिक नेतृत्वशैलीका व्यवस्थापनमा महत्व र फाइदाहरू हुँदाहुँदै पनि यसका विभिन्न बेफाइदाहरू छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः निर्णयका लागि अतिरिक्त समय लाग्ने, पूर्ण सहभागीताले समस्या उत्पन्न गराउन सक्ने, अयोग्य र असक्षम कामदारहरू भएको अवस्थामा कठिन, असहभागीता विश्वास नगर्ने कर्मचारीहरूबाट समस्या उत्पन्न हुन सक्ने र सञ्चार क्षमताको कमीले केही महत्वपूर्ण सुझावहरूमा सुनुवाई हुन नसक्ने।

French शब्द laissez–faire को अर्थ यथास्थितिमा छोडिदिनु भन्ने हुन्छ। तसर्थ यस नेतृत्वशैलीमा नेताहरू अधिनस्थ कर्मचारीहरूलाई स्वतन्त्र छाड्ने व्यक्तिको रूपमा लिइन्छ। यो नेतृत्वशैली त्यस बेला असरदार हुन्छ । जब नेतृत्वले सङ्गठनले प्राप्त गरेको उपलब्धिबारे सुपरिवेक्षण र मूल्याङ्कन गर्दछन् र प्रायजसो उनीहरूको सम्पर्कमा रहन्छन्। यस नेतृत्व शैलीमा मूलतः सामूहिक रूपमा अनुभवी तथा क्षमतावान स्वतःस्फूर्त व्यक्तिहरूसँग काम गरिन्छ ।

दुर्भाग्यवस यस शैलीमा त्यस्तो वातावरण अपेक्षित हुन्छ । यसमा व्यवस्थापकहरूको नियन्त्रण रहँदैन । स्वतन्त्र नेतृत्व शैलीका विशेषताहरू यसप्रकार रहेका छन्ः निर्णयका लागि अधिनस्थ कर्मचारीहरूलाई पूर्ण स्वतन्त्रता, नेताहरूबाट धेरै कम मात्रामा निर्देशन, नेताहरूबाट केवल स्रोत र साधन उपलब्ध गराईने, कर्मचारीहरूद्वारा स्वयं समस्या समाधान गर्ने क्षमता विकसित गर्नुपर्ने र कामदारहरूको केवल प्रश्नको उत्तर नेतृत्व पंक्तिबाट दिइने ।

अनुयायीहरूलाई उत्साहित गर्ने क्षमता, समस्या समाधान गर्ने सिप, परिपक्व व्यवहार, मानवीय व्यवहार बुझ्ने क्षमता, सङ्गठनात्मक लक्ष्यप्रति समर्पित, जोखिम लिने तत्परता, शक्तिको प्रयोग गर्ने क्षमता, काम गर्न सक्ने क्षमता, शारीरिक तन्दुरूस्ती, परिस्थिति ग्रहण, आत्मविश्वास, सुन्ने शक्ति, नैतिक इमान्दारिता तथा स्पष्ट दृष्टि आदि सफल नेतृत्वका गुणहरू हुन् । निरंकुश नेतृत्वलाई तानाशाहीको पर्यायवाचीको रूपमा लिन सकिन्छ । जसमा एक व्यक्तिमा अनुयायी वा कामदारहरूलाई निर्देशन गर्न सम्पूर्ण अधिकार निहित हुन्छ । यसमा एकोहोरो सञ्चार हुन्छ नेतृत्वको निर्णय नियमअनुकूल मानिन्छ । यस सम्बन्धी कुनै प्रश्न उठाउन सकिदैन । उदाहरणका लागि यदी कुनै कम्पनीमा एक निरंकुश नेता प्रबन्ध सञ्चालकको रूपमा रहेमा, कम्पनीका कर्मचारीहरूले त्यस नेताले बनाएको नियम अन्तर्गत रहेर कार्य गर्नुपर्दछ । अर्को शब्दमा भन्ने हो भने उसका निर्णय कम्पनीका लागि सर्वोपरी हुन्छ । कर्मचारीका तर्फबाट कम्पनीको उत्पादकत्व बढाउन सहयोग पुग्ने कुनै आशा राखिएको हुँदैन ।

नेतृत्व विकास र सेवा प्रवाह अन्तर्गत प्रभावकारी सेवा प्रवाह, सुशासन ऐनका प्रावधानहरू, कुनै पनि काम गर्दा निश्चित कार्यविधि अवलम्बन गर्ने, नागरिक बडापत्रको व्यवस्था गर्ने, निश्चित समयमा निर्णय गर्ने, निर्णयको पारदर्शिता कायम गर्ने, निर्णयको आधार र कारण खुलाउने, स्वार्थ बाझिएको विषयमा निर्णय नगर्ने, सार्वजनिक पदमा रहेकाले जिम्मेवारी नपन्छाउने, पदीय आचरण पालना गर्ने, क्षतिपूर्तिसहितको नागरिक बडापत्र राख्ने, घुम्ती सेवा सञ्चालन गर्ने, सार्वजनिक सुनुवाइ गर्नुपर्ने, निर्माणस्थलमा होर्डिंगबोर्ड राख्ने, सूचना प्रविधिलाई व्यवहारमा उतार्ने लगायतको प्रबन्ध गरेको छ ।

व्यावसायिक नेतृत्वको प्रकृति तथा विशेषताहरूमा १. सदस्य केन्द्रित व्यवहार २. पेशा तथा व्यवसायीमा आबद्ध ३. नयाँ विचार र परिवर्तनमुखी ४. सङ्गठन निर्माण र बिस्तारको सिप ५. दीर्घकालीन सोच र उद्देश्य ६. जोखिम बहन गर्ने क्षमता ७. सिर्जनात्मक ८. पारदर्शी ९. आशावादी र आत्मविश्वासी १०. समस्या र

परिस्थितिको विश्लेषण ११. नतिजा उन्मुख १२. प्रजातान्त्रिक ।

नेतृत्वमा आम सदस्यहरूलाई प्रभावित पार्ने सिप र क्षमता नेतृत्व भनेकै आफ्ना समर्थकहरू र सहकारी संस्थाको हकमा सदस्यहरूलाई प्रभावित पार्ने र काम लिने वा सँगसँगै काम गर्ने कला वा सिप हो । प्रभावकारी व्यावसायिक नेतृत्वमा पनि त्यस प्रकारको सिप अपरिहार्य हुन्छ । सहकारी संस्थाको नेतृत्वमा कार्यरत व्यक्ति वा पदाधिकारीहरूसँग आवश्यक महत्वपूर्ण सूचना हुनुपर्दछ । वर्तमान समयमा सूचना एउटा महत्वपूर्ण साधन हो । सूचनाको सही प्रशोधन वा प्रयोगबाट प्रतिफल वा नतिजा प्राप्त गर्न छिटो र सस्तो हुन्छ । प्रभावकारी व्यावसायिक नेतृत्वमा अरूको कुरा सुन्ने क्षमता हुनुपर्दछ । सहकारी सङ्गठनमा यो कुरा अझ बढी सत्य हो । सदस्य र सहयोगी कर्मचारीको विचारको आधारमा नेतृत्वले निर्णय लिनुपर्दछ । आफ्नो सबल र दुर्बल पक्ष स्वमूल्याङ्कन, सफल व्यावसायिक नेतृत्वले स्वमूल्याङ्कनबाट आफ्नो सबल र कमजोर पक्षको जाँच गर्नुपर्दछ । सबल पक्षलाई के कसरी कायम राख्ने र कमजोर पक्ष के कसरी हटाउने भन्ने विषयमा नेतृत्व सधैँ सचेत हुनुपर्दछ । अरूलाई अनुशासनमा राख्न सक्ने र आफू पनि अनुशासित संस्थालाई अनुशासित तरिकाले सञ्चालन गर्न नेतृत्वको आत्म अनुशासन महत्वपूर्ण हुन्छ । आफू अनुशासनमा नबसी अरूलाई अनुशासनमा राख्न सकिदैन । नेतृत्वको मुख्य काम सही समयमा सही निर्णय लिनु हो । बद्लिँदो परिस्थितको ठोस विश्लेषण गरी उपयुक्त निर्णय लिनु प्रभावकारी नेतृत्वको विशेषता हो ।

एउटा नेताले आफ्ना अनुयायीहरूमा आत्म विश्वास सिर्जना गर्दछ, उनीहरूलाई प्रेरित गरी सङ्गठनात्मक लक्ष्य प्राप्तिमा उत्साहित बनाउँछ । उनीहरूलाई उत्प्रेरित गरी आफ्नो कार्यमा रूचि, निष्ठा एवं विश्वास जगाउनमा नेताको भूमिका सर्वोपरि हुन्छ । कर्मचारी अनुशासन (Discipline) कायम गराउने र उच्च समूह मनोबल (High Group Morale) बढाउने कार्य पनि नेतृत्वको हुन्छ । साथै कर्मचारी तथा अन्य पक्षबाट सहयोग (Cooperation) पाउनमा पनि कुशल नेतृत्वकै भूमिका महत्वपूर्ण हुन्छ ।

कुनै पनि सङ्गठनमा नेतृत्वको महत्वपूर्ण भूमिका हुन्छ । महत्वपूर्ण कार्यद्वारा सङ्गठनात्मक तथा व्यक्तिगत उद्देश्य हासिल गर्नमा नेतृत्वले मद्दत गर्दछ । संस्थाको निर्दिष्ट लक्ष्य प्राप्त गर्नको लागि मानिसलाई कामप्रति उत्प्रेरित गराएर मार्गदर्शन दिने कार्यलाई नेतृत्व भनिन्छ । त्यसै गरी व्यावसायिक सङ्गठनको उद्देश्य प्राप्तिका लागि चाहिने स्रोतहरूको प्राप्ति र उपलब्ध स्रोतका कुशलतासाथ उपयोग गर्ने क्षमतालाई व्यवस्थापकीय प्रभावकारिता भनिन्छ ।

त्यसैले व्यवस्थापकीय प्रभावकारिता प्राप्त गर्नका लागि नेतृत्व प्रदान गर्ने नेता सक्षम हुन नितान्त जरूरी छ । प्रभावकारी नेतृत्वको अभावमा व्यावसायिक संस्था सफलतापूर्वक सञ्चालन गर्न सम्भव हुँदैन । त्यसैले नेतृत्वलाई व्यवस्थापकीय कार्य मानेको हो ।

नेतृत्वबिना समग्र सङ्गठनको उद्देश्य हासिल गर्न विभिन्न कार्यहरू, विभिन्न तहगत लक्ष्यहरू र विभिन्न व्यक्तिगत लक्ष्यहरू बिच समन्वय ल्याउन सकिँदैन । त्यसैले संस्थालाई सही मार्गमा डोऱ्याउन नेतृत्व गतिहिन र असक्षम भयो भने संस्थालाई मार्गदर्शन दिन सक्तैन । अतः नेतृत्व लिने व्यक्तिमा अरूलाई प्रभाव पार्न सक्ने र समग्र संस्थालाई सफलताको मार्गमा डोऱ्याउन नेतृत्व गतिहिन र अक्षम भयो भने संस्थालाई मार्गदर्शन दिन सक्तैन । अतः नेतृत्व लिने व्यक्तिमा अरूलाई प्रभाव पार्न सक्ने र समग्र संस्थालाई सफलताको मार्गमा डोऱ्याउन सक्ने विशिष्ट खुबी हुन जरूरी छ । त्यसैले व्यवस्थापक एक कुशल नेता हुन अनिवार्य छ । यसप्रकार स्पष्ट हुन्छ कि व्यवस्थापकीय प्रभावकारिता र नेतृत्व बिच घनिष्ठ सम्बन्ध रहेको छ । प्रजातान्त्रिक नेतृत्व शैलीमा शक्ति तथा अधिकारलाई विकेन्द्रीकरण गरिएको हुन्छ । यस शैलीमा मातहतका कर्मचारीहरूसँग छलफल गरी निर्णय गरिन्छ । यस किसिमको नेतालाई 'प्रजातान्त्रिक नेता' भनिन्छ । प्रजातान्त्रिक नेताले मातहतका कर्मचारीहरूसँगको छलफल, विचार-विमर्श तथा सहभागिताबाट रायसुझाव हासिल गर्दछ । कर्मचारीहरूको कामना र उनीहरूलाई प्रभाव पार्ने विषयहरूका सम्बन्धमा उनीहरूको रायसुझाव लिइन्छ । उनीहरूलाई पहल तथा सिर्जनात्मक क्षमता देखाउन प्रोत्साहित गर्दछ । प्रजातान्त्रिक नेताले आफैं एक्लै निर्णय लिँदैन । यसमा दोहोरो सञ्चार हुन्छ र निर्णय प्रक्रियामा मातहतका कर्मचारीहरूलाई सहभागी गराइन्छ । निर्णय प्रक्रियामा सहभागिताले श्रम व्यवस्थापनको सम्बन्धमा सुधार गर्दछ । यसले कर्मचारीहरूको मनोबल उच्च पार्दछ, कार्यसन्तुष्टि प्रदान गर्दछ र परिवर्तनप्रतिको विरोधमा कमी गर्दछ । त्यसैले प्रजातान्त्रिक नेतृत्वले सजिलै समूहको विश्वास आर्जन गर्दछ, सहयोग तथा निष्ठा हासिल गर्दछ ।

निर्णय प्रक्रियामा मातहतका कर्मचारीहरू सहभागी गराउने हुनाले उत्तम निर्णय गर्ने सम्भावना हुन्छ । यसमा कर्मचारीहरूको राय सुझावलाई दृष्टिगत गरी निर्णय गरिने हुनाले कर्मचारीहरू बढी सन्तुष्ट हुन्छन् । साथै उनीहरूमा बढी उत्प्रेरित हुन्छन् र उनीहरूको मनोबल उच्च हुन्छ । निर्णय प्रक्रियामा कर्मचारीहरूको सहभागिता हुने हुनाले यसले समूहको सहयोगात्मक भावना विकास गर्दछ र परिवर्तन प्रतिको विरोधमा कमी गर्दछ । यसले उनीहरूका

गुनासाहरूमा कमी गर्दछ । कर्मचारीहरूले मन लगाएर योजना कार्यान्यवन गर्ने हुनाले उनीहरूको उत्पादकत्वमा वृद्धि गर्दछ । निर्माण प्रक्रियामा कर्मचारीहरूसँग छलफल गरिने हुनाले उनीहरूले आफ्नो क्षमताको पूर्ण सदुपयोग गर्ने अवसर प्राप्त गर्दछन् र उनीहरूको निर्णय लिने क्षमतामा वृद्धि गर्दछ । मातहतका कर्मचारीहरूसँग विचार विर्मश गरी निर्णय गरिने हुनाले यसमा बढी समय लाग्दछ । यसले समस्या समाधान गर्न र निर्णय लिने कार्यमा नेताको अदक्षता र असक्षमता झल्काउँदछ ।

तल्लो तहको कर्मचारीहरूले सङ्गठनको जटिल प्रकृति बुझ्न नसक्ने हुनाले उनीहरूको सहभागिता प्रभावकारी नहुन सक्तछ । यसलाई कार्यभार र जिम्मेवारी पन्छाउने उपायको रूपमा प्रयोग गर्न सक्तछ । स्थानीय निकायका लागि स्थानीय नेतृत्वले क्षेत्र र केन्द्र बिच स्थानीय र क्षेत्रीय तहका लागि नीति निर्माण, योजना तर्जुमा र आयोजना सञ्चालनका लागि समन्वयको कार्य गर्दछ । स्थानीय नेतृत्व स्थानीय शासनमा सहभागी भएको नाताले सुशासनको अवधारणालाई स्थानीय तहबाट सफल रूपमा कार्यरूप दिन मद्दत पुऱ्याउँछ । ♦♦♦

गीत

## जय जय दुर्गे जय जय भवानी

✍ **ध्रुवनारायण जोन्छें**



जय जय दुर्गे, जय जय भवानी
जय जय माता हे बिन्धबासीनी
बिर्सी माया मोह, तिम्रो पाउ परैं
लिन्छौं खुसी भै आमा तिम्रै नाउँ ।

निशदिन सबले पुकारे तिम्रो नाउँ भक्ति भावले
हुन्छ सबै दुःख निवारण, छोड्छ तिर्सनाले
चराचर जगतकी जननी हे दूर्गे माता
भज्दछौं तिम्रै नाम, सुन्दछौं तिम्रै गाथा ।

दीन दुःखीको सुनिलेऊ माता पीर, बाधा, दुःख
भवसागर पार लगाऊ, पारी जीवन सुख
प्राणी सेवा गर्न सकौं, भक्तिभाव तिम्रै पाई
अखण्ड कीर्तन गर्न सकौं, हरपल मन रमाई ।

संस्मरण

# समवेदनाभित्रको समवेदना !



✍ **प्र.व.ना.नि. प्रेमराज मिश्र 'अभीष्ट'**

म त्यतिखेर इलाका प्रहरी कार्यालय, ठाँटीपोखरी गोरखामा कार्यरत थिएँ । कार्यालय प्रमुख भैपरी आउने विदा जानुभएकाले छोटो समयको लागि म निमित्त कार्यालय प्रमुख भएको थिएँ । मेरो लागि यो नयाँ अनुभव बटुल्ने अवसर थियो । साथै केही चुनौतीहरू पनि ।

झम्के साँझ पर्नै आँटेको थियो । चराहरू रूखमा बास बस्ने तरखर गर्दै थिए । म भर्खरै मात्र रोलकाल सकेर केही बेर प्रतीक्षालयमा टहलिइरहेको थिएँ । दिनभर कार्यालय व्यस्तता र बचेखुचेको समयको सदुपयोग गर्दै घरपरिवारसँग केहीबेर दुःख-सुखको गफ गर्न के लागेको थिएँ कार्यालय सहयोगीले बोलाइ हाले । म आफ्नो कुरा छोट्याएर मेसतिर लागेँ ।

उनले खाना पस्किँने तयारी गर्दै थिए । म हात धुन के लागेको थिँए मोबाइलमा 'रिङ्टोन' बज्यो । यो बिल्कुल नयाँ नम्बर थियो ।

मैले फोन 'रिसिभ' गरेँ -"जय नेपाल, म प्र.व.ना.नि.......... !"

ठहाक मेरो ब्रह्मले कुनै अप्रत्याशित मानवीय दुर्घटनाको अनुमान लगाइहाल्यो । मानौं त्यहाँ कुनै दुर्घटना भएको हुनुपर्दछ ।

म चिसै हात लिएर मेसबाट बाहिर निस्किएँ ।

हाम्रो लागि यो कुनै नौलो कुरो थिएन । हामीलाई प्रहरी जीवनको हरेक आरोह-अवरोह, उतार-चढाव र सङ्घर्षका कठिनाइहरू हाँसेर पिउने र जिउने आदत परिसकेको थियो ।

कार्यालय सहयोगीले भन्दै थिए- "सर ! खाना खाएर जानुभए हुन्थ्यो । म पनि उम्किन पाउँथें ।"

मैले हतारकासाथ भनेँ-"खाना खानुभन्दा पनि मान्छेको ज्यानको सवाल छ ।"

मोबाइलमा पुनः 'रिङ्टोन'को आवाज आयो- "सर !.....

यहाँ एक जना मानिस ट्र्याक्टरबाट लडेर घाइते भएको छ । तपाईंहरू छिटो आउनुपऱ्यो ।"

लगत्तै वडा अध्यक्षज्यूको फोन आयो जसले गर्दा घटनाको वस्तुस्थितिका

बारेमा बुझ्न धेरै बेर लागेन । तालुक सञ्चार शाखासँग आवश्यक समन्वय गरी म आफ्नो कमाण्डमा आवश्यक जनशक्ति लिएर हुइकिएँ सम्बन्धित घटनास्थलतर्फ ।

घटनास्थलमा यथासम्भव छिटो पुग्नु पर्ने पहिलो अहम् सवाल एवं कर्तव्य थियो हाम्रा लागि अर्थात् प्रहरीका लागि ।

रात्रीको समय । वर्षा याम । जंगलको बाटो । रातो माटो । कच्ची बाटो । घरी उकालो । घरी ओरालो ।

सडकको अवस्था र सवारीको रफ्तार एउटै लयमा मिलिरहेको थिएन । उडेर जाने मन हुँदाहुँदै गुडेर जानुपर्ने बाध्यता थियो, भौगोलिक विकटताका कारण ।

हामी लगभग आधा बाटो पार गरिसकेका थियौं । घटनास्थलमा पुग्न अब दशदेखि पन्ध्र मिनेटको पैदल दूरी छिचोल्नुपर्ने थियो ।

मोबाइलमा पुनः 'रिङटोन' बज्यो । मैले मोबाइल कानमै सटाएँ ।

"हेलो....,सर ! तपाईंहरू कहाँ आइपुग्नु भयो ? यस्तो बेलामा पनि तपाईंहरू आउनुहुन्न भने हामी माथि फोन गर्छौं, बुझ्नुभयो ?"

मैले संयमतापूर्वक भनें- "हजुर बिल्कुल नआत्तिनुहोस् । हामी नजिकै आइसक्यौं । तपाईं ढुक्क हुनुहोस् ?"

चालकले सवारीको रफ्तार बढाउन कोसिस गरे । तर के गर्नु सवारीको अवस्था पनि कमजोर थियो । हामी अन्नपूर्ण जंगल क्षेत्रको 'सटकट' बाटो छिचोलेर सिधैँ अगाडि बढ्यौं जहाँ घटनास्थलले प्रहरीको प्रतीक्षा गरिरहेको थियो ।

**नभन्दै** !

अन्दाजी वर्ष ३१ को युवक अचेत अवस्थामा बाटोमा लडिरहेको थियो । अवस्था गम्भीर देखिन्थ्यो । ढुकढुकीको गति मन्द थियो । मानिसहरूको डिलमा उभिएर चुपचाप रमिता हेरिरहेका थिए ।

घटनास्थलको सुरक्षा लगायत घाइतेको यथाशीघ्र उद्धार गर्नु प्रहरीको पहिलो कर्तव्य एवं जिम्मेवारी थियो ।

प्राप्त जानकारी अनुसार विगत केही वर्षदेखि निज घाइतेको आमा माइत आई बसोबास गरेको र सोही बखत अन्नपूर्ण वन क्षेत्र सडक खण्ड अन्तर्गत पर्ने सातदोबाटो सडक निर्माण कार्यमा ऊ श्रमिकका रूपमा खटिएको थियो । ऊ अत्यन्त सहयोगी एवं मिलनसार थियो । मैले स्थानीय स्रोतबाट ढुङ्गा 'लोड' गरेर फर्किने क्रममा ट्र्याक्टरबाट अचानक खस्न/लड्न गई वेहोश भएको र प्रारम्भिक अनुसन्धानका क्रममा जानकारीमा आएका कुराहरू तालुक कार्यालयमा प्रतिवेदन गरेँ । ट्र्याक्टर आगलागीबाट पूर्ण क्षति भइसकेको थियो । ठेकेदारसँग रूष्ट केही अपरिचित व्यक्तिहरूको समूहले उक्त ट्र्याक्टरमा आगो लगाएको कुरा

खुल्न आयो । उनीहरूले सडकमा पार्किङ गरिराखेको जे.सी.बी. र टिपरमा पनि आगो लगाउने दुस्साहस गरेका थिए । प्रहरी टोली समयमै पुगेकोले उनीहरूको यो प्रयास भने विफल भएको थियो । केही व्यक्तिहरूलाई नजिकको प्रहरी युनिटले नियन्त्रणमा लिइसकेको थियो ।

ट्र्याक्टर चालक फरार थियो । चालकको खोजतलास एवं पक्राउ गर्नु र ठेकेदारलाई सम्पर्कमा ल्याउनु प्रहरीको कर्तव्य एवं जिम्मेवारी भएकोले म यसमा सचेत थिएँ । निज घाइतेको अवस्था र घटनाका विषयमा अत्यावश्यक कुराहरू तालुक कार्यालयमा जाहेर गर्नु त छदैं थियो । अर्कोतिर स्थानीय र घाइतेहरूका आफन्तहरू आक्रोशित देखिन्थे । मैले परिस्थितिलाई संयमता पूर्वक काबुमा लिने प्रयत्न गर्दै थिएँ । केही बेर भनाभन/विवाद भयो । एकाएक दोहोरो झपड हुने स्थिति थियो ।

मादक पदार्थ सेवन गरेका केही मानिसहरू प्रहरीमाथि तथानाम गालीगलौज र अश्लील शब्दहरू प्रयोग गर्दै अशोभनीय हरकत प्रदर्शन गरिरहेका थिए । स्वयं स्थानीय जनता हुनुको नाताले घाइतेलाई तत्काल उद्धार कार्यका लागि प्रहरीलाई सघाउनु पर्नेमा उनीहरू प्रहरीमाथि नै जाइ लाग्ने प्रयास गरिरहेका थिए । प्रहरी डोरले स्वतन्त्रपूर्वक गर्न पाउने कानूनी कारबाहीमा अनावश्यक हुलहुज्जत र अवरोध सिर्जना गरिरहेका थिए । जहाँ मानवता धराप वा धर्मसंकटमा पर्दछ त्यहाँ मानवीय समवेदना टुट्ने प्रबल सम्भावना रहन्छ । यहाँ पनि यस्तै विषम स्थिति उत्पन्न भइरहेको थियो । झन्डै थप मद्दत मगाउनु पर्ने स्थिति थियो ।

ठिक त्यही समय वडा अध्यक्ष टुप्लुक्क आइपुगे । उहाँले स्थानीयहरूलाई सम्झाइ बुझाइ गर्नुभयो जसले गर्दा स्थिति विस्तारै अनुकूल बन्यो/बन्दै गयो ।

वडा अध्यक्षको भनाइ अनुसार नगरपालिकाको एम्बुलेन्स काम विशेषले बाहिर गएकोले तत्काल अन्य भरपर्दो सवारी उपलब्ध हुनसक्ने सम्भावना थिएन । यस्तो सङ्कटको घडीमा जनताको घनिष्ट मित्र र सहयोगी हात भनेकै प्रहरी थियो । घाइतेलाई नजिकैको अस्पताल लैजाने निधो भयो । घटनास्थलबाट निज घाइतेलाई तत्काल उद्धार गरी हामी सिधैं 'आँपपीपल अस्पताल'तर्फ सोझियौं ।

आँपपीपल अस्पताल भन्नेबित्तिकै मेरो मनमा उही पुरानो स्मृति सलबलायो । एक पटकको कुरो हो । बुबाको भनाइ अनुसार म आमाको कोखमा हुँदा मेरी आमा माइतमा जानुभएको थियो । आमाको माइत लमजुङ जिल्लाको कुन्छा भन्ने गाउँमा थियो । आमालाई अचानक प्रसव वेदनाले च्याप्यो । त्यतिखेर अहिलेको जस्तो अस्पताल र सुडेनीहरूको पहुँच थिएन ।

बिरामीलाई प्रायःडोकोमा बोकेर अस्पताल लैजाने बाध्यता थियो । बुबाले आमालाई यस अस्पतालमा भर्ना गरी आफ्नो भावी पुत्र प्राप्तिको मिठो सपना र दुःखको भार एकैसाथ बिसाउनु भएको थियो ।

**तर बिडम्वना** !

आमाले प्रशव वेदनाकै घडीमा संसार छोड्नुभयो एउटा अबोध शिशुलाई जन्म दिएर । आमाले उक्त शिशुलाई स्तनपान समेत गराउन पाइनन्, सालनाल स्पर्श गर्न त परै जावोस् ।

**कस्तो संयोग** !

त्यो टुहुरो शिशु कोही नभएर म नै थिएँ जो प्रहरी सङ्गठनको प्रतिष्ठा र स्वाभिमानलाई अक्षरसः शिरोपर गर्दै उच्च गर्वकासाथ नेपाल प्रहरीमा कार्यरत थिए । साथै उक्त अस्पताल यस इलाका प्रहरी कार्यालयको जिम्मेवारी क्षेत्रभित्र पर्ने भएकाले पनि म बढी उत्साहित थिएँ । मेरो लागि यो एउटा दुर्लभ अवसर थियो ।

चालकले सवारीको रफ्तारलाई कुशलतापूर्वक काबुमा लिइरहेको थियो । हामीलाई जतिसक्दो छिटो अस्पताल पुग्नु थियो । मेरो मनमा घाइते प्रतिको करूणाभाव र चिन्ताले ठाउँ ओगटिरहेको थियो । घाइतेको विषयमा सोच्चासोच्दै कति छिटै अस्पताल पुगिएछ थाहै भएन ।

हामीले घाइतेलाई सिधैं 'इमरजेन्सी वार्ड' मा दाखिला गर्‍यौं । घाइतेको अवस्था अपेक्षाकृत गम्भीर थियो । लगत्तै उसलाई आ.सि.यु.कक्षमा भर्ना गरियो ।

**करीब एक घण्टा पश्चात** !

मध्यरातको बाह्र बज्नै आँटेको थियो । चिकित्सकले उक्त घाइतेलाई मृत घोषणा गरे । मध्यरातको चिसो बताससँगै शनैःशनै एउटा नमिठो खबर सबैको कानमा ठोक्किन पुग्यो । अस्पतालमा सन्नाटा छायो । मृतकका आफन्तहरू हतप्रभ भए । मानौं मध्यरातमा एउटा आशाको दियो निभ्यो ।

नराम्रो खबर फैलिन कतिबेर लाग्थ्यो र ! छोरोको मृत्युको वियोग सहन आमालाई त्यति सजिलो कहाँ थियो र ! आमा डाँको छोडेर छाती पिटी पिटी रून थालिन् -"ए मेरो बाबु ! तिमी मलाई एक्लै छोडेर किन गयौ, अब म कसको मुख हेरेर बाँचू ? हे भगवान ! मलाई कुन जन्मको पापको सजाय दियौ नि........!"

मृतकको आफन्तलाई जानकारी गराउने क्रममा निजको बुबा र मामासँग सम्पर्क भयो । निजहरूले आफूहरू अस्पताल नआञ्जेलसम्म लास सुरक्षित राख्नु भन्ने उर्दी जारी गरे । अन्यथा आफन्तको सहमतिबिना लास उठाइएको खण्डमा अस्पताल तोडफोड गर्ने सम्मको कुरो आयो । जसले गर्दा अस्पताल क्षेत्रको थप सुरक्षा, घटनास्थल तथा लाशजाँच प्रकृति

मुचुल्का लगायत कानूनी रीतपूर्वकका प्रहरी कामकारबाहीहरू स्वतःप्रभावित हुनसक्ने सङ्केत देखा पऱ्यो । यद्यपि अस्पतालको नियमित काम कारबाहीमा समेत असहज वातावरण उत्पन्न हुन सक्ने सम्भावनातर्फ पनि हामी सचेत थियौं ।

देशको वर्तमान स्थिति नै यस्तै प्रकारले विकसित भइरहेको थियो । आम जनतामा प्रहरी प्रतिको अटुट विश्वास र भरोसा एकातिर थियो भने अर्कोतिर प्रहरी कार्यशैली प्रति नकरात्मक टिका टिप्पणी गर्ने जमात पनि कम थिएन । प्रहरी दुश्मनको लागि फलाम र मित्रका लागि सलाम हो । प्रहरी जिउँदाको जन्ती र मर्दाको मलामी पनि हो । प्रहरीले समय र आवश्यकता अनुसार दुवै ठाउँमा दुवै प्रकारको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ, जो हामीले गरेका थियौं ।

मध्यरात व्यतीत भइसकेको थियो । मैले अस्पतालमा विकसित पछिल्लो घटनाक्रमका सम्बन्धमा तालुक कार्यालयमा मौखिक जाहेर गरैं । लास 'पोष्टमार्टम'को लागि तुरून्त जिल्ला (सदरमुकाम) पठाउनु भन्ने आदेश भयो ।

आदेश शिरोपर गर्नु हाम्रो कर्तव्य थियो । अर्को कुरा सुरक्षाको दृष्टिकोणले लास जतिसक्दो छिटो सदरमुकाम पठाउन सकिएको खण्डमा हामीलाई पनि अस्पताल सुरक्षाको भार केही कम हुने देखियो ।

तर लास लैजाने पो कसरी ? के मा लैजाने ? बडो फसाद पऱ्यो । तत्काल न कुनै भरपर्दो साधन थियो न त शव वाहन नै । अन्ततःएउटा ट्र्याक्टरको व्यवस्थापन भयो ।

मैले यस विषयमा पुनःतालुक कार्यालय प्रमुखसँग सिधैं फोन सम्पर्क गरैं । सरले मृतक शवलाई ट्र्याक्टरमा ल्याउनु मानवीय दृष्टिकोणले कुनै पनि हालतमा न्योचित एवं सैह्य नहुने तर्क व्यक्त गर्नुभयो ।

मैले जागिरे जीवनमा पहिलो पटक प्रत्यक्ष अनुभव एवं अनुभूति गरैं- "हाकिम भनेको हाकिम नै हो जसले केवल आदेश दिने मात्र होइन स्वयं मानव र मानवीय सम्वेदनाको पनि नितान्त ख्याल गर्ने क्षमता एवं हैसियत राख्दछ । काँधमा फूली र फूली अनुसारको जिम्मेवारी पनि त्यत्तिकै पल्लाभारी हुन्छ/हुनुपर्दछ ।"

जहाँ समस्या हुन्छ त्यहाँ समाधान पनि लुकेको हुन्छ । वडा अध्यक्षको सहयोगले एउटा बोलेरो उपलब्ध भयो जसले गर्दा मध्यरातको अगाडि उभिएको एउटा विशाल पहाडरूपी समस्या समाधान भयो ।

मृतक शवको जिम्मा लिएर म स्वयं नै खटिन तयार भएँ । तालुक कार्यालयबाट प्राप्त पछिल्लो निर्देशानुसार हामी बाह्रकिलो भन्ने स्थानसम्म जाने भयौं । त्यहाँबाट आवश्यक सुरक्षार्थ

तालुक कार्यालयबाट खटिने रात्रीकालीन मोबाइल गस्तीले उक्त मृतक शवलाई 'रिसिभ' गर्ने आदेश भयो ।

हामी आवश्यक सुरक्षा व्यवस्थासहित सम्बन्धित गन्तव्यका लागि प्रस्थान गर्ने तरखरमा लाग्यौं । निज मृतकका बुबा र मामा लगायत अन्य आफन्तहरू सिधैं सदरमुकाम जाने खबर प्राप्त भयो । प्रहरीले गर्नुपर्ने रीतपूर्वकको सम्पूर्ण प्रहरी कर्महरू पूरा गऱ्यो जुन प्रहरीको धर्म थियो ।

**मध्यरात घर्कीसकेको थियो ।**

बोलेरो नै अन्तिम विकल्प थियो । जब सबै विकल्पहरू समाप्त हुन्छन् तब मानिस एउटा कठोर निर्णय लिन बाध्य हुँदोरहेछ,जो हामी यसको भुक्तभोगी थियौं । वडा अध्यक्षको रोहबर र मृतकका आफन्तहरूको परस्पर समन्वय एवं सुझबुझकासाथ बोलेरोमा निज मृतकको शवलाई राख्यौं ता कि यो कुरा आमालाई थाहा नहोस् ।

**परिस्थिति पनि कति कठोर** !

जो बुढेशकालको एउटै साहारा एवं भरोसा थियो आज त्यही छोरोलाई मृत्युले आमाको काखबाट खोसेको थियो । एउटै सवारीमा आमा र छोरा एकैसाथ सदरमुकाम गोरखा लगिदैं थियो ।

रात्रिको करीब तीन बजे हामी सम्बन्धित 'लोकेसन' अर्थात् बाह्रकिलो पुग्यौं । तालुक कार्यालयको निर्देशनानुसार रात्रिकालिन मोबाइल गस्ती पहिल्यै नै सम्बन्धित स्थानमा तैनाथ थियो । मैले आफूले जानकारी गराउनु पर्ने र बुझबुझारथ गर्नुपर्ने आवश्यक कागजात लगायत मृतक लास गस्ती कमाण्डरलाई जिम्मा लगाएँ । निज मृतकका आफन्तहरूसँग शान्त्वनाका शब्दहरू व्यक्त गरेर हामी फर्कियौं ।

कार्यालय फर्किने क्रममा मेरो मानसपटलमा तिनै तरोताजा दृश्यहरू सलवलाइरहेको थियो, फिल्मको दृश्य झैं । प्रारब्ध पनि कस्तो !

आमा अघि अघि मृतक छोराको शव पछि पछि, त्यो पनि एकै समय एकैसाथ एउटै यात्रा । यद्यपि गन्तव्य मात्र फरक ।

**उर्फ** !

बाटोभरि एउटा कुराको नमिठो पीडाबोध भयो । यदि प्रहरीले स्वतन्त्रपूर्वक गर्ने काम कारबाहीमा उश्रृङ्खल तत्वहरूले अवरोध सिर्जना नगरेको भए निज घाइतेलाई अकाल मृत्यु हुनबाट बचाउन सक्ने न्यूनतम सम्भावना थियो ।

**तर अफसोस** !

यो घटना एउटा प्रतिविम्ब मात्र हो । नेपालमा पछिल्लो समयमा घाइते तथा मृतकका आफन्तहरूलाई काखी च्यापेर मरेको लाशमाथि राजनीतिकरण गर्ने कुत्सित परम्परा ऐंजेरूको रूपमा

मौलाइरहेको छ । जसले गर्दा बेइमानी नियतका कारण क्षतिपूर्ति मागदावीको वहानामा अनेकौं गुण्डागर्दी र छद्मभेषी विचौलियाहरूको चरम आर्थिक लाभ तथा प्रलोभनको चक्रव्यूह परेर राजनीतिक शिकार भइइरहेका छन् मृतात्माहरू । यसको समुन्मूलन अन्त्य हुन जरूरी छ ताकि प्रहरी सङ्गठनलाई कथित विचौलियाहरूको राजनैतिक हस्तक्षेपबाट सधैंका लागि मुक्त गर्न सकियोस् र भविष्यमा कुनै पनि निर्दोष नागरिकले यसरी अनाहकमा अकाल मृत्युको सामना गर्नु नपरोस् । बरू सय अपराधी छुटुन् तर एउटा निरपराध व्यक्तिले सजाय भोग्न कहिल्यै नपरोस् । ♦♦♦

कविता

# अमरावती कान्तिपुरी नगरी



✍ **मुरारीराज मिश्र**

यहाँ चोर पुजिन्छन् सज्जन झैं
घुसखोर पुरस्कृत हुन्छन् सधैं
तर साधु गनिन्नन् कौडीसरि
अमरावती कान्तिपुरी नगरी !

महँगी, गरिबी अनि दुःख, पीडा
छ कतै लुटपाट, कतै झगडा ।
छ विकार अति र अनेक थरी
अमरावती कान्तिपुरी नगरी ।।

कहीँ हुन्छ जुलुस अनि उग्र कुरा
कहीँ बन्द, कतै हड्ताल पूरा ।
सर्वत्र छ, क्रान्ति अनेक थरी
अमरावती कान्तिपुरी नगरी ।।

कहीँ भोग, विलास र सुख सबै
कहीँ भोक, दरीद्र छ दुःख सधैं
छ पीडा र अभाव सहस्र थरी
अमरावती कान्तिपुरी नगरी !

न इमान, छ नैतिक मूल्य कुनै
जति लक्ष्य छ त्यो, पद पाउन नै
जसरी तसरी गुथने पगरी
अमरावती कान्तिपुरी नगरी ।

छ धूलो र धूवाँ, दुर्गन्ध अति
छ विकार, प्रदूषणकै फजिती ।
छ चकित, थकित, दुःखी विचरी
अमरावती कान्तिपुरी नगरी ।

यहाँ चाकडी, चुक्ली र चाप्लुसी नै
प्रगति गर्ने मूल मन्त्र छ है
सती श्रापित मातृभूमि विचरी
अमरावती कान्तिपुरी नगरी ।

कथा

# संस्कार



✍ **बिन्दु अधिकारी ढकाल**

"हलो वर्षा, नयाँ/नौलो खबर के छ नानी ? उता, घरमा आमाबुबा कुशलै हुनुहुन्छ नि ? अनि, तिम्रो पढाइलेखाइ कस्तो चल्दैछ ?" दर्के पानी जसरी वर्षाका कानमा प्रश्नहरू ठोकिएको त्यो विगततिर पुगेँ म ? थाहा छैन, मन किन बरालिन्छ तर अतितको याद रमाइलो हुन्छ। साँच्चै, त्यो बिहान नेटवर्क नभएरै हो ? वर्षा र अंकल बिच दोहोरो बात नभएको । पछि, उसले कारण भनी क्यार। हो, मैले पो भूले कि ? वर्षा सानै उमेरदेखि संस्कारी केटी हो । त्यतिखेर भर्खरभर्खरै ल्याण्डलाइन फोन सुचारू थियो। सहर बजारमा चलेको त्यो लहर पहाडतिर घरघरै पुग्छ/पुग्दैन हेर्न बाँकी नै छँदा जिल्ला सदरमुकाम र बजार भेगमा फाट्टफुट्ट "यहाँ सार्वजनिक टेलिफोन सेवा उपलब्ध छ" भनेर लेखिएका बोर्ड थिए। सञ्चार जगत् कसरी फड्किन्छ ? कल्पेको हिजो जस्तो लाग्छ।

"वर्षा, भर्खर तिम्रा अंकलको फोन आएको थियो। अघि कुरा पूरा भएन छ, लाइन कटेर हैन त ?" घरपटी दिदीले सोध्नु भयो । "तिमी घरैमा भएको सूचना दिएँ । मैले बेठिक त गरिनँ नि ? सायद, उहाँ यतै आउदै हुनुहुन्छ ।" पुनः दिदीको वर्णन थियो।

"नमस्कार ! म अघि फोनमा बोल्ने मानिस। भित्र आउन मिल्छ कि ? वर्षा नानी कता छिन् ?" घरपटी दिदीले गेट खोलेर अंकलको स्वागत गर्नुभयो । "वर्षा कोठा सरसफाइमा थिइन् । हजुर यता आउने खबर सुन्नासाथ पसल गएकी छन् । धेरै टाढा होइन । बस्नु होस् न हजुरहरू, उनी आई हाल्छिन् ।"

भेटघाटको त्यो माहोल नयाँ र अपरिचित जस्तो भएन। झूल्के घामजस्ता मानिसका रमाइला प्रसङ्ग आए। जस्तो कि कोपिला फक्रेको क्षण । हो, त्यस्तै मानव मुद्रा सजिए। नेपाली समाजको रीतिथिती, चालचलन र संस्कृतिबारे अनुभव साटासाट भयो । पहाड बस्ने, तराई झर्ने अनि काठमाडौं फड्को कसको ओझ कस्तो ? कुरा सुन्ने र सुनाउने क्रममा समय बितेको पत्तो भएन।

वर्षा कुन ढोकाबाट भित्री सुइँको समेत भएन। ग्लास-ग्लासमा पानी लिएर

बैठक कोठामा हाजिर भई । उसका लागि अंकल अपरिचित नहुनाले आकाश खुले झैँ मुद्रामा कुरा गरी । त्यहाँ कसैले विचार गरून्, नगरून् वास्ता भएन । गफिँदा विशेषतः बुबाआमाको दुःखभित्र पसेर संर्घषका कथालाई भविष्यमा कसरी हेरचाह गर्न सकिन्छ ? मूल प्रसङ्ग थियो । एक्लो सन्तानको दायित्व जीवन निर्वाहमा यति चनाखो हुनु चानचुने धारणा होइन । त्यो पनि विद्यार्थी उमेरमा ।

दुध चिया मिठो ! कालो बिना चिनीको चियालाई त्यो बेला चिया नै मानिँदैनथ्यो । अर्को, पाहुनालाई चिनी खानुहुन्छ, हुन्न ? चिया पकाऊ, नपकाऊ ? यी प्रश्न कसरी गर्नु ? चलन नै थिएन । नेपाली समाजको संस्कार अतिथिदेवो भवः अर्थात् पाहुना नै देवता ! हाम्रा हजुरआमा र आमाले बसाउनु भएको परम्परा ।

अंकलले दुध चिया नपिउने कुरा सार्वजनिक गर्नुभयो । रमाइलो पक्ष चाहिँ उहाँका साथीलाई दुध चिया नै चाहिने रहेछ । कुरै कुरामा मुखै फोरेर भन्नुभो- "मेरा लागि कालो चिया चियै होइन, मरिच पानी ।" यो सुनेर घरपटी दिदी मुख छोपेर हाँस्नुभयो । उहाँलाई कागती चिया नपिएसम्म बिहान शरीर चङ्गा नहुने कुरा बताउन लजाउनु भएन । सबै कुरा ध्यान दिएर सुनेकी वर्षाले त्यही अनुसारको ढङ्ग अवलम्बन गरेर पुनः बैठक कोठामा प्रवेश गरी ।

अङ्ग्रेजी ट्यूसन पढ्दै नेपाली पढाउनु वर्षाको दैनिकी थियो । हो, सरकारी स्कुलमा अङ्ग्रेजी भाषा प्राथमिकतामा नपर्ने हुनाले विद्यार्थीको सिकाइ कला-वर्षाले लिने ट्यूसन हो । बोडिङ स्कुलहरूमा नेपाली भाषालाई प्राथमिकतामा राखेर पढाइँदैन, लेखाइँदैन । अरू त अरू कक्षाकोठा बाहिर खेल्दा र दौडदा वा कुनै क्रियाकलापमा भाग लिँदा विद्यार्थीले नेपाली बोलेको संकेत पाए स्कुल प्रशासनले जरिमाना नै गर्छ । परिणामतः नेपाली सिक्न ट्युसन जरूरी भयो । यही अभिभारा वर्षाको काँधमा गयो ।

एक दिन फोनमा बुबाले भन्नुभयो- "छोरी वर्षा, दुई हप्ता भयो यता टेलिफोन नचलेको । भाइ सुन्दर तिम्रो डेरामा पुगेको कुरा बयान गर्दैथ्यो । ऊ एक्लै कि कोही साथी पनि थिए ? किन रहेछ, कुनै सङ्केत पायौ ?"

वर्षाको पालो- "हो बुबा, अंकल आउनु भएको थियो । घरपटी दिदीकै बैठक कोठामा बसेर चिया पिउनुभयो । मैले नै पकाएर खुवाएकी हुँ । त्यो दिन मेरो क्लास थिएन तर पढाउन चाहिँ जानु थियो । आन्टी र भाइ बहिनीको खबर सोधखोज बुझेपछि, अंकलसँग के बोल्नु र ? मेरो त बात नै सकियो ।"

केहीबेर बुबालाई सुनेर फेरि वर्षा "बुबा, अंकलसँग जो आउनु भएको थियो, उहाँले केही भन्नु भएन भन्दा 'हामी दुई भाइ एकै जिल्लाबासी हौँ । लामो समय पछि हिजो अचानक बरगाछी चोकमा भेट भइयो ।' यति हो भन्नु भएको । बिहान पुनः भेटेर मनिङ्वाकमा थियौँ, कहाँबाट वर्षाको सम्झना आयो, आयो । त्यसपछि नम्बर सोधखोज फोन गर्दै यहाँ आईपुगेका छौँ ।" बस्, अंकलको भाषा यही हो । किन ? केही छ र बुबा ?"

फोन काँटियो मतलव नेटवर्क गयो । जुन दिन त्यसले साथ देला, पुनः घण्टी बज्छ । यही विश्वासका साथ वर्षाको मन आफ्नो कामधन्दातिर खिचियो । करिब दुई घण्टापछि घरपटीको नाती दगुर्दै आयो र वर्षाका हातका औँला च्याप्प समातेर लिएर गयो । "यता सबै कुरा ठिक छ छोरी । अब मलाई भन त्यो दिन सुन्दर अंकलले तिमीलाई एकान्तमा लगेर केही भनो, भनेन ? हो, मैले बुझ्न खोजेको...।"

बुबा अड्किनुभयो । वर्षाको पालो- "छैन, केही भन्नु भएन तर एउटा कुरा अब हजुरको स्वास्थ्यलाई जाडो हावापानीले राम्रो गर्दैन । डाक्टरले जसरी नै किटान साथ भन्नुभयो । यसकारण जतिसक्दो चाँडो शरीरलाई सहज हुने गरी बस्नुपर्छ । अंकलको साथीको छोराको बिहे गर्न केटीको चाहरीमा हिँडेको बुझेँ । यहाँबाट नजिकै जानु छ भन्दै दुबै जना अघि बढ्नु भइसके पछि म पनि आफ्नो बाटो लागेँ ।"

पुनः बुबा- "छोरी, सुन्दरले फोन गरेको कतिखेर पछि ऊ डेरामा आयो ? अनि, के ख्वायौ ?" मैले नबुझेको पाटो चाहिँ- उहाँ(बुबा)लाई त्यो सबै किन चाहियो ? आखिर त्यत्रो खातिरदार किन र कुन उमंगले उकासेर हिँड्न बाध्य पार्दैछ ? हो, वर्षाले छेउकुना भेउ पाइन । वसन्त ऋतुको त्यो मौसम गर्मी भए पनि असह्य तातो थिएन ।

"मेरो पढाइ र हजुरको स्वास्थ्यभन्दा पर पुगेर अंकलसँग कुन कुरा भयो र ? एकएक बोली ख्याल गर्दा पनि याद छैन । हाम्रो घडेरी सुनसरी कि मोरङ कता छ ? समयमै सोच्नुपर्थ्यो तर अब सोच्ने मात्रै होइन, धमाधम काम सुरू होस् । नयाँ घर बनाउनु पर्छ । त्यहाँको जाडोबाट मुक्ति पाउन ।" यति भनेर वर्षाले फोन राखी ।

आकाशमा थोग्लो बादल नभएको उज्यालो कति मोहक दिन । त्यही कञ्चन वातावरणमा लुटुपुटु वर्षाको मन् आमा नजिक पुगेर भन्न लागि- "डुल्दै घुम्दै आएका अंकलसँगको त्यो भेटपछि बुबाको खुरन्धार किन अचाक्ली बढेको हो ? जतिखेरै सुन्दर, सुन्दर मात्रै भन्नुहुन्छ । त्यस बाहेक केही कुरै छैन जस्तो किन आमा ? मलाई थाहा छ, अंकल हाम्रो परिवारभित्रैको हुनुहुन्छ । यसमा शङ्का छैन तर जीवनमा

झलक नदेखेको रूपसँग किन सरोकार ? एउटा कुरा...!"

"छोरी, तिमी हाम्रो आँखाको नानी हौ र सुखदुःखको साथ पनि । मैले बोलेका कुरा हावा नठान । बरू ध्यान पूर्वक सुन । अंकल डेरामा आउनाको गुदी कुरो तिम्रो चालढाल, बोली वचन र तिमीमा पलाएको संस्कार सबै हेरेर बुझेर गए। पढेको जागिरे केटो परिवार पनि राम्रो र शिक्षित हुनाले अंकलले हामीलाई निर्णय बिन्दुमा पुग्न धकेल्दै हुनुहुन्छ...?" वर्षा बोल्नै नपाइ आँखा खुले। "हँ ? मैले यो कस्तो सपना देखेँ ? यही कुरा विपनामा भयो भने ? म...? म...? कसरी निदाउनु...?"

धर्तीको काखबाट कालो कम्बल हट्नु पूर्व चराले गाउँछन्। चिरबिर आवाज सुरू भइसकेपछि देखेको सपनालाई विपनाको झलक भन्ने चलन छ ! सुनसान बिहान फोनको टिङ टिङ रिङ वर्षाको कोठाभित्र छिरेर कानमा ठोकियो । त्यो बेला उसको मुटुको धड्कन झन् झन् रफ्तार गतिमा ढुकढुक भयो ।

बुबाआमा नै आलोपालो बोल्नुभयो । पढ्ने काम नपढ भन्नु भएन । पढाउने जिम्मेवारी अधुरो होस्, रहोस् झन् कसरी भन्नुहुन्थ्यो ? त्यो शैलीमा शंका गर्ने ठाउँ छैन । परिवारभित्रका मिठा कुराले छोरी वर्षालाई ढाडस मात्रै मिलेन, अघि भर्खर देखेको त्यो सपना सपनै हो, केही होइन। बरू दोष मेटियो यति सोच्दै थिई, बुबाका थप प्रसङ्गले उसको जीउमा कम्पन सुरू भयो।

"बिहे सामाजिक परम्पराको पाटो हो तर आफूलाई अन्माउन तिथिमिति तय गर्नुअघि एक पटक सोध्नु पर्ने होइन र ? मूल विषयलाई ओझेलमा राखेर बुबाले खाली सुन्दर अंकलबारे बुझ्न खोज्नु भयो। केटो मेरो जीवन साथी हुन लायक छ, छैन। म उसको लायक छु, छैन । आखिर मान्छे मान्छे नै हो तर उसको इच्छामा चल्न सक्छु, सक्दिनँ । मेरो भावना बुझ्छ, बुझ्दैन...? गौण कुरा कति छन्।"

लगनगाँठो कस्नमात्र बाँकी भनेपछि बर्चोट/हुँदैन, कसरी भन्नू ? एक मन वर्षाले ठाडै अस्वीकार नगरेकी होइन। "यतिखेरै तयार छैन म" मन भित्रबाट फुत्किसकेको आवाज संस्कार विरूद्ध होला भन्ने डर ! बाहिर नदेखाई भित्रभित्रै हुँडलिनु बाहेक विकल्प भएन। उसको त्यो पलमा घरपटी दिदी छक्क पर्दै प्रश्न गर्न अग्रसर हुनुभयो "अब स्कुले नानीहरूलाई कसले नेपाली पढाइ देला ? वर्षाले जसरी हात समातेर शुद्ध लेख्न कसले सिकाइ देला ? अनि, वर्षा स्वयंको पढाइ नि ?" कतैबाट जवाफ आएन।

कलेज पढ्न मधेस झरेकी वर्षाको बास फेरियो। नयाँ जीवनको सुरूवात उकालो ओरालो गर्नु नपर्ने ठाउँ भन्नासाथ त्यो जग्गा पहाड होइन। मैले गाउँ छोडिसकेको हुनाले

साथी सुरेन्द्र मार्फत वर्षाको बिहे हुने खबर सुनेको क्षण हिजो झैँ लाग्छ ।

'प्लस टु' सकिएको दिन खुसी थिई ऊ । 'लोकसेवा उत्तीर्ण गरेर सरकारी जागिर खान्छु' वर्षाको बोली हिजोझैँ लाग्छ । त्यही बेला हो आफन्तको घरमा भेट्दा निधार किन चिलाउछ, क्षितिज ? भनेर मलाई पटक पटक प्रश्न गरी । पहिला सुनेको नसुन्यै गरेँ तर उसले सोध्न नछोडे पछि मैले भनेँ- "हेर, वर्षा म ज्योतिष सोतिष होइन तैपनि दुईटा कुरा भन्छु, सुन्ने ? नम्बर एक तिम्रो निधारमा लामखुट्टे या भुसुनाले टोकेको हुनुपर्छ र चिलायो । नम्बर दुई तिम्रो शिर मान्छेको गोडामा पर्ने दिन टाढा छैन ।"

आफ्नो बाध्यता लगत्तै देशबाट पलायन भएँ म । प्रविधिको विकास यति द्रुत गतिमा भयो, के गाउँ के सहर घर-घरमा ल्याण्डलाइन फोन भित्रिए । गाउँघर सारा झिलिमिली बिजुलीमय भयो । मोबाइल फोनको जन्मसँगै इन्टरनेटको जमाना आयो । मुहार पुस्तिका अर्थात् 'फेसबुक'ले देश देशान्तर कति साथी बने, कतिलाई बनाइयो ।

मैले जब अंकललाई सामाजिक सञ्जालमा फेला पारेँ, बाल्यकालकी साथी वर्षाको याद मेरो मगजमा चुलियो । दैवले 'फेसबुक' मार्फत किन भेट्न दिएन ? प्रश्न गर्दै खोज्दै कति चाहरेँ ? व्यथित त्यो समय बयान गरी साध्य छैन । हामी कति मिल्थ्यौँ ? हाम्रो त्यो मित्रता असल साथी, सिर्फ साथी !

एक दिन सपनामा वर्षालाई देखेँ । त्यो स्कुल जाने बाटोमा हिँड्दैथ्यौँ । त्यो पल विपना भए कति रमाइलो हुन्थ्यो ? मलाई लाग्यो पुनः हामी गफमा डुब्थ्यौँ । जसरी भैँसी पोखरीमा आहाल बस्छ । सोचेको कुरा पुग्यो, साँच्चै मुहार पुस्तिकामा वर्षा भेट भई । त्यो सपना थिएन । यद्यपि विपना भन्न कति दिनसम्म पत्यार लागेन ।

पुनः प्राप्तिको त्यो अवस्थामा म थिएँ- परदेशमा । नेपाल फर्कने सुर थिएन । त्यतै सुनेको हुँ- वर्षाको घर चोरी भयो भनेर । त्यो दोष नवदुलहीको थाप्लोमा पर्नु कति जायज हो ? बाढीले खेत सोहरेर लग्नु अघिल्लो वर्षमात्रै भए भरको धन खन्याएको जमिन भनेर घरमा ठुलै हल्लाखल्ला चल्यो अरे । जानाजान खोलाको साँधमा सम्पत्ति खन्याउनेले उसैको झाँको झारेछन् । भनिएकै छ, जसरी दसा बाजा बजाएर आउँदैन । हो त्यस्तै- प्राकृतिक विपत्तिसँग कसको के लाग्छ ?

अज्ञात रोगबाट गोठका दोपाया चौपाया मरे । जलवायु परिवर्तनको असर पृथ्वी नै ज्वरो आएको अवस्थामा छ भने मान्छेले मान्छेलाई विशेषतः बुहारी (वर्षा) को के कसुर ? घटना घट्नु विनाश हुनु राम्रो होइन तर टार्नै नसक्ने काल कसरी भाग्थ्यो ? यस्ता यस्ता कबुल कसरी सहेकी होला ? सोचेर हैरान थिएँ म ।

समाज न हो कैफियतको पनि

कैफियत खोज्छ । पारिवारिक रूपमा अघि बढेको सम्बन्ध त्यस परिवारका लागि वर्षा इज्जत हो, होइन ? मान मर्यादा र संस्कार हो, होइन ? मेरो नातामा उसको बिहे हुनाले त्यस घरभित्र कति उकुसमुकुस बढ्यो ? शुभ, अशुभ र संस्कार भनेर कति कुरा फले । नाराबाजीको भाग इतिश्री सुन्न भ्याएँ । यी शीर्षकभित्र छिरेर वर्षाले बेदना खोलेकी होइन ।

"संघर्षको त्यो मैदानमा मेरो जीवनको लेखाजोखा कुहिरोभित्र उडेको कागको कथाभन्दा फरक छैन ! मसिना छोराछोरी हुर्काउन कति सकस भयो तैपनि हिम्मत हारिनँ । जीवनले के दियो भन्दा पनि आफूले कति गर्न सकिएला ? यो ध्येयले गोरेटो खोज्दै अघि बढ्दा कति ठाउँ लडेँ, कति पछारिएँ हिसाब छैन । आमाका कोखबाट जन्मेका सन्तान मैमात्र बाँचेकी भन्नु हुन्थ्यो । सानैदेखि घरको काममा बुबाआमालाई भरथेग गर्दै पढेँ । उहाँहरूलाई कुनै कुराले असहज नहोस् भन्ने मनसाय जुक्तिले घर गर्थे, व्यवहार टार्थे ।

हिलोमा कमल फूल्छ भने म त मानिस हुँ । मान्छे हुन सजिलो छैन तर चट्टानमा उम्रिएको पिपल कसरी बढ्छ ? हो, त्यही सोचले योग्यता बनाएँ । लाग्छ, मेरा आमाबुबाले सिकाउनु भएको त्यो संस्कारको परिणाम कुनै दिन, कुनै छिन र कुनै कुरामा कोहीभन्दा कमी महसुस भएन । लडन्त भिडन्त स्वयं हृदयलाई थाहा छ, कति कुरा पढेर सिकेँ, कति परेर । यसर्थ लाग्छ, संसारमा संस्कार भन्दा सर्वोपरि पाठ अरू छैन । मभन्दा अब्बल हुन्, मेरा सन्तान । यस पक्षमा सजग छु । उनीहरूका लागि अझै बफादार र संस्कारी हुनु छ ।"

वर्षा कति मिठो शैलीमा लेख लेख्छे ! उसलाई पढेर कुरो र कुलोबारे नेपाली शिक्षकले पढाउनु भएको पाठ सम्झेँ । ओखर र पाङ्ग्रो होइन, हामी सबै सधैँ मान्छे हुनुपर्छ भन्नु हुन्थ्यो । वर्षा त्यो अविरल होइन, जो घनघोर दर्किन्छ । मेरी बाल्यकालकी साथी वर्षा त्यो होनहार हो, जसले अप्ठ्यारोको अप्ठ्यारोलाई सहेर सधैँ चमत्कारपूर्ण कार्य गर्छे !

'हुने बिरूवाको चिल्लो पात' भने झैँ सामाजिक संघ संस्थामा निकै सक्रियता छ । सानो उमेरदेखिको त्यो लगाव चेतनास्तर नै उच्चतम् बाठी ! आफूले गलत नगरेसम्म अमित्थ हुँदैन भन्ने दृढ सोचको कारण समयले साथ दिएको छ । उसलाई खसाउन-फसाउन कति पछि लागे त्यो विगत ताजा छ । ठुलालाई आदर, सत्कार र सानालाई माया, ममता र प्रेमले सिञ्चित गर्न वर्षाले जसरी परिपाठ पार्न त्यो खानदानमै कसैले सकेनन् । जीवन भनेको असल संस्कारको उपज हो । त्यो बगैँचामा फक्रेको मानवरूपी फूल वर्षालाई चियाउने आम मानवीय चरित्र खास गरेर महिला वर्ग कसको चाहना नहोला- "कास म पनि वर्षा भई दिएकी भए !" ◆

# सडक सभ्यता र सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक चिल्ड्रेन पार्क



✍ प्र.व.ना.नि. बिष्णु थापा

सवारी दुर्घटना न्यूनीकरण र सचेतनाका लागि विद्यालयको पाठ्यक्रममा ट्राफिक शिक्षा समावेश गर्नुपर्ने तथा व्यावहारिक ज्ञानका निमित्त देशका विभिन्न स्थानमा 'ट्राफिक चिल्ड्रेन पार्क' को स्थापना गरिनुपर्ने आवश्यकता नेपाल प्रहरीले विगत लामो समयदेखि औंल्याउदै आएको विषय हो । ट्राफिक शिक्षा विद्यालयको आधारभूत स्तरमा नै समावेश गर्ने हो भने जनचेतनाको स्तर तलदेखि नै बढ्छ । ट्राफिक नियमबारे सैद्धान्तिक तथा व्यावहारिक ज्ञान तथा सिप दिन सके सवारी दुर्घटना घटाउन सकिन्छ । तथापि यस विषयमा सम्बन्धित सरोकारवाला निकायहरूले त्यस अनुसारको कार्ययोजना र कार्यान्वयनमा ध्यान पुऱ्याउन सकेको पाइदैन । विश्वभर र अझ विकासोन्मुख देशहरूमा हुने गरेका सवारी दुर्घटना र त्यसबाट हुने मानवीय क्षतिका कारण विशेषगरी बालबालिकाहरूको भयरहित र सुरक्षित यात्राको अधिकार उपभोगमा अवरोध सिर्जना भएको छ । विश्वमा हरेक दिन सवारी दुर्घटनाका कारण ५ सय भन्दा बढी बालबालिकाहरूले ज्यान गुमाइरहेको र दैनिक १ हजार भन्दा बढी घाइते हुने गरेको संयुक्त राष्ट्र संघको तथ्याङ्कले देखाउँछ । विश्वमा सवारी दुर्घटनाबाट हुने कुल मृत्यु मध्ये ९० प्रतिशत हिस्सा विकासोन्मुख मुलुकले ओगट्ने गरेको पाइन्छ । विश्व स्वास्थ्य संगठनले सडकमा हुने सवारी दुर्घटना, तीब्र गतिमा गएको माहामारीका रूपमा चित्रण गरेको छ ।

नेपालको सन्दर्भमा दुर्घटनाको अनुपात पनि विकराल बन्दै गएको छ । नेपाल प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाको तथ्याङ्क अनुसार विगत ५ वर्षको अवधिमा १ हजार ७९ जना बालबालिकाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन् । ३ हजार ६४ जना बालबालिका गम्भीर घाइते तथा अङ्गभङ्ग भएका छन् । त्यसैगरी ८ हजार ६ सय जना भन्दा बढी बालबालिका साधारण घाइते भएका छन् । सहज रूपमा सुरक्षित आवागमन गर्न पाउनु पर्ने अधिकार, त्यसमा पनि बाल

अधिकार संरक्षणमा देखिएको यो चुनौती मुलुकका लागि गम्भीर विषय हो । यस्ता सवारी दुर्घटनामा धेरै जसो बालबालिकाले आफ्नो अभिभावक समेत गुमाएका छन् । सवारी दुर्घटनाका कारण भएको यस्तो भयावह अवस्थाले देशको विकास र बालअधिकारको संरक्षण र वृत्तिविकासमा चुनौती थपिरहेको छ । यस्ता चुनौतीलाई सम्बोधन गर्न तत्काल ठोस र दुरदर्शी कदम चालिनु अत्यावश्यक भइसकेको छ। मानिसलाई शारीरिक रूपमा अपाङ्गता बनाउने मूल स्रोत मध्ये सवारी दुर्घटना पहिलो कारण हो । नेपालमा हवाई यातायात तुलनात्मक रूपमा सुरक्षित मानिन्छ । तर यो सेवा आम नेपालीको पहुँचमा पुग्दैन । सडक यातायात 'हुने-खाने' देखि 'हुँदा-खाने' सम्मको सहज पहुँच भएको माध्यम हो । हाम्रो जस्तो जल यातायातको पहुँचमा कमी तथा जल यातायातको अन्वेषण र उपयोग न्यून रहेको भूपरिवेष्ठित मुलुकमा सडक यातायात नै बहुसंख्यक नागरिकको आवागमनको माध्यम बनेको छ । तर विडम्बना, बहुसंख्यक सर्वसाधारणले प्रयोग गर्ने सडक यातायात नेपालमा सर्वाधिक असुरक्षित र जोखिमयुक्त छ ।

सडकको भौतिक अवस्था अवैज्ञानिक हुनु, ट्राफिक व्यवस्थापनको 'थ्री ई' (एजुकेशन, इन्जिनियरिङ र इन्फोर्समेन्ट) मूलतः लागू हुन नसक्नु, सडक यातायात सम्बन्धी तयार पारिएका नीति नियम कार्यान्वयनमा कमी, सडक प्रयोगकर्तामा सवारी नियमको ज्ञान र त्यसको पालनामा अभाव, यातायात व्यवसायीले सवारी नियम कानून र मापदण्डको उचित अनुशरण नगर्नु लगायतका कारणले सवारी दुर्घटना बढेको देखिन्छ । ट्राफिक व्यवस्थापनमा मानिसले कम प्रयोग गर्ने तथा 'थ्री ई' मध्ये एजुकेशन अर्थात् शिक्षा, सडक सुरक्षा, सडक सभ्यता र सवारी दुर्घटना न्यूनीकरणको प्रमुख आधार हो । यदि प्राथमिक तहमा नै विद्यार्थीहरूलाई ट्राफिक शिक्षाबारे सैद्धान्तिक र व्यावहारिक ज्ञान र सिप बारे जानकारी दिन सके त्यसले एकै पटक तीन तहमा सकरात्मक असर पार्न सक्छ । पहिलो, ऊ आफै सडक यात्राप्रति सजग, सचेत र संवेदनशील बन्छ । दोस्रो, आफ्ना अविभावकहरूलाई समेत ट्राफिक नियमका बारेमा आफूले जानेका कुरा सिकाउन सक्छ भने, तेस्रोमा आफू भन्दा स-साना भाइबहिनीहरूलाई ट्राफिक नियमका बारेमा जानकारी तथा कार्यान्वयन गराउनमा सहयोग गर्छ । यसरी एउटा तहलाई ट्राफिक शिक्षा प्रदान गरिदा एकै पटक तीन तहलाई शिक्षित गराउन सकिने अर्न्तराष्ट्रिय अनुभवबाट समेत प्रमाणित भइसकेको अवस्थामा नेपालमा भने त्यसको खासै कार्यान्वयन र अभ्यास भएको पाइदैन । विश्वका अष्ट्रेलिया,

बेल्जियम, क्यानडा, फिनल्याण्ड, फ्रान्स, जर्मनी, जापान, इण्डोनेसिया, रसिया, बेलायत, नेदरल्याण्ड, संयुक्त राज्य अमेरिका लगायतका देशहरूका शहरी तथा ग्रामीण क्षेत्रमा ट्राफिक पार्क, ट्राफिक बगैंचा वा सुरक्षा गाउँका रूपमा स्थापित यस्ता पार्कहरूले सवारी दुर्घटना उल्लेख्य मात्रामा घटाउन सहयोग पुगेको विश्लेषण गरिएको छ । शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा ठोस सहयोग पुऱ्याउने उद्देश्यले वि.सं.२०२८ साल भदौ ५ गते केन्द्रीय प्राविधिक कार्यालयको रूपमा पाठ्यक्रम-पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रको स्थापना भएको थियो ।

शिक्षालाई समसामयिक, व्यवहारिक, जीवन सिप उन्मुख, व्यावसायिक, प्रतिष्पर्धात्मक र गुणात्मक विद्यालय शिक्षाको लागि आवश्यक उपयुक्त पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, बाल सन्दर्भ सामाग्री, विद्यार्थी मूल्याङ्कन जस्ता शैक्षिक सामाग्री निरन्तर रूपमा विकास गरी आएको तथा बनाउनको लागि अनुसन्धानमूलक कार्यहरू निरन्तर रूपमा गरी आएको बताउने पाठ्यक्रम विकास केन्द्रले सवारी दुर्घटनामा परी बर्षेनी २ सय भन्दा बढी बालबालिकाले अनाहकमा ज्यान गुमाइरहँदा र केन्द्र स्थापनाको ५३ वर्ष बितिसक्दा पनि विद्यालयको पाठ्यक्रममा यथोचित ट्राफिक शिक्षा समावेश गर्न तथा व्यावहारिक शिक्षाका निमित्त ट्राफिक चिल्ड्रेन पार्क निर्माण गर्न जागरूकता नदेखाउनु दुःखद पक्ष हो । यदि पाठ्यक्रम-पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रले ट्राफिक चिल्ड्रेन पार्क निर्माण सहित सडक सुरक्षाबारे जागरुकता देखाएमा दुर्घटना न्यूनीकरणमा उपलब्धिमूलक हुने विज्ञहरू बताउँछन् । यस विषयलाई शैक्षिक संस्था सञ्चालकहरूले गम्भीर रूपमा नलिँदा सडक अनुशासन र बालअधिकार संरक्षणमा थप मद्दत पुग्न सकेको छैन । शैक्षिक सत्र सुरू हुने बेलामा विद्यालयका लागि आवश्यक पाठ्यक्रम निर्माण गर्दा विभिन्न लेख, रचना तथा सन्दर्भ सामाग्रीको सिफारिस गर्ने विद्धत व्यक्तित्वहरूले सडक सुरक्षाको लागि यस्तो पाठ्यक्रम बनाउनु पर्छ भनेर सिफारिस नगर्ने प्रवृत्तिले पनि बढ्दो दुर्घटनामा प्रश्रय दिएको छ ।

त्यसैगरी युरोप-अमेरिका तथा अन्य विकसित मुलुकहरूमा प्राथमिक तह देखि नै ट्राफिक शिक्षा तथा ट्राफिक चिल्ड्रेन पार्कको निर्माण गरी व्यवहारिक शिक्षा समेत सिकाईदै आएको र यसले गुणात्मक रूपमा सवारी दुर्घटना घटाएको छ भन्ने जानकारी लिएका व्यक्ति तथा शैक्षिक संस्थाहरूले पनि ट्राफिक शिक्षालाई पाठ्यक्रममा राख्न र ट्राफिक पार्क निर्माण गर्न खासै जोडबल गरेको पाइदैन । बालअधिकारको सुरक्षा गर्ने काम कुनै एउटा पक्षको मात्रै होइन,

सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारी निर्वाह गर्नुपर्छ । यति धेरै बालबालिकाले अकालमै ज्यान गुमाउँदा पनि अनविज्ञता बनेका र भोलिका देशका कर्णधारहरूलाई सवारी दुर्घटनाबाट बचाउन, पूर्व सजगता अपनाउन र सचेत नागरिक बनाउन महत्वपूर्ण भूमिका खेल्ने शिक्षा क्षेत्रका अन्य सरकारी, गैरसरकारी निकायहरू समयमै सजग र सचेत हुनु अत्यावश्यक मात्र होइन, निकै ढिला भइसकेको छ । त्यसैले बाल अधिकारको संरक्षण, सवारी दुर्घटना न्यूनीकरण र सडक अनुशासनलाई पालना गर्न विद्यालय स्तरबाटै सैद्धान्तिक तथा व्यावहारिक ट्राफिक शिक्षाको खाँचो अहिलेको आवश्यकता हो । भोलिका दिनमा सडक सभ्यता अभिवृद्धि गर्दै दुर्घटना रहित समाज निर्माण तथा शून्य मानवीय क्षतीको लक्ष्य प्राप्तिका लागि सम्बन्धित सबै सरोकारवाला निकायहरू 'ट्राफिक चिल्ड्रेन पार्क' सहितको सैद्धान्तिक तथा व्यावहारिक ट्राफिक ज्ञान दिने तर्फ थप गम्भीर र जिम्मेवार बन्नुपर्ने आवश्यकता देखिन्छ । ◆◆◆

लघुकथा

# रोजगारी



✍ **ममता मृदुल**

अब कति समय लाग्छ कलंकी पुग्न ? मैले सोधेँ, तीन मिनेटमा पुगिन्छ । उसले जवाफ दिएको मात्र थियो मोटरसाइकल धुनुमुनिदै घ्याच्च रोकियो । दुई जना केटी अगाडि आएर उभिए । मैले मोटरसाइकल चलाउन किन रोकेको जाउँ छिटो भनेँ ।

लाज सरम नभए पछि कसको के लाग्छ, अझैं जाउँ छिटो भनेकी । भनेर मेरो हात समातेर दुई जनाले तान्न थाले । मैले केही सोच्न सकिन । उनीहरूलाई रोक्ने उसको प्रयास असफल भएको छ । सडकमा मान्छेको भिड लाग्यो ।

मलाई तानेर बाटो छेउँमा लगेँ, मोटर साइकल छेउ लगाएर मलाई छेकेर ऊ उभियो । हातपात गर्न थालेका केटीलाई रोक्दै उसले भन्यो, के गरेका यस्तो ? किन बेकारमा गरी खान नदिएका तिमीहरूले ? लाज लाग्दैन यस्तरी केटी लिएर हिँड्न ?

उसको प्रश्नले म झस्के । भो अब मलाई पुर्याउनु पर्दैन । मेरो कुरा भुइँमा झर्न नपाउँदै अर्कीले झोक्किएर भनि । कति बाठी रैछे जान नदेउ त्यसलाई झम्टेर आएकी केटीलाई हातले रोके ।

ब्यागबाट एक सय चालिस झिकेर उसको हातमा दिँदै भने रोजगारी नपाएका आफ्ना मान्छेलाई पठाओ चलाउन पनि नदिने भए नि । हार्दिक धन्यवाद ॥

संस्मरण

# लघुकथा साहित्यमा अहिले सम्मकै भव्य कार्यक्रम



✍ गङ्गा कर्माचार्य पौडेल

“दिदी यसपाली हामीले पूर्ण प्रसाद ब्राह्मणको झिल्का लघुकथा सङ्ग्रहलाई आधार मानेर बाइस कृति एक दृष्टिको अवधारण ल्याएका छौं । सोही बमोजिम २२ थान लघुकथाका पुस्तकहरू एकसाथ लोकार्पण गर्ने तयारीमा छौं । यो ऐतिहासिक कार्यक्रममा तपाईँ छुट्न हुन्न है” नमस्ते आधुनिक लघुकथा मञ्चका अध्यक्ष घनश्याम डल्लाकोटी “कृष्णजी शर्मा”ले केही महिना अगाडि भन्नुभएको थियो । मसँग त किताब पुग्ने लघुकथा छैन मैले भनेँ । “लल लेखि हाल्नु त । एकहप्तामा पठाउनुभयो भने भै हाल्छ” । उहाँले भने पछि मैले फुटकर लेखिएका लघुकथा जम्मा पारेँ र अरू पनि लेख्न थालेँ । उहाँले सोध्नु भयो दिदी ! लघुकथा लेख्नु भयो ? विस्तारै लेख्दैछु । मेले जवाफ दिएँ । विस्तारै होइन छिटो लेख्नु न । दिनको पाँच वटा लेख्नु है । भोलिपल्ट फेरि सोध्नुभयो कतिवटा भयो ? यसरी दिनदिनै फोन गरेर सोधीखोजी गरे पछि मैले नलेखी धरै पाइन । उहाँकै प्रेरणा हौसलाबाट मेरो दोस्रो लघुकथा सङ्ग्रह अखवार प्रकाशित भएको थियो । २०७६ सालमा पहिलो लघुकथा सङ्ग्रह मौन प्रश्न प्रकाशित भएको पाँच वर्ष हुन लाग्दा पनि अर्को सङ्ग्रह प्रकाशन गर्ने तयारीमा थिइन म । त्यसकारण यो अखवार लघुकथा सङ्ग्रह प्रकाशनको श्रेय कृष्णजी शर्मालाई दिन चाहन्छु ।

पुस्तक लोकार्पण- “दिदी ! कार्तिक ६ र ७ गते दुइदिने लघुकथा साहित्य महोत्सव गरि एकसाथ २६ थान पुस्तकको लोकापर्ण गरिने योजना बन्यो । तपाईँ जसरी नि आउनु पर्छ है । कार्यक्रम भव्य बनाउने तयारीमा लाग्दैछु । तपाईँ र रञ्जु दिदीलाई विशेष सुविधायुक्त बस्ने ठाउँ मिलाउँला । नभए मेरै घरमा बस्दा पनि हुन्छ ।”

मैले मुखले मात्र हस भने । मनमा भने बाटोको भय थियो । केही दिन अगाडि मात्रै वर्षाको पानीले पहिरो झारेर, नदीले कटान गरेर यातायात बन्द भएको समाचार सुनेकी थिएँ । त्यसकारण हिँड्ने दुई दिन अगाडिसम्म पनि निर्णय गर्न सकेकी थिइन । छोराले बाटोको अवस्था बुझ्दै थिए । चान्सबस उनका साथी बुटवलबाट

आएका रहेछन् । उनले ठिकै छ । भनेपछि बल्ल अघिल्लो दिनमात्रै सोही कार्यक्रममा जानुहुने बहिनी राधा कार्की र रामकुमार पण्डित भाईसँग आफ्नै गाडीमा जाने निश्चित भयो ।

नौ गते बिहान छ बजे हामी चितवनका लागि प्रस्थान गर्‍यौं । बाटोमा कुरा गर्दै रमाइलोसँग जाँदै गर्दा मुङ्लिङ आएको पनि पत्तै भएन । १० बजिसकेकाले खाना यही खाएर जाउँ भन्ने सल्लाह भयो । राधा बहिनीले देवघाट जाने इच्छा गर्नुभयो । हुन त गाडी चालक कुमारले पनि रहर गरेका थिए । म भने पहिला पनि गइसकेकी थिएँ ।

जाँदै गर्दा देवघाट जाने बाटो लेखेको देखियो । बाटो पिच थियो । हामी राजमार्ग छोडेर दाहिने तिर लाग्यौं । जति अगाडि बढ्यो त्यती अचम्म लाग्यो । म पहिले गएको बाटो होइन जस्तो लाग्यो । अलिकति जङ्गल कटेर कच्ची बाटो हुँदै बस्ती भित्र छिरियो । त्यसपछि मलाई शंका लाग्यो यो बाटो होइन भनेर । किनभने म पहिला जाँदा देवघाटको बाटो सबै पिच थियो । त्यहाँको स्थानीयलाई सोध्दा पो थाहा भयो । त्यो बाटो त पक्की पुल तरेर पारी गाउँतिर जाने बाटो रहेछ । घुम्दै र सोध्दै आधा घण्टा जति व्यर्थै अलमलियौं । त्यतीबेला आफैसँग रिस उठ्यो मलाई गत सालको फागुनमा गुञ्जनको कार्यक्रमका लागि चितवन आउँदा गएको पनि कति छिटो बिर्सेको होला भनेर ।

पछि फेरि अघि गएकै बाटोबाट फर्किएर अलि अगाडि बढेपछि देवघाट जाने गेट देखियो । त्यसबाट हामी भित्र छिर्‍यौं । घाट नजिक पुगेपछि गाडी बगरसम्म लाने विचारले अघि बढ्दै गर्दा नदीतिर जाने बाटो तिर लाग्यौं । त्यहाँ सिढीहरू रहेछन् यताबाट हेर्दा ओरालो परेकाले देखिएन । फराकिलो भएकोले गाडि जान्छ भन्ने ठानेर जाँदै थियौ त्यहाँ वरपरका मान्छेहरू ए ! ए ! यताबाट होइन भन्दै कराए । कुमारले झ्याप्प गाडी रोकीहाले अनि गाडीबाट ओर्लीएर हेर्दा तल सिढी पो रहेछ । झण्डै दुर्घटनाबाट बचियो भन्दै आए । अनि अर्कै बाटोबाट त्यहाँ पुगीसकेपछि देखियो पहिला मैले देखेको नारायणी किनारा, घाट त धेरै परिवर्तन भएछ ।

कारण असार साउनमा आएको बाढीले किनार आसपासका धर्मशालाभित्र एक तला जति त बालुवा भरिदिएछ । सफा गरेरै सकेका थिएनन् । डोजरले बालुवा सोहर्दै थिए । एउटा भवन त निर्माणाधिन अवस्थामै रहेछ । त्यसको दुई तला माथि गम्लङ्गै एउटा ठूलो रुख लगेर राखिदिएछ बाढीले । देख्दै अचम्म लाग्ने मनमनै भने मैले हैन कति ठूलो बाढी आएछ ? अहिले त कल्पनासम्म गर्न नसकिने । अहिलेको अवस्थाको नारायणी कसरी त्यति ठूलो भयो होला भनेर । राधा र रामकुमार पण्डित डुङ्गा चढेर पारी गए ।

म त्यही किनारामै बसेर पवित्र नारायणीको दर्शन गरेँ । २०६२ सालमा गलेश्वर आश्रमको भवनमा बूढाबूढी एकहप्तासम्म बसेर त्यहाँ अवस्थित शरणागति आश्रम (नारायणी वारी) जसलाई खेमराज केशवशरणले सञ्चालन गर्नुभएको थियो । पारी ठूला तीन आश्रम थिए गलेश्वर आश्रम, हरिहर आश्रम र महेश आश्रम । तीनओटै आश्रमहको भव्यता अहिले पनि मेरो आँखामा झलझली आइरह्यो ।

साँझ पर्नु अगाडि नै गन्तव्यमा पुग्यौ हामी ललिता बहिनी पुगीसक्नु भएको थियो । कृषि तालिम केन्द्रमा खान बस्न मिलाइएको रहेछ । फूलै फुलको बगैंचामा कुर्चिहरू राखिएका थिए । पर्वतका पुन समाजले आफ्नो सांस्कृतिक नाच, सरस्वती जगाउने नृत्य र पुर्सुङ्गे नृत्यबाट पाहुनाहरूको स्वागत गरिएको थियो । ती नृत्य हेरिरहँदा मलाई लाग्यो नेपालीहरू जुन ठाउँमा गएर बसे पनि आफ्नो धर्म, संस्कृति र परम्पराको जगेर्ना गर्ने कुरामा सजग देखिन्छन् । धेरै वर्ष पहिले पर्वतबाट बसाइँ सरेर चितवन पुगेका पुनहरू यसरी संगठित भएर २० जना पुरुष महिलाले एकसाथ नृत्य गरेर रमाइलो गरे । त्यसैगरी पुर्सुङ्गे नृत्यमा पुरुषलाई महिलाको पोसाक लगाई त्यसमा सिंगार पटार आभूषण पनि पहिराई महिला जस्तो देखिने सुन्दर नृत्य प्रस्तुत गरेर हामीलाई भरपुर मनोरञ्जन गराइएको थियो । साँझ तालिम केन्द्रमा खाना खाएर राधा बहिनी र म होटल जुमेरामा गई आरामले रात बितायौ । भोलि पल्ट बिहान ८ बजे बिहान फेरि तालिम केन्द्रमै गएर खाना खाई भाइ, बहिनी र म सौराहा गयौं । १० बजे होटल जुमेरामै आएर कार्यक्रममा सहभागी भयौं ।

कार्यक्रमको उद्घाटन-सभाध्यक्ष नमस्ते आधुनिक लघुकथा मञ्चका अध्यक्ष घनयाम डल्लाकोटी कृष्णजी शर्मा, प्रमुख अतिथि प्रा.डा. चूडामणि बन्धु, विशिष्ट अतिथि प्रा.डा. विदुर चालिसे, विजय चालिसे, पुष्कर लोहनी, गोपाल अश्क, ध्रुब मधिकर्मि, गङ्गा कर्माचार्य पौडेल, ललिता दोषी, इन्द्र प्रसाद रेग्मी, अवधेश सिंह, नन्दकृष्ण जोशी, आनन्द कार्की, डा. शंकर प्रसाद गैरे, लक्ष्मण अर्याल, दाता श्री विष्णु डल्लाकोटी, श्रीमती बेलीमया डल्लाकोटी रहनु भएको उक्त कार्यक्रममा लघुकथा कृतिकारहरू, स्थानीय जनप्रतिनिधि साहित्य प्रेमीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

प्रमुख अतिथि प्रा.डा.चूडामणि बन्धुबाट कलात्मक पानसमा दियो बालेर लघुकथाका प्रवर्धक पूर्ण प्रसाद ब्राह्मणको तस्विरमा माल्यार्पण गरी कार्यक्रको उद्घाटन गर्नुहुँदा पुरेत भगवान आचार्यज्यूबाट स्वस्ती वाचन, धौलागिरि नौमती बाजा समूहका कलाकारबाट नौमती बाजाको मङ्गल धुन गुञ्जायमान भएको थियो ।

त्यतीबेलाको माहौल देख्दा मलाई एउटा धनाढ्य घराना व्यक्तिको विवाह उत्सवको जस्तो अनुभूत भयो । पुस्तक लोकार्पणका बेला हातमा आ-आफ्नो लघुकथा कृति लिएर उभिएका स्रष्टाहरूको मुहारमा झल्किएका खुसी, उत्साह, उमङ्ग त झन् हेर्न लायक कै थियो । कार्यक्रमको दृष्य डिजिटल बोर्डमा देखाइनाले समारोहमा थप रौनक छाएको थियो । प्रमुख अतिथि प्रा.डा चूडामणि बन्धु सहित विशिष्ट अतिथिहरूबाट पानसमा बत्ती बाली नेपालका लागि प्रथम लघुकथा कृतिकार पूर्ण प्रसाद ब्राह्मणको तस्विरमा माल्यार्पण गरेर उहाँको आत्माको चिरशान्तिका लागि एक मिनेट मौनधारण पछि कार्यक्रम सुरु भएको थियो । उक्त समारोहलाई कोषाध्यक्ष मिठुदेवी डल्लाकोटीले स्वागत भाषण गर्नुभएको थियो । गुरु संगती पाठशालाका गुरु सिंजाली मगर सहित उहाँको गायन समूहले स्वागत गीत गाएर सभाको थप रौनक बढाइएको थियो ।

त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरका ब्याण्डबाजा समूहले राष्ट्रगानमा धुन भरेका थिए । त्यसपछि २६ ओटा कृतिहरूको एकसाथ लोकार्पण गरिएको दृष्य कहिल्यै नर्बिसने किसिमको थियो । त्यसपछिको पालो थियो वरिष्ठ साहित्यकारहरूलाई अभिनन्दन- यसमा सबैभन्दा पहिला वरिष्ठ साहित्यकार पुस्कर लोहनीज्यूलाई कथाकुथुङ्ग्री सर्जन विशिष्ट नायक अभिनन्दन गरिएको थियो । त्यसपछि ध्रुब मधिकर्मीलाई अविश्रान्त लघुकथा साधक अभिनन्दन गरिएको थियो । त्यसैगरी वरिष्ठ साहित्यकार डा. विदुर चालिसेलाई आदर्श लघुकथा साधक सम्मान, वरिष्ठ साहित्यकार विजय चालिसेज्यूलाई अग्रज लघुकथाकार सम्मान, वरिष्ठ साहित्यकार रञ्जुश्री पराजुलीलाई वरिष्ठ लघुकथा नारी हस्ताक्षर सम्मान, वरिष्ठ गायक नन्दकृष्ण जोशीलाई डेउडा गायन सम्मान, वरिष्ठ गाएक आनन्द कार्कीलाई लघुकथा वन्दना गायक विशिष्ट सम्मानबाट सम्मानित गरिएको थियो ।

त्यसैगरी नवोदित स्रष्टाहरूलाई हेमलता स्मृति सम्मान २०८१ बाट महिला तर्फ प्रभादेवी पौडेलज्यूलाई र पुरुष तर्फ राजन ग्यालवाङ्लाई पुरस्कृत गरिएको थियो । त्यसैगरी कृति पुरस्कार पहिरो लघुकथा सङ्ग्रहका कृतिकार ललिता दोषीलाई नगद राशी रु. ११,१११ र प्रमाण पत्र प्रदान गरिएको थियो । डा. विदुर चालिसेकृत शताब्दम् माहा शक्ति नेपालकै लागि प्रथम लघुकथा महासङ्ग्रह उत्कृष्ट ठहर गरी प्रथम नमस्ते झिल्का पुरस्कार नगद राशी रू.२२,२२२ सहित पुरस्कृत गरिएको थियो ।

त्यसैगरी स्रष्टा श्री सुरेशकुमार

पाण्डेज्यूलाई नगद राशी रू.७०००।- सहित वर्ष लघुकथाकार सम्मान २०८१ अर्पण गरिएको थियो । रू.५०००।- सहितको वर्ष पाठक पुरस्कार पनि सुरेश कुमारजीले नै प्राप्त गर्नु भएको थियो । त्यसैगरी २२ जना लघुकथा कृतिकारहरूलाई ताम्रपत्र सहितको गुरुकुल लघुकथा सुसोभन सम्मान २०८१ अर्पण गरिएको थियो । त्यसैगरी रेडियो पत्रपत्रिका स्तम्भकारलाई, वर्ष उत्कृष्ट सामाजिक पत्रिका सम्मान सम्पादक अनिल कर्माचार्यलाई अर्पण गरिएको थियो । पुरस्कार अर्पण पछि क्रमश मन्तव्य पनि प्रस्तुत गरियो । सुरुमा मैले सोचेकी थिएँ यती धेरै कार्यक्रम राखेकोले यतै रात पर्छ होला तर २ बजे भित्रै सकियो । त्यसपछि विभिन्न बाजागाजा स्नानीय संस्कृति झल्किने नृत्यहरू अघि लाएर वरिष्ठ स्रष्टाहरूलाई दुइघोडे बग्गीमा राखेर जुमेरा होटलदेखि नगरपालिकाको प्राङ्गणमा पुर्‍याई फेरि होटलको हलमै फर्काइएको थियो । साँझको खाना पछि वरिष्ठ गायक आनन्द कार्कीले लघुकथा बन्दना र आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गर्नु भएको थियो भने वरिष्ठ डेउडा गायक नन्दकृष्ण जोशीले झ्याम्म झ्याम्म सहित केही गीतहरू प्रस्तुत गर्नु भएको थियो एउटै कार्यक्रम स्थलमा विविध प्रकारका प्रस्तुतिहरू भइरहँदा कहीँ कतै पनि गडबड भएको थिएन । झट्ट हेर्दा ओहो नि यति धेरै कार्यक्रम कसरी सक्नु भने झैं लागेको थियो मलाई तर गर्दै जाँदा सहजतापूर्वक समयमै सकिएको देख्दा औधी खुसी लाग्यो यो सब कृष्णजी शर्माको कुशल नेतृत्वको परिणाम थियो । मैले त अहिले सम्मकै यती भव्य र व्यवस्थित साहित्य कार्यक्रम पहिलो चोटि चितवनमै देखेँ । यसका लागि नमस्ते आधुनिक लघुकथा मञ्च चितवनका अध्यक्ष घनश्याम डल्लाकोटी, उहाँकी धर्म पत्नी मिठुदेवी डल्लाकोटी र सम्पूर्ण पदाधिकारी प्रति हृदयदेखि बधाई, धन्यवाद ज्ञापन गर्दछु । ♦♦♦

गजल



✍ **बलराम पौडेल**

रुने कराउने भएको छु एक्लै भएको वेला
बर्बराउने भएको छु एक्लै भएको वेला

भेट्न आउनेले दैलो आफै जोरेर जानुहोला
लर्खराउने भएको छु एक्लै भएको वेला

भोलि पर्सी बोली पनि नबुझिन सक्छ मेरो
थर्थराउने भएको छु एक्लै भएको वेला

न आफन्त सँगै छन् न पराई नै सँगै भए
पर्पराउने भएको छु एक्लै भएको वेला

बोलिरुपी मलहम भए लिएर आउनु महोदय
चर्चराउने भएको छु एक्लै भएको वेला

# गरिबी निवारणमा समन्वयात्मक प्रयासको खाँचो



✍ रत्न प्रजापति

गरिबीका धेरै कारणहरूमध्ये बेरोजगारी एउटा मुख्य कारण हो । बेरोजगारी बढ्दै जाँदा गरिबी पनि बढ्छ। अहिले नेपालमा बेरोजगारीको दर ११.४ प्रतिशत छ । यो आँकडाले नेपालमा बेरोजगारीको अवस्था कहालीलाग्दो रहेको देखाउँछ। गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउनका लागि बेरोजगारीको दर कम गर्नु अथवा बेरोजगारको संख्या कम गर्नु आवश्यक छ।

कृषिमा समयसापेक्ष सुधार गर्न नसकिएको, बरु कृषिलाई समाज र राज्यस्तरबाटै उपेक्षा गरिएकाले कृषिमा संलग्न जनशक्ति क्रमशः घटिरहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कृषिमा संलग्न जनसंख्या ६५.६ प्रतिशत थिए । राष्ट्रिय जनगणना २०७८ अनुसार कृषिमा संलग्न जनसंख्या ५०.१ प्रतिशत मात्रै छ। यसरी कृषिमा उज्ज्वल भविष्य र आर्थिक समृद्धिको सम्भावना नदेखेर विशेषगरी युवा जनसंख्या रोजगारीको अरू विकल्पको खोजीमा लागेकाले श्रम बजारमा रोजगारी खोज्नेहरूको जमात बढेको छ । तर राजनीतिक, सामाजिक र प्राकृतिक कारणले देशमा आर्थिक क्रियाकलापमा बढोत्तरी हुन नसक्दा गैरकृषि क्षेत्रमा अपेक्षित रोजगारीको अवसर सिर्जना हुन सकेको छैन। स्वरोजगार बन्ने अवसर र वातावरण समेत नहुँदा बेरोजगारहरूको संख्या दिनप्रतिदिन बढिरहेको छ । बेरोजगारी बढेसँगै गरिबी पनि बढ्ने हुँदा राज्यले थालेको गरिबी निवारणको प्रयास निस्प्रभावी बन्दै आएको छ।

गरिबीकै कारण समय-समयमा अप्रिय सामाजिक घटनाहरू पनि भइरहेका छन्। प्रहरीको तथ्याङ्कले बर्सेनी आत्महत्या गर्नेहरूको संख्या बढिरहेको देखाएको छ। नेपाल प्रहरीको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा ६ हजार ९ सय ७४ जनाले आत्महत्या गरेका छन् । अघिल्लो आर्थिक वर्षमा ६ हजार ७ सय ९२ जनाले आत्महत्या गरेका थिए।

पछिल्लो तथ्याङ्कअनुसार दैनिक औसत १९ जनाले आत्महत्या गरेको देखिन्छ । आत्महत्याको यो कहालीलाग्दो अवस्थाले देशमा व्याप्त गरिबीलाई औंल्याइरहेको देखिन्छ।

गरिबीका कारण देशको संघीय राजधानी काठमाडौँमै सामूहिक आत्महत्या प्रयास भएका छन् । २०७८ साल फागुन २३ गते सोमबार काठमाडौँ महानगरपालिका वडा नं. १५ डल्लु स्थायी ठेगाना भई नागार्जुन नगरपालिका वडा नं. ६ स्थित रामकोट, डाँडापौवामा डेरामा बस्ने भीममान प्रधानको पाँच सदस्यीय परिवारले नै विष सेवन गरी आत्महत्या प्रयास गरेको घटना हामीले बिर्सेका छैनौँ । यसैगरी २०७७ साल फागुन २३ गते दैलेखको आठवीस नगरपालिका-३ निमाइलकी सुखी बडुवालले उनका तीन छोरी र एक छोरासहित पाँच जनाले कर्णाली नदीमा हाम फालेर सामूहिक आत्महत्या गरेका थिए । कारण गरिबीको पीडा नै थियो ।

बिरामी पर्दा बाँच्ने आशामा उपचारका लागि अस्पताल जाने हो तर अस्पतालमा उपचार गराइसकेपछि उपचार खर्च तिर्न नसकेको पीडामा अस्पतालको छतबाट हाम फालेर अस्पतालमै आत्महत्या गर्नेहरू पनि धेरै छन् । गरिबीले मान्छेको जिजीविषाको पनि हत्या गरिरहेको छ । आत्महत्याका धेरैथरि कारणहरूमध्ये आर्थिक अवस्था एउटा मुख्य कारण हो । आर्थिक अवस्था कमजोर भएर अर्थात् गरिबीले पिल्सिएर बाँच्नै गाह्रो भएपछि मान्छेले आत्महत्याको बाटो रोज्ने गरेका छन् ।

नेपालमा गरिबीको कारण भोकले तड्पिएर र रोगले थलिएर अत्यन्तै दयनीय जीवनयापन गर्ने मान्छेको संख्या उल्लेख्य छ । यी सबै गरिब मान्छेहरूको दयनीय दिनचर्या अखबारहरूको समाचार बन्दैनन् । त्यसैले त्यस्ता गरिब मान्छेहरूको यथार्थ स्थितिबाट हामी अझै अनभिज्ञ छौं । यद्यपि यसरी गरिबीकै कारण निराश भएर र दुःखी जीवनदेखि हतास भएर एकल र सामूहिक आत्महत्या गर्ने क्रम बढिरहेको अवस्थामा तथ्याङ्कमा भने गरिबी क्रमशः घटिरहेको देखाइने गरेको छ, जसलाई पत्याउन गाह्रो लाग्छ ।

केन्द्रीय तथ्याङ्क कार्यालयको पहिलो नेपाल जीवनस्तर सर्वेक्षण २०५२/५३ को प्रतिवेदनअनुसार नेपालमा गरिबीको रेखामुनिको जनसंख्या ४१.७६ प्रतिशत थियो । दोस्रो नेपाल जीवनस्तर सर्वेक्षण २०६०/६१ प्रतिवेदनअनुसार गरिबीको रेखामुनिको जनसंख्या ३०.८५ प्रतिशत थियो । यसैगरी तेस्रो नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ को प्रतिवेदनअनुसार गरिबीको रेखामुनिको जनसंख्या २५.३९ प्रतिशत रहेको जनाइएको थियो । यसैगरी पछिल्लो अर्थात् चौथो नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० को प्रतिवेदनअनुसार नेपालमा गरिबीको रेखामुनिको जनसंख्या २०.२७

प्रतिशत रहेको जनाइएको छ । यसरी तुलनात्मकरूपमा हेर्दा पछिल्लो करिब चार दशकमा नेपालमा गरिबीको रेखामुनिको जनसंख्या १९.४९ प्रतिशत बिन्दुले घटेको देखिन्छ ।

तथ्याङ्कमा गरिबी घटे पनि वास्तविक गरिबहरूको सङ्ख्या घट्न नसकेको यथार्थ हामीसामु छर्लंग छ । तथ्याङ्कअनुसार सहरी क्षेत्रमा गरिबीको रेखामुनिको जनसंख्या १८.३ प्रतिशत रहेका छन् भने ग्रामीण क्षेत्रमा २४.७ प्रतिशत रहेका छन् । बहुआयामिक गरिबी सूचकाङ्क २०२१ अनुसार नेपालको बहुआयामिक गरिबी १७.४ प्रतिशत रहेको छ ।

सबैभन्दा बढी गरिबी कर्णाली प्रदेशमा ३९.५ प्रतिशत रहेको छ भने सबैभन्दा कम बागमती प्रदेशमा ७.० प्रतिशत रहेको छ । राष्ट्रिय योजना आयोगले तयार पारेको सोर्‍हौँ योजनाको दस्तावेजमा उल्लेख भएअनुसार योजना अवधि (आ.व.२०८५/८६) सम्ममा गरिबीको रेखामुनिको जनसंख्या १२.० मा झार्ने लक्ष्य छ । सोर्‍हौँ योजनामा उल्लेख गरिएको भएको दीर्घकालीन सोच २१०० अनुसार सो अवधिसम्ममा गरिबीको अन्त्य र बहुआयामिक गरिबी ३.० प्रतिशतमा सीमित गर्ने भनिएको छ ।

तथ्याङ्कले गरिबी घटेको देखाएको छ । तर समाजलाई नियाल्दा गरिबी र अभावसँग लडिरहेका, जीवनका लागि संघर्ष गरिरहेका, रोग र भोकसँग लडिरहेका, निन्याउरो अनुहार लिएर अँध्यारोमा भौँतारिँदै उज्यालोको खोजीमा रहेका मान्छेको भिडलाई हेर्दा चाहिँ गरिबी घटेको होइन बढेको महसुस हुन्छ । अभावको पूर्ति र सुखको खोजीमा गाउँबाट सहर, सहरबाट देशको राजधानी र त्यहाँबाट पनि विदेश पुग्ने मान्छेहरूको सपनाको खोजलाई हेर्दा साँच्चै देशमा गरिबी घटेको जस्तो लाग्दैन, बरु बढे जस्तो लाग्छ ।

गरिबी घटेको भए अभावै अभावमा बाँच्नेहरूको संख्या घट्नुपर्ने हो । रोग र भोकसँग पौँठेजोरी गर्नेहरूको संख्या घट्नुपर्ने हो । अशिक्षा र अज्ञानताको अँध्यारो गर्तमा रुमलिनेहरूको संख्या घट्नुपर्ने हो । भोकले चाउरिएका अनुहारको संख्या घट्नुपर्ने हो । रोगलाई लुकाएर बाँच्ने वा रोगको पीडाले छटपटाउँदै बाँच्नेहरूको संख्या घट्नुपर्ने हो । हरेक वर्ष हुम्ला, जुम्ला र जाजरकोटका जनताले झाडापखाला लाग्दा एक पुरिया जीवनजलको अभावमा मर्नु नपर्ने हो । तराईमा शीतलहर चल्दा चिसोमा कठ्यांग्रिएर दर्जनौँ मान्छेको मृत्यु नहुनुपर्ने हो । खाली खुट्टामा मैलोधैलो र फाटेको कमिज अनि फाटेकै पाइन्ट लगाएर स्कुल जाने बालबालिकाको संख्यामा कमी

आउनुपर्ने हो । गरिबीकै कारण शिक्षाबाट वञ्चित बालबालिकाको संख्या शून्य हुनुपर्ने हो । बाटोमा हिँड्दा पिर, व्यथा र निराशाले अँध्यारिएको अनुहार कम देखिनुपर्ने हो । सहरका सडकहरूमा सहयोगापेक्षीहरूको संख्या शून्य हुनुपर्ने हो । घरको चुलोमा आगो बाल्नकै लागि आगोले जस्तै पोल्ने घाममा काम गर्न नेपाली युवा खाडी मुलुक पस्ने क्रम रोकिनुपर्ने हो ।

अनि गरिबीकै कारण आफ्नै जीवनलाई बोझ सम्झेर जीवनलाई नै समाप्त पार्नेहरूको संख्या घट्नुपर्ने हो, शून्य हुनुपर्ने हो । तर यी यावत कुराहरूमा कमी आउन सकेको छैन । त्यसैले भन्न करै लाग्छ, तथ्याङ्कमा गरिबी घटे पनि गरिबहरू घटेका छैनन् र गरिबीका कारण कष्टपूर्वक गुजारा गर्नेहरू घटेका छैनन् । त्यसैले सर्वेक्षणको नाउँमा तथ्याङ्क केलाएर गरिबी घटेको देखाउने कसरत गर्नुभन्दा साच्चिकै गरिबी घटाउने आर्थिक क्रियाकलापहरूमा जोड दिनु आवश्यक छ ।

आर्थिक दृष्टिकोणले सक्रिय सबैले आ-आफ्नो सिप, क्षमता र दक्षताअनुसारको आयआर्जनको अवसर पाए मात्रै गरिबी घट्छ र गरिबीकै कारण हुने आत्महत्याका घटनामा कमी आउँछ । त्यसैले तथ्याङ्कमा गरिबी घटेको देखिए पनि वास्तविक गरिबहरूको संख्या अझै घट्न सकेको छैन । यसो हुँदा गरिबी निवारणको प्रयासलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ ।

आर्थिक अवस्था कमजोर भएकाले समयानुकूल शिक्षा हासिल गर्न नपाएका, जीवननिर्वाहको अवसर सीमित भएका, आत्मोन्नतिका लागि विकल्प सीमित रहेका, श्रम र सिपलाई उत्पादनशील कार्यमा लगाउन नपाई उपेक्षित अवस्थामा रहनु परेका, उद्यम व्यवसायका लागि अवसर नपाएका, आयको भरपर्दो स्रोत नभएका र मानवोचित जीवननिर्वाहका लागि उपयुक्त अवसर नपाएका गरिब जनताको संख्या निरन्तर बढ्दो क्रममा छ ।

यस्तो अवस्थामा सरकारका योजना र प्रतिवेदनहरूमा गरिबी घटेको तथ्याङ्क हेरेर अथवा पढेर सन्तुष्ट हुन सकिने अवस्था छैन । गरिबी निवारणका लागि अझै प्रभावकारी नीति, योजना तथा कार्यक्रमहरूको खाँचो छ र ती नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको खाँचो छ ।

तथ्याङ्कले जे देखाए पनि नेपालका धेरै जनता गरिब छन्, यही नै सत्य हो । दिनरात माटो खोस्रेर गुजारा गर्ने, खोलाको बालुवा बोकेर र ढुंगा फोडेर छाक टार्ने र दिनरात मजदुरी गरेर

पेट पाल्नुपर्ने बाध्यतामा बाँचेका अधिकांश ग्रामीण क्षेत्रका नेपालीको संख्या टन्न खाएर प्रसन्न हुने सहरी क्षेत्रका नेपालीभन्दा धेरै गुणा बढी छ। उनीहरूको शिक्षा र स्वास्थ्य सेवामा पहुँच छैन। त्यसैले उनीहरू शिक्षा र स्वास्थ्य सेवाको अवसरबाट वञ्चित छन् भने पोषणको अभाव छ र बाल मृत्युदर अधिक छ। बिजुली, शुद्ध खाने पानी र सरसफाइमा पनि उनीहरूको पहुँच छैन र त्यसलाई हासिल गर्ने क्षमता पनि उनीहरूसित छैन। यसरी गरिबीले पिल्सिएर बाँचेका नागरिकप्रति राज्यको गहन दायित्व छ। त्यो दायित्व निर्वाहमा राज्य चुक्नु हुँदैन। यस्तो दायित्व निर्वाहमा राज्य चुक्यो भने नागरिकमा राज्यप्रति असन्तुष्टि र गुनासो बढ्नुका साथै विद्रोहको भावना पनि जाग्न सक्छ। यसतर्फ राज्य सचेत हुनु जरुरी छ।

सामाजिक तथा आर्थिक चुनौतीको रूपमा खडा भएको गरिबी निवारणको कार्य वास्तवमै कठिन छ। आर्थिक, सामाजिक र राजनैतिक यी तीनै पक्षको समन्वयात्मक र सहयोगात्मक प्रतिबद्धता नभई गरिबी निवारण सम्भव हुन सक्दैन। मुलुकको आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा देखिएको चरम विसंगति र तिनै विसंगतिका कारणले गर्दा धनी झन्झन् धनी र गरिब झन्झन् गरिब बन्दै जाने प्रवृत्ति बसिसकेको विद्यमान विषम परिस्थितिमा गरिबी निवारण कार्य एउटा महान चुनौतीकै रूपमा खडा भएको छ। यो चुनौतीको सामना गर्न मुलुकका आर्थिक, सामाजिक एवम् राजनैतिक सबै क्षेत्रमा नीतिगत एवम् कार्यगत एकता कायम गर्दै गरिबी निवारणका कार्यक्रमहरूलाई बहुआयामिक ढङ्गमा सञ्चालन गर्नु आवश्यक भएको छ।

गरिबी निवारणको विषयलाई चुनावी एजेन्डा र आर्थिक प्रतिवेदनहरूमा मात्रै सीमित नराखी त्यसलाई कार्यगत रूप प्रदान गर्न गरिबी निवारणका लक्ष्य, उद्देश्य, नीति तथा कार्यनीतिहरूअनुसार नै बहुआयामिक कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ। यसका लागि आर्थिक अनुशासन, राजनैतिक प्रतिबद्धता र सामाजिक जागरण तथा सचेतना अपरिहार्य भएको छ।

पछिल्लो समय केही हदसम्म रेमिटेन्सका कारण घटेको गरिबी भविष्यमा रेमिटेन्स घट्नासाथ पुनः बढ्न सक्ने हुँदा स्थायी र दिगोरूपमा गरिबी घटाउने आर्थिक क्रियाकलापहरूमा वृद्धि गर्न सरकार, सहकारी तथा निजी क्षेत्रको सबल प्रयासको खाँचो छ। गरिबीको अन्त्य भए मात्रै गरिबीको पीडाले छटपटिएर आत्महत्या अथवा सामूहिक आत्महत्या गर्नुपर्ने दुःखद् अवस्थाको पनि अन्त्य हुनेछ। ♦♦♦

# "बालबालिकाको प्रहरीप्रतिको दृष्टिकोण"



✍ प्र.स.नि.भेषराज आचार्य

समाज निर्माणमा बालबालिकाको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । उनीहरूका बाल्यकालीन अनुभव, हुर्काई, र उनीहरूले वरपर देखेका घटनाहरूले उनीहरूको भविष्यको सोच, व्यवहार, र समाजप्रतिको धारणा निर्माण गर्छ । मेरो मिल्ने साथीको छोरा 'अभिनव' पाँच वर्षको छ। ऊ अहिले अंग्रेजी स्कुलको कक्षा १ मा पढ्छ र आफ्नो उमेरअनुसार निकै जिज्ञासु पनि छ। उसले प्रहरीको कामप्रति देखाउने चासो र उनीहरूप्रतिको सम्मानले मलाई भावुक मात्र बनाउदैन, गहिरो सोचमा समेत डुब्न बाध्य पार्ने गरेको छ।

अभिनव जस्तै उहीँ उमेर समूहका धेरै बालबालिकाहरूले प्रहरीलाई नायकका रूपमा हेर्छन् । बाटोमा गस्ती तथा ड्युटी गरिरहेका प्रहरीहरूलाई अभिवादन "जय नेपाल" समेत गर्छन् । उनीहरूले प्रहरीलाई समाजको शान्ति र सुरक्षा सुनिश्चित गर्ने मुख्य आधार मान्छन् । तर, जब ती बालबालिकाहरू किशोरावस्थामा प्रवेश गर्छन् र वयस्क बन्छन्, त्यही सकारात्मक दृष्टिकोण नकारात्मकतामा परिणत हुने गरेको पाइन्छ । प्रहरीप्रतिको यो दृष्टिकोण परिवर्तन किन हुन्छ ? यो परिवर्तनलाई कसरी रोक्न सकिन्छ ? म फेरि सोच्न बाध्य हुन्छु।

**प्रारम्भिक सकारात्मक दृष्टिकोणको महत्व**

बालबालिका समाजका इमान्दार निरीक्षक हुन् । उनीहरूलाई प्रहरी पोशाक, अनुशासित व्यवहार र समाज सेवाका कार्यहरूले आकर्षित गर्छ । जब प्रहरीको सकारात्मक छवि बालबालिकाको मनमा बसेको हुन्छ, उनीहरूमा अपराधप्रति घृणा र अनुशासनप्रति झुकाव पैदा हुन्छ। यसले भविष्यमा उनीहरूलाई जिम्मेवार नागरिक बनाउने निश्चित जस्तै हो।

तर, बालबालिकाको यो सकारात्मक दृष्टिकोणलाई दीर्घकालीन रूपमा कायम राख्न नसक्दा भने समाजमा नकारात्मक परिणाम देखा पर्ने गरेको अनुभूति हुन्छ । प्रहरीलाई नकारात्मक दृष्टिले हेर्दा समाजमा असामाजिक गतिविधि र अपराध बढ्नु स्वभाविक नै हो । प्रहरीप्रतिको विश्वास कमजोर हुँदै जादा कानूनी शासनलाई कमजोर हुन्छ, जसको प्रभाव सम्पूर्ण

समाजमा पर्छ ।

**प्रहरीप्रतिको बुझाइ परिवर्तनका कारण**

बाल्यकालमा प्रहरीप्रति सकारात्मक दृष्टिकोण राख्ने बालबालिका किन वयस्क हुँदा नकारात्मक धारणा राख्न थाल्छन् र ? यसको केही मुख्य कारणहरू पहिल्याउदै जादा यस्तो देखियोः

१. **अभिभावकीय डरको रणनीति**

धेरैजसो अभिभावकले आफ्ना बालबालिकालाई अनुशासनमा राख्न प्रहरीको डर देखाउने गल्ती गर्छन् । जस्तै, “खाना खा, नत्र प्रहरी बोलाउँछु” भन्ने जस्ता वाक्यांश बाल्यकालमै सुन्न पाइन्छ । यस्तो व्यवहारले बालबालिकाको मनमा प्रहरीप्रतिको डर र असुरक्षा पैदा गर्छ । यसले प्रहरीलाई सकारात्मकताभन्दा नकारात्मक रूपमा चित्रित गर्छ ।

२. **समाजको पूर्वाग्रह**

धेरैजसो वयस्कहरूले प्रहरीप्रति असन्तुष्टि प्रकट गर्छन् । “प्रहरीले काम गर्दैन”, “प्रहरी भ्रष्ट छ“ जस्ता नकारात्मक धारणा बालबालिकाको मनमा गहिरो प्रभाव पार्छ । जब बालबालिकाले आफ्ना अभिभावक वा वरपरका वयस्कहरूसँग प्रहरीप्रतिको नकारात्मक टिप्पणी सुन्छन्, उनीहरूको दृष्टिकोण परिवर्तन हुन थाल्छ ।

३. **सञ्चार माध्यमहरूको भूमिकाः**

चलचित्र, टेलिभिजन र समाचार माध्यमले प्रहरीलाई कहिलेकाहीँ नकारात्मक ढंगले चित्रण गर्छन्, अझ हालको समयमा त सामाजिक सञ्जालले यसमा अग्रपंक्तिमा रहेर नकारात्मकता फैलाइरहेको भान हुन्छ । जब बालबालिकाले यस्तो चित्रण देख्छन्, उनीहरूको प्रहरीप्रतिको विश्वासमा कमी आउँछ ।

४. **वयस्कहरूको प्रभाव**

किशोरावस्थामा पुग्दा बाल-बालिकाहरू विभिन्न प्रकारका युवाहरूको संगतमा आउँछन् । केही युवा समूहहरूमा प्रहरीप्रति नकारात्मक सोच विकसित भएको हुन्छ । यो संगतले बालबालिकाको दृष्टिकोणमा पनि प्रभाव पार्न सक्छ ।

५. **प्रहरीसँगको प्रत्यक्ष अनुभव**

कहिलेकाहीँ प्रहरीसँगको प्रत्यक्ष सम्पर्क नकारात्मक हुन सक्छ । कतिपय अवस्थामा प्रहरीको कठोर व्यवहार वा गलत बुझाइका कारण नागरिकहरूमा असन्तुष्टि उत्पन्न हुन्छ, जसले बालबालिकालाई पनि प्रभावित गर्छ ।

**सुधारका उपायहरू**

समाजमा प्रहरीप्रतिको नकारात्मक धारणा परिवर्तन गर्न र बाल्यकालदेखि नै सकारात्मक दृष्टिकोणलाई दीर्घकालीन बनाउन समाज, प्रहरी र अभिभावकहरूले सहकार्य गर्न आवश्यक छ ।

१. **अभिभावकीय भूमिका**

बालबालिकाको सधैँ र सबै भन्दा नजिक नै उनीहरूको अभिभावक

हुन, अभिभावकहरूले बालबालिकालाई प्रहरीको डर देखाउन बन्द गर्नुपर्छ । बालबालिकालाई प्रहरीको भूमिकाबारे सकारात्मक जानकारी दिनुपर्छ। घरमै कानूनी चेतना र प्रहरीको कामप्रतिको सम्मानबारे निरन्तर र सकारात्मक चर्चा गरिरहनु पर्छ।

**२. विद्यालय स्तरका पहल**

विद्यालयहरूमा प्रहरीसँग भेटघाट कार्यक्रम आयोजना गर्नुपर्छ । बालबालिकालाई प्रहरी चौकी लगायत प्रहरीको कार्यालयहरूको भ्रमण गराएर उनीहरूको काम र कार्यशैली बारे जानकारी दिनुपर्छ । पाठ्यक्रममा प्रहरीको महत्वबारे सामग्री समावेश गर्न सकिन्छ र पाठ्यक्रममा प्रहरीको विषय समावेश गर्न भने माथिल्लो स्तरबाट नै सोच्नु पर्ने देखिन्छ।

**३. प्रहरीको सामुदायिक भूमिका**

सर्वप्रथम प्रहरीहरूले समुदायसँग मैत्रीपूर्ण सम्बन्ध बनाउनु आवश्यक छ । बालबालिकाका लागि खेलकुद वा सांस्कृतिक कार्यक्रम आयोजना गर्न सकिन्छ। प्रहरीहरूले सकेसम्म बालबालिकाको समस्या सुन्ने र समाधान दिने प्रयास गर्नुपर्छ।

**४. सञ्चार माध्यमहरूको सही उपयोग**

चलचित्र, टेलिभिजन शो र समाचार माध्यमले प्रहरीका सकारात्मक गतिविधिहरूलाई प्राथमिकताका साथ प्रस्तुत गर्नुपर्छ । सामाजिक सञ्जालले मानिसहरूको सोच, मानसिकता र बुझाईलाई समेत फरक पार्ने भएका कारण सामाजिक सञ्जालमा प्रहरीहरूको काम कारबाहीको सकारात्मक र सजिलै ध्यान खिच्ने किसिमका सामाग्रीहरूको प्रयोग गर्नुपर्दछ । अपराध नियन्त्रणका घटनाक्रम र प्रहरीका सफलताबारे व्यापक प्रचार गर्नुपर्छ।

**५. प्रहरी सेवामा सुधार**

सर्वसाधारण व्यक्तिहरूले प्रहरीहरूको विषयमा सबैभन्दा बढी गुनासो आउने भनेकै प्रहरीहरूको बोल्नेशैली र व्यवहारमा हो, प्रहरीको व्यवहारमा सुधारका लागि प्रहरीहरूलाई सेवा प्रवेश लगत्तै दिईने आधारभूत तालिमबाट नै व्यवहार र बोली लगायत कुराहरूमा विशेष प्रशिक्षण दिनु आवश्यक हुन्छ । प्रहरी सेवामा पारदर्शिता र जवाफदेहिता बढाउनुपर्छ । जनतासँग सहकार्य गर्ने संस्कृतिको विकास गर्नुपर्छ। प्रहरीका व्यवहार र कार्यशैलीमा सुधार ल्याउन थप तालिमहरूको व्यवस्थापन गर्नुपर्छ।

**निष्कर्ष**

माथि उल्लेख गरिएका सम्पूर्ण क्रियाकलाप तथा कामहरू हुँदै नभएका भने होइनन्, विभिन्न समयमा प्रहरीकै तर्फबाट विभिन्न कार्यक्रमहरू मार्फत प्रयास भने हुँदै आएको छ तर त्यस्ता कार्यक्रम तथा क्रियाकलापका लागि पर्याप्त स्रोतसाधन तथा कार्यक्रम पश्चात

उद्देश्य प्राप्त भयो भएन ? र यदि भएन भने सुधार गर्नुपर्ने पक्षहरू के के हुन भनी पुनः गर्ने कार्यक्रमहरूमा परिवर्तन गर्नुको साटो संख्यामा मात्र जोड दिने र प्रभावकारितामा जोड नदिने लगायतका कमी कमजोरीका कारण हुनुपर्ने जत्तिको परिवर्तन महसुस हुन सकेको छैन ।

बालबालिकाको प्रहरीप्रतिको प्रारम्भिक सकारात्मक दृष्टिकोणलाई दीर्घकालीन बनाउन हामी सबैले आफ्नो ठाउँबाट योगदान गर्नुपर्छ । बाल्यकालमा सिकाइएका सकारात्मक मूल्य र दृष्टिकोणले मात्र जिम्मेवार नागरिक उत्पादन गर्न सक्छ । प्रहरीप्रतिको नकारात्मक दृष्टिकोणलाई घटाउन समाज, अभिभावक र प्रहरीबीचको सहकार्य अनिवार्य छ । यसबाट मात्र शान्तिपूर्ण, अनुशासित र समृद्ध समाजको निर्माण गर्न सकिन्छ । ♦

कविता

# समयको प्रतीक्षा

✍ **इन्द्रकुमार श्रेष्ठ 'सरित्'**



न शब्द छ न त आवाज छ
मौन छु, निःशब्द छु
युग भयो, समयलाई पर्खिएको
मेरो समय
मलाई भेट्न अहिलेसम्म आएको छैन
तैपनि मलाई खोज्दै आउने
म मेरो समयको प्रतीक्षामा छु

तालु पोल्ने घाम, नरसंहारक बाढी
मलाई कुल्चिदै अघि बढ्छ
तर म चुपचाप छु
प्रतिक्रियाविहीन बस्छु
मलाई थाहा छ
म मेरो समयको प्रतीक्षामा छु

मोह छ, अनन्त आकर्षण छ
तर गुनासो पटक्कै छैन
करको हैन यो मोह हृदयको हो
म मोहसँग आश्वस्त हैन विश्वस्त छु
समयसँगै आउने
म मेरो समयको प्रतीक्षामा छु

पुषे झरीले निथ्रुक्क हुन्छु
फेरि चिसो सिरेटोले शरीर हिउँ बनाउँछ
तैपनि म रोएको छैन
म अलिकति पनि थाकेको छैन
म मेरै मोहको उष्णतामा रमाएको छु
मेरो तपस्याको तापले पगालेर ल्याउने
म मेरो सुन्दर समयको प्रतीक्षामा छु ।

कथा

# बिउ



✍ लीलाराज दाहाल

"अँ, साँच्चै! माइसाबका छोराहरू पनि छुट्टिएछन् है !" परबाट आउँदै गरेका होतराजले मतर्फ हेर्दै यति भनेको सुन्दा मेरो मन फेरि एक तमासको भयो । मलाई नै भनेको भनेर बुझ्न मलाई कुनै कठिनाइ भएन । कतै पनि नभनेको विषय पनि कति छिटो गाउँभरि फैलिइसकेछ । छोराहरू छुट्टिएको कुरा एकदिन त सबैलाई थाहा हुने नै थियो तर यति छिटो सबैले थाहा पाउलान् भन्ने कुरा मैले पनि ख्याल गरेको रहेनछु । मलाई तत्काल केही भनिहाल्न मन लागेन उनलाई । वरपिपलको चौतारीमा सिरसिर बतास चलिरहेको भए पनि मेरो मन भने भित्रैदेखि भतभत पोलिरहेको थियो। मनभित्रको उकुसमुकुस कम हुन्छ कि भनेर म अहिले यस चौतारीमा निस्केको थिएँ । मनको आकाशमा उदासीको बादल मडारिइरहेको थियो । मनलाई सान्त्वना दिन पनि मलाई अचेल एकान्त मन पर्न थालेको थियो । तर एकान्त पाउनु कसरी ? जता गए पनि जता बसे पनि कसै न कसैले मलाई देखिहाल्थे । बोल्न आइहाल्थे । सकेसम्म कसैसँग भेट्नु, बोल्नु नपरोस् भन्ने ठान्थेँ । त्यसैले मलाई मौनताको आसन प्रियकर लाग्नु स्वभाविक थियो ।

मन नलागी नलागी यतिमात्र बोलेँ, "हो, छुट्टिए। पुर्खाहरू पनि सधैं एउटै भान्सामा अटाएनन् ।"

"अनि तपाईंहरू कुन छोराको साथमा बस्नु भयो नि ?" उनी अन्तर्वार्ता लिन तयार भएको पत्रकार झैं फेरि प्रश्नको झटारो बोकेर मुसुमुसु हाँसिरहेका थिए ।

"हामी त दुबै छोराहरूसँगै बसेका छौं । कुनैसँग नबसेपछि दुबैसँग बसेजस्तो भइहाल्ने रहेछ। "मनभित्रै स्वर दवाएर फेरि यति बोल्न बाध्य भएँ ।

"अनि अंशबण्डा कसरी गर्नु भयो नि ? आफूहरूलाई के कति सम्पत्ति राख्नु भयो ? पछि हेरचाह गर्ने कोही नहोलान् नि! त्यो कुरा कत्तिको बिचार गर्नु भएको छ ? "उनले मलाई केरकार गर्न छोडेनन् । उनले मलाई यसरी सोधिरहेका थिए कि मानौं उनी न्यायाधीश हुन् । उनको अनुमति बेगर हामीले अंशबण्डा गर्नु हुँदैनथ्यो । मैले उनको चासोलाई पनि सामान्य रूपमा लिएँ किनकि वरिपरि छरछिमेकमा के भइरहेको

छ भनेर चियोचासो लिनु गाउँघरको विशेषता नै हो । कसैको केही मतलव नराख्ने ठाउँ त सहर बजार हो भन्ने कुरा मनमा आएपछि मैले उनका सवालहरूलाई नकारात्मक रूपमा लिइनँ ।

अनि बिस्तारै भनें, "आफूलाई पनि राखेका छौं । पुग्ने गरी राखेका छौं ।"

यति भनेर म निकै समयसम्म मौन रहें । केही बोलिनँ । उनको हाउभाउ र अवस्थाको पनि खासै वास्ता गरिनँ ।

उनलाई मैले खासै महत्व नदिएपछि उनी अगाडि बढे । म पनि फर्केर घर आएँ । घर आइपुग्नासाथ फेरि पनि बिरक्तियो मन । मनभित्र विभिन्न कुराहरू खेलिरहेका थिए । श्रीमतीको अनुहारमा पनि पीडाका छायाहरू सलबलाई रहेका थिए । श्रीमतीको फुङ्ग उडेको अनुहारले धेरै कुरा बताइरहेको थियो । गृहस्थीको दाम्लोले बाँधिएकी उनी । न खानको ठेगान न सुत्नको ठेगान । दिनहुँजसो खेतबारीमा व्यस्त हुँदा टाक्सिएको ज्यान । घरिघरि त श्रीमतीलाई देख्दा पनि मनमा दिक्दारीको लहर सल्बलाउन थाल्थ्यो । मानौं उनको उदास मनले भनिरहेको थियो, "तपाईंले ठिक गर्नु भएन । तपाईंले ठिक गर्दै गर्नु भएन । आफूलाई पनि केही सम्पत्ति राख्नु पर्थ्यो । एउटा छोरो छान्नु पर्थ्यो । कस्तो वेपर्वाह मान्छे तपाईं त !"

मलाई श्रीमती नजिक पनि धेरैबेर बस्न मन लागेन । केही न केही गुनासो गरिरहने बानी छ उनको । उनले हरदम असन्तुष्टिको गहना पहिरेकी हुन्थिन् । आफूलाई खासै सम्पत्ति नराखी छोराहरूलाई भाग लगाइदिँदा त उनीहरूको चित्त बुझिरहेको थिएन । अझ आफूलाई बढी भाग राखेको भए के पो हुन्थ्यो होला । हुन त दुबैजना छोराहरू कमाउने नै छन् । आ-आफ्नो तरिकाले गरिखाएका छन् तर पनि उनीहरूलाई नै पुगेको छैन । सम्पत्तिको भोक कस्तो हो कुन्नि । जेठो छोरोले भन्यो, "म अंशमा ठगिएँ । बुबाले कान्छो छोरालाई काखी च्याप्नु भयो । राम्रा घँडेरी योग्य जग्गा जति सबै भाइलाई पर्दा पनि बुबाको विवेकले असमानता देखेन । म त छोरै होइन रहेछु ।"

जेठो छोरो मलाई पक्षपाती भनिरहेको थियो । मेरो दृष्टिकोणमा मैले दुबैलाई बराबर गरेको जस्तो लागिरहेको छ । फरक त मैले दुबैलाई गरेको थिएन । फेरि कान्छो छोराको आरोप छुट्टै थियो म माथि । सोही दिन उसले भन्यो," बुबाले मलाई ठग्नु भयो । बनिबनाउ घर जेठाको भागमा पर्दा पनि चुइँक्क केही बोल्नु भएन । बुबाको मन पनि मन नै रहेछ ।"

कसको कुरा सही भन्नु । कसको कुरा गलत भन्नु । श्रीमतीको चित्त नबुझे पनि भएको सबै जसो सम्पत्ति छोराहरूलाई

भाग लगाइदिएँ । आफूलाई त के नै राखेको छु र । अलिकति घर घँडेरी मात्रै राख्दा पनि छोराहरूलाई अंश पुगेनछ । अब त दुबै रिसाएका छन् मसँग । दुबैजना मुलघरमा आउनै छोडे अचेल । अंशबण्डा गरेपछि त सबै खुसी हुनुपर्ने नि । बाहिर बाहिर गुनासो गर्दै हिँडेको भन्ने सुन्छु तर पनि मेरो मनले कसैगरी पत्याएको छैन । मलाई अझै पनि लाग्छ मेरा छोराहरू खराब छैनन् । घरिघरि त खराब मै हुँ कि जस्तो पनि लाग्छ । जागिरबाट निवृत्त हुँदा पाएको सञ्चयकोष, विदा र औषधोपचारको सबै रकम घर बनाउँदै सकियो । पछि त्यही घरमा ठूलो कचिङ्गल हुन गयो । त्यही घर जेठो छोराको भागमा परेकाले कान्छो छोरो मसँग मुर्मुरिएको थियो । हुन त घर पाएर पनि जेठो छोरो मसँग खुसी थिएन । सबै रकम सिध्याएँ भनेर मसँग श्रीमतीको पनि गनगन बढेको थियो ।

एकैचोटि अतित्को आँगनमा पुगेर पछारिन्छु । दुईवटा छोरा र दुईवटी छोरी सहितको मेरो परिवार साँच्चिको नमुना थियो । म विद्यालयमा पढाउँथे । श्रीमतीले घर गृहस्थीको जाँतो घुमाउँथिन् । बा-आमा बुढाबुढी भइसक्नु भएको थियो र घर कुरूवाको जिम्मेवारी वहन गरिरहनु भएको थियो । छोराछोरी मैले पढाउने विद्यालयमा नै पढ्दै थिए । छोराछोरीले सफलताको खुट्किलो उक्लँदै जाँदा हाम्रो छाती पनि त्यसैत्यसै खुसीले फुलेर आउँथ्यो । हाम्रो गाउँ चेरू जति सुन्दर थियो त्यो भन्दा बढी मेरो परिवार सुन्दर छ जस्तो लाग्थ्यो । आफूले सकेसम्म छोराछोरीलाई शिक्षा दिँदै आएँ । सबैले विद्यालय शिक्षा पूरा गरे । उनीहरूले पढ्न सकेसम्म र मैले पढाउन सकेसम्म सबै छोराछोरीलाई उच्च शिक्षा दिलाउने प्रयत्न गरैँ । कसैले पढ्न सके, कसैले पढ्न सकेनन्, त्यो बेग्लै कुरा भयो । सबैको विहादान पनि गराइदिएँ । छोराहरू दुबै आ-आफ्नो योग्यताले जागिरे भए । म खुसीले फुरूङ्ग भएको थिएँ । मेरो मनमा सदैव उमङ्गको लहर सलबलाई रहन्थ्यो ।

"होइन, चिया चिसो भएन ? किन नपिउनु भएको ? गिलासमा पानी पनि त्यत्तिकै छ ।" श्रीमतीको आवाजले म एकैचोटि झसङ्ग भएँ । म त तन्द्रामा पो रहेँछु । मनभरि यादका लहरहरू सल्वलाई रहेका थिए । मन कस्तो कस्तो उदास भएको थियो । पानीको गिलास टिपेर पिई नसक्दै श्रीमतीले फेरि भनिन्," सधैंभरि कति छोराहरूको चिन्तामा डुब्नु भएको । जाउँ, एकछिन खेततिर पुगेर आउँ ।"

"अब कतै नजाने । कसको खेततिर जानु । खेत त छोराहरूलाई दिइहालियो ।" के के सोच्दा सोच्दै यति त भनिहालेँछु । पछि भने आफैंलाई कस्तो कस्तो लाग्यो । राख्न त अलिकति खेत आफूलाई पनि राखेको थिएँ। अलिकति घँडेरी र घर आफूलाई

पनि राखेको थिएँ । मनमा विभिन्न कुराहरू खेल्दै थिए । कहिले त के बोलैं भन्ने पनि बिर्सन थालेको थिएँ । मन जति बुझाउन खोजे पनि मनको घाउ कसैगरी ओभाउन सकिरहेको थिएन । आँखाहरू कसैगरी ओभाउन मानेका थिएनन् ।

"हामीलाई पनि राखेको होइन र खेत ?" श्रीमतीको अविश्वासयुक्त कथनले मेरो मनलाई फेरि उद्वेलित बनायो । मेरा आँखाबाट कसरी कसरी आँसु झरिसकेछन् । पछाडि फर्केर आँसु पुछैं र सुस्तरी भनैं, "तीन भागको एक भाग हामीलाई पनि राखेको । अब हामीलाई धेरै पनि पो किन चाहियो र । छोराहरू खुसी रहुन् । सुखी रहुन् । त्यति भए हामीलाई भइहाल्यो नि ।" मैले कसोकसो यति भन्न भ्याइहालैंछु । एक्कासी मेरा गह भरिएर आए । श्रीमतीको गुनासो अझै सकिएको थिएन । उनको मन पनि एक तमासको भएको मैले अनुभव गरिरहेको थिएँ ।

उनले भनिन्, "अब बुढा-बुढी हुन लागियो । सम्पत्ति त हामीलाई पनि चाहिन्छ । अझ आफूलाई अलि बढी राख्नुपर्थ्यो । बिरामी परियो भने कसले गरिदेला त हाम्रो उपचार ।"

"आ, छाडिदेउ । बुढेसकालमा किन चाहियो सम्पत्ति । उपचार गरे पनि मरिन्छ नगरे पनि । त्यही पनि अलिअलि पेन्सन पनि त आउँछ नि मेरो ।" भविष्यप्रति कुनै चिन्ता नराखी मैले यति भनैं र अनुहारमा उम्रिएको वेदनाको चाया पखाल्न बाटोतिर निस्किएँ !

छोराहरू छुट्टिएको पनि ठ्याक्कै एक महिना भयो आज । त्यसपछि छोराहरू फर्केर पनि आएका थिएनन् । छोराहरूलाई छुट्र्याउन मलाई पटक्कै मन थिएन । छोराहरूको बिचमा मनमुटावको पर्खाल निकै अग्लो भइसकेको थियो । भेट हुँदा दाजुभाइ नबोल्नु त सामान्य कुरा भइसकेको थियो । उनीहरूको व्यवहार शत्रु राष्ट्रहरूका बिचमा युद्धरत सिपाहीहरूको जस्तो भइसकेको थियो । एउटै घरमा रहँदा बस्दा कतिबेला के हुने हो केही ठेगान थिएन । दाजुभाइका बिचमै डरलाग्दो अवस्था सिर्जना भएपछि मात्र छोराहरूलाई छुट्र्याउन म राजी भएको थिएँ । अति भएपछि खति हुन्छ भन्छन् । त्यसैले मन नमाने पनि छोराहरूलाई छुट्र्याइदिनु नै बुद्धिमानी होला भनेर छोरा-बुहारी सहितको भेला बो लाएँ । छोराहरूको यादले तड्पेकी श्रीमतीले पनि मलाई नै अर्घेलो सम्झिरहेकी थिइन् । एउटा छोरासँग बस्न नपाएको पिरलोले उनलाई निकै सताइरहेको थियो ।

एकदिन अपर्झट छोराहरूलाई बोलाएँ । दुबैलाई अगाडि राखेर भनैं, "हामीले राखेको यो घर घँडेरी र खेत पनि तिमीहरू आधा आधा बाँड । यो कलहको बिउ किन बाँकी राख्नु ।"

केहीबेर दुबै मुखामुख गरे । मेरो

कुरालाई उनीहरूले कसरी लिए उनीहरू नै जानुन् । दुबै केही बोलेनन् । जति दिनुभयो हामीलाई पुग्छ, तपाईंहरू पनि राख्नुहोस् भन्लान् जस्तो लागेको थियो तर उनीहरूले केही भनेनन् । श्रीमती पनि यतिखेर केही नबोली बसिरहेकी थिइन् ।

छोराहरूको मौनतालाई चिर्दै मैले फेरि जोड दिएर भनें, "तिमीहरूलाई सम्पत्ति पुगेनछ । हामीलाई त अब किन चाहियो र ! हाम्रो भाग पनि तिमीहरू आधा आधा बाँडेर लैजाओ । हामीलाई केही दिनु पर्दैन । बरू बेलाबेलामा भेट्न आउनु । हामीलाई यति भएपछि पुग्छ । छोराहरू छन् भन्ने आभासले मात्रै पनि अब हामीहरूको जीवन चल्छ ।" उनीहरू बल्ल अलिअलि मुस्कुराए । मैले पनि धेरै दिनपछि अलिकति सन्तोषको सास फेरैं ।♦

कविता

# राम्रा कुरा



✍ **मुक्तीनाथ पोखरेल**

माथा राम्रो शगरगिरिको विम्ब राम्रो उषाको
ज्योत्स्ना राम्रो झलमल शशी झुल्किँदामा निशाको
पानी राम्रो अतिशय मिठो खोच वा कन्दराको
शोभा राम्रो भुवनभरिमा शुद्ध मैरै धराको ।१

बोली राम्रो सुरभि ऋतुमा कोइलीको कुँजाइ
बाजा राम्रो मधुर धुनमा नौमती सुन्नलाई ।
हिस्सी राम्रो सरल शिशुको जोस राम्रो युवाको
बाली राम्रो लहलह मुना तन्तु राम्रो रुवाको ।२

बान्की राम्रो नव युगलको सान राम्रो जुँगाको
खान्की राम्रो नरम मसिनो वस्त्र राम्रो मुगाको
सब्जी राम्रो नुन र मसला साजसज्जा मिलेको
माया राम्रो मृदुल ममता रूप राम्रो खिलेको ।३

मान्छे राम्रो गुणित मनको दान राम्रो दिएको
बास्ना राम्रो कुसुम कलिको लक्ष्य राम्रो लिएको
शिक्षा राम्रो गुरु वचनको भेष राम्रो सजेको
पृथ्वी राम्रो हरित कणले काव्य राम्रो पढेको ।४।

झाडी राम्रो विपिन वनको चाड राम्रो तिहार
बाटो राम्रो अमरपदको फाँटिएको निहार
खेती राम्रो घर निकटको अन्न राम्रो फलेको
आभा राम्रो रवि किरणको दीप राम्रो बलेको ।५।

वापी राम्रो निर कमलले पुष्पमा कुन्द बेली
खेल्दा राम्रो पितु गृह हुँदा भाइका साथ चेली
आगो राम्रो शिशिर ऋतुमा ग्रीष्मको स्वच्छ वायु
काया राम्रो सबल गठिलो बाँच्नमा दीर्घ आयु ।६।

# सफलताको दौड र आत्मसन्तुष्टिको सीमा



✍ प्र.स.नि.रबिन्द्र कलौनी

जीवनमा जसको सबैभन्दा कम चाहना र आवश्यकता हुन्छ, त्यो व्यक्ति नै सबैभन्दा सन्तुष्ट हुन्छ।

आजको युग प्रतिस्पर्धाको युग भए तापनि मानिसमा प्रतिस्पर्धाको भावना मानवजातिको विकाससँगै विकसित हुन पुगेको हो। विभिन्न, सामाजिक, आर्थिक, पारिवारिक अपेक्षाले मानिसलाई सफल बन्ने दौडमा धकेल्छ। मानव सभ्यतामा सफलता अपरिहार्य विषय बनेको छ। तर सफलता प्राप्त गर्न केवल दौडिने मात्र होइन, सहि दिशा, मेहनत, धौर्यता र निरन्तर अभ्यासको आवश्यकता हुन्छ। सफलताको दौड सुरु गर्दा हामीले सबै भन्दा पहिला आफ्नो उद्देश्य स्पष्ट गर्नुपर्छ। उद्देश्य बिना गरिने प्रयासले कुनै ठोस परिणाम दिन सक्दैन। जीवनमा के चाहिन्छ, कहाँ पुग्नु छ र त्यसका लागि के गर्नुपर्छ भन्ने कुरा बुझ्नु जरुरी छ। यो दौडले हामीलाई जीवनका नयाँ पक्षहरू सिकाउँछ, अनुभव दिन्छ र एउटा सक्षम व्यक्ति बनाउँछ।

यस समाजमा सफल व्यक्तिलाई सम्मान गरिन्छ भने उनीहरूको जीवनशैलीको अनुकरण गरिन्छ र उनीहरूको जीवनबाट प्रेरणा लिइन्छ। सफलता प्राप्त गर्नु हरेक मानिसको उद्देश्य हुन्छ। विद्यालय जीवनदेखि नै बालकलाई राम्रो बन्न, राम्रो व्यवहार गर्न र जीवनमा ठुलो मान्छे बन्नु पर्छ भनेर सिकाइन्छ र बालक मेहनत गर्न प्रेरित हुन्छ। आजको आधुनिक समाजले सफलतालाई प्रायः धन, प्रसिद्धि र शक्तिसँग जोडेर हेर्दछ। मानिस समाजमा आफूले आफूलाई साबित गर्नुपर्ने ठान्दछ। समाजमा आफूलाई छुट्टै पहिचान दिलाउन सफलता हासिल गर्न प्रयत्नशिल रहन्छ। यस सफलताको दौडमा एकले अर्कोलाई उछिन्न खोज्ने प्रवृतिले मानिस निरन्तर दौडमा सहभागी बन्छ।

सफलताको परिभाषा र आत्मसन्तुष्टिको सीमा बारे हरेक व्यक्तिको धारणा फरक फरक रहेको छ। कसैका लागि सरकारी जागिर खानु, कसैका लागि उच्च शिक्षामा डिग्री हासिल गर्नु, कसैका लागि व्यापार व्यवसाय गरेर पैसा कमाउनु,

कसैका लागि विशिष्ट सिप सिकेर इलम गर्नु सफलताको मानक हो तर मानिसले यो दौड जित्दै गर्दा आत्मसन्तुष्टिको महसुस गर्छ त ? हरेक दिन कडा परिश्रम, नयाँ नयाँ अवसरको खोजी, आफू भन्दा अगाडि बढेको मानिससँगको तुलना गर्दै अघि बढ्ने प्रवृतिले मानिसलाई प्रेरित गर्दछ । सफलताको खोजीको दौडले अल्बर्ट आइन्सटाइन, सर आइज्याक न्युटन, अटोहान, थोमस अल्भा एडिसन, स्टेफन हकिङ, म्याडम क्युरी जस्ता महान व्यक्तित्वलाई अपार सफलता प्राप्त हुन्छ। जुन सफलता विश्व जगतका लागि वरदान सावित भएका छन् । मेरो विचारमा हामी जुनसुकै काम गरे पनि जुनसुकै ओहोदामा पुगे तापनि हाम्रो कार्यले व्यक्ति, समाज, राष्ट्रलाई सकारात्मक प्रभाव पार्न सक्नु नै सफलता हो । तर यो दौडमा थकान, तनाव र असन्तुष्टिले गर्दा मानिसलाई थप अगाडि बढ्न दिँदैन । असफलताबाट हार नमानी निरन्तर प्रयास गरे मात्र सफलता पाइन्छ।

भन्ने गरिन्छ केही काम नगर्नेले कहिल्यै पनि गल्ति गर्दैन तर काम गर्न प्रयास गर्ने मान्छेले गल्ति गर्ने र असफलता पाउने सम्भावना रहन्छ । गल्तिबाट पाठहरू सिक्दै नयाँ उर्जाका साथ फेरि लागि पर्नुपर्छ । चिमको अविष्कार गर्दा थोमस एल्भा एडिसन १००० पटक असफल भए तापनि पछिको प्रयासले संसारलाई उज्यालो बनाएका छन् । त्यसैगरी अब्राहम लिङ्कन अमेरिकाको राष्ट्रपति हुनु पूर्व अन्य साना निर्वाचनमा १० पटक असफल भएका थिए । भनिन्छ, बगिरहेको खोलाले ठूला ढुङ्गाहरू काट्छ यो उसको शक्तिले होइन निरन्तरताले हो । समय बदलिन्छ, समयलाई चिनेर समयसँगै अघि बढेमा असफलतानै सफल हुन्छ ।

एउटा सफलता प्राप्त भएपछि अर्को नयाँ लक्ष्यको खोजीमा लाग्नाले मानिसमा आत्मसन्तुष्टिको अनुभूति कमजोर हुँदै जान्छ। आत्मसन्तुष्टि प्राप्त गर्न मानिसले आफ्नो प्रयासलाई मान्यता दिन सिक्नु पर्छ। हरेक सानो सफलता महत्वपूर्ण हुन्छ । पैसा, प्रसिद्धि वा बाहिरी सफलता आत्मसन्तुष्टिको आत्मज्ञान र आन्तरिक शक्तिसँग सम्बन्धित हुन्छ । आत्मसन्तुष्टि भनेको व्यक्तिगत सम्बन्धहरूलाई महत्व दिनु पनि हो ।

परिवार, साथीभाइ र समाजको सहकार्यले मानिसलाई खुसी महसुस गराउँछ। सफलता र आत्मसन्तुष्टि बिच कहिलेकाहीँ द्वन्द्व सिर्जना हुन्छ। सफलता पाउनु भनेको निरन्तर प्रगतिशिल हुनु हो तर आत्मसन्तुष्टि भनेको आफूले जीवनमा गरेको प्रयासबाट प्राप्त उपलब्धि र आफ्नो वर्तमान स्थिति प्रति सन्तोष महसुस गर्नु हो । यो मानिसको

आन्तरिक खुसी र मानसिक सन्तुलनको मापन हो। आत्मसन्तुष्ट हुनु नै सफल हुनु हो। कहिलेकाहीँ मानिस ठूलो सफलता प्राप्त गरे पनि त्यसमा आत्मसन्तुष्टि महसुस गर्दैन। मानिस सोच्दछ कि अझै धेरै प्रगति गर्नुपर्ने छ। यी दुई अवधारणा बिच सन्तुलन कायम गर्न नसके जीवनमा असन्तोष, तनाव र अन्योलता पैदा हुन्छ।

कुनै अवस्थामा मानिस आफ्नो सानो सफलतामै सन्तुष्ट हुन्छ जसले गर्दा उसमा अगाडि बढ्ने प्रेरणा कम हुन्छ। सफलताले मानिसलाई बाहिरी रूपमा खुसी बनाउन सक्छ तर आत्मसन्तुष्टि बिना यो अधुरो हुन्छ। हामीले आफ्नो प्रयास र मेहनतलाई सम्मान गर्नु पर्छ। कहिलेकाहीँ यात्रा नै सफलता बन्न जान्छ। यस्तो बेला गन्तव्य भन्दा पनि यात्रामा ध्यान दिनु जरुरी हुन्छ।

सफलताको खोजीमा मानिसले व्यक्तिगत सम्बन्ध, घरपरिवार, इष्टमित्र, मानसिक स्वास्थ्य र आफ्नो मूल्यवान समय गुमाउन सक्छ। आत्मसन्तुष्टि आफूले गरेको प्रयत्न र प्राप्त सफलतामा खुसीको अनुभूति प्राप्त गर्नु हो। सफलता र आत्मसन्तुष्टि बिचको तादाम्यता हुनु अपरिहार्य रहेको छ। एकातिर केवल सफलताको दौडमा मात्र होमिदै जाने हो भने हामीले के गुमायौ भन्ने महसुस हुँदैन भने अर्को तिर केवल आत्मसन्तुष्टि खोज्नेलाई कुनै सफलता प्रप्त नहुन सक्छ।

यस सफलताको दौडलाई बिचमा रोकेर आफ्नो प्रयास र उपलब्धि र क्षमताको मूल्याङ्कन गरि आत्मसन्तुष्टि हासिल गर्दै एक बिन्दुमा रोकिनु पर्छ। सफलताको पछाडि दौडिनु राम्रो हो तर आत्मसन्तुष्टिलाई वेवास्ता गर्नु जीवनको आनन्द गुमाउनु हो। सफलतासँगै आत्मसन्तुष्टिको यात्रामा अघि बढ्नु नै जीवनको वास्तविक अर्थ हो। सफलता तपाईंको व्यक्तिगत यात्रा हो। तपाईंलाई आफू विगत भन्दा कति माथि उठे भनेर तुलना गर्नुस् तर अरुको मापदण्डमा आफूलाई तुलना नगर्नुस् यसले तपाईंलाई दुःखी र निराश बनाउँछ।

सफलता र आत्मसन्तुष्टि बिचको सन्तुलनले मात्र खुसी प्रदान गर्न सक्छ। अतः सफलता प्राप्तिको दौड र आत्मसन्तुष्टिका बिच सीमा सहि तरिकाले सम्हाल्न सकिए मात्र जीवन सन्तुलित र सुखद हुन्छ। सफलता महत्वपूर्ण छ तर आत्मसन्तुष्टि बिना त्यो अधुरो हुन्छ। दुवैलाई साथमा राखेर अघि बढ्न सिक्नु नै सच्चा सफलता हो। हामी सफलता प्राप्तिको लागि लगनशिल भयौ भने हाम्रो जन्मको खबर कसैले थाहा पाएनन् होला तर हाम्रो मृत्यु शानदार हुनेछ। ♦♦♦

# ...... तर म बाँचे !



✍ प्र.स.नि.बिरोध खतिवडा

विगत केही वर्षदेखि मन त्यसै चञ्चल छ। केही कुरा नपाएकोमा खट्पटी छ, केही कुरा गर्न नसकेकोमा छट्पटी छ। सानो बच्चाजस्तै भएको छ मन। साँच्चै मन बाआमाले पुल्पुल्याएर हुर्काएको कान्छो छोरो जस्तै छ। मानसिक स्थिति (स्टेट अफ माइन्ड) एकदम स्वार्थी बन्दै जाँदो रहेछ। वरपरका हरेक चिज वस्तु आफ्नै इच्छाबमोजिम चलिदियोस जस्तै लाग्दोरहेछ। कोही आफ्नो स्टेट अफ माइन्ड विरुद्ध गईदिँदा आफैले आफूलाई सम्हाल हम्मेहम्मे पर्नेरहेछ।

मायोटोनियाको अढाई वर्षमा यो मेरो तेस्रो प्रयास हो आफैले आफैलाई सिध्याउने। तर भाग्यवस्, म असफल भएँ। भाग्यवस् ? हो, भाग्यवस् किनकि मलाई एकछिन अगाडिको स्टेट अफ माइन्डमा बाँच्नु थिएन तर एकै छिनपछिको स्टेट अफ माइन्डलाई ज्यानको खुब माया लागिरहेको थियो। हेर्नु न विरोधाभाष !

मायोटोनिया अरुले हेर्दा नदेखिने तर बिरामी स्वयंले बिछट्टै महसुस गर्ने प्रकृतिको बिमार हो। तपाईंलाई यसबारे केही थाहा हुन पनि सक्छ नहुन पनि सक्छ। थाहा हुनु राम्रो कुरा हो। थाहा नहुनु पनि नराम्रो होइन। थाहा छैन भन्ने कुरा थाहा हुनु चाहिँ एकदमै धेरै राम्रो कुरा हो।

यसले तपाईंलाई अर्को व्यक्ति (जो यो समस्याबाट गुज्रिंदै छ) बारे तत्काल धारणा बनाई हाल्न दिँदैन।

अँ ! मैले सुसाइड एटेम्प्ट् गरेँ। मर्नु यसरी थियो कि म मर्दैछु भन्ने कुरा घरमा म बाहेकलाई थाहा हुनु थिएन। कसैले थाहा पाउलान्, मलाई बचाउने प्रयास गर्लान् र मेरो मर्ने योजना असफल होला भन्ने कुरामा कति सजग रहेछु म। गत शुक्रबार मैले आत्महत्याका उत्तम र सहज तौर तरिकाहरूबारे खुब खोजी गरेँ। औषधीको ओभरडोज सेवन गर्दा के कसो हुन्छ भन्ने बारेमा मैले पहिलो र दोस्रो प्रयासमा असफलता भोगिसकेको हुनाले त्यो उपाय ठिक लागेन।

दिउँसोको १ बजेको छ। घरमा एक्लै छु। आफ्नो कोठामा दैलो थुनेर बसिरहेकोछु। खै के सम्झिएर हो एकदम भक्कानो छोडेर रोइरहेकोछु। एकपटक

बालाई, एकपटक आमालाई सम्झिएर खुब रोएछु । बेलाबेला पसलमा भुराहरू आएर 'पसलमा आउनु न !' भनिरहेकाछन् । म सुनिरहेको छु तर गइरहेको छुइनँ । केही हुल भुराहरू यसै गरि फर्काएँ । काठमाडौँबाट फर्किंदा डस्ना सिरक बाँधेर ल्याएको एउटा नाइलनको डोरी देख्छु, उठाउँछु र सिलिङतर्फ नजर डुलाउँछु ।

बाँच्दा खुसी बनाउन नसकेकालाई मरेर जाँदा के सकस दिनु सोचेर ढोकाको चुकुल बलियो गरी बन्द गर्छु, झ्याल खोल्छु, पर्दा लगाउँछु र छेवैको टेबललाई सकिनसकी पंखाको सिधा तलसम्म सार्छु । उंधो मुन्टो लगाएर लत्रीरहेको पंखा देख्छु, डोरी लिएर टेबलमा चढ्छु । डोरीलाई ठिक्क हुने गरि(खुट्टा नटेकिनेसम्मको लम्बाई) राखेर एक छेउ पंखामा बाँध्छु । अर्को छेउमा मुन्टो पस्ने जतिको गोलाई राखेर डोरीलाई गाँठो पारेको छु ।

यो बेला मेरो स्टेट अफ माइन्डले ठूलो बाजी जितेको जस्तो अनुभूति गरेर एकपटक मन्द मुस्कुरायो । आफैलाई आफू प्रति गौरवान्वित महसुस गर्यो । आफ्नै ढाड बिस्तारै थुमथुम्यायो र कानमा खुसुक्क भन्यो,'स्वाबास् ।'

अब मेरो स्टेट अफ माइन्ड महाप्रस्थानको लागि तयार छ । मैले एकपटक आफूलाई दराजको ऐनामा राम्रोसँग हेरेँ । छेवैमा स्पिकरमा ठूलो भोल्युममा केही आफ्ना फेवरेट प्लेलिस्ट ब्लुतुथबाट कनेक्ट गरेर बजाएँ । फेरि एकपटक मन्द मुस्कुराएँ र टेबलमा चढेँ । टेबलमाथि मुडा राखेर मुडामा उभिएर टाउकोलाई डोरीमा छिराएँ । खुट्टा उचालेँ र मुडालाई खुट्टैले पर हुत्याएँ । म छट्पटाउन थालेँ । एकदम जोडले खुट्टाहरू झट्कार्न थालेँ । मेरा खुट्टाहरू यताउता झट्कार्दै गर्दा मेरो डोरी पंखा सहित भुइँमा खस्यो । टाउको गएर पलङ्को डिलमा बजारियो अनि त्यसमाथि पंखा थपियो । म अचेत जस्तो भएँ । बेहोस हुँदै होसमा आउँदैको अवस्थामा म भुइँमा लडिरहेको छु । घाँटीमा कसिएको डोरी केही खुकुलो बनाएँ र एकछिन पल्टिएँ ।

यति भइसक्दा मेरो स्टेट अफ माइन्ड परिवर्तन भइसकेको छ । अब मलाई ज्यानको उखुमै माया लागिरहेको छ । म बाँचेकोमा भगवानलाई धन्यवाद दिईरहेको छु । म फेरि त्यसैगरी मुस्कुराउँदै छु जसरी अघि फाँसीको फन्दामा चड्नु अघि मुस्कुराएको थिएँ । मलाई एकपटक फेरि कुनै असफलतामा खुसी मिलिरहेको छ ।

एकछिनपछि उठेँ र डोरीलाई कसैले नदेख्ने गरी गोठतिर लगेर लुकाएँ । घाँटीमा हलुका डाम बसेको छ । चिसो मौसमको बहानामा घाँटीमा मफलर बेरेँ । एक गिलास मन तातो पानी पिएँ, झ्याल थुनेँ, ढोका खोलेँ र बाहिर निस्किएर हात मुख धोएँ । अब मलाई भोक लागिरहेको छ, बाँच्ने भोक । ◆

लघुकथा

# छोटो मन्तव्य



✍ **राजेशमान के.सी.**

काठमाडौँ अवस्थित सामाजिक संस्थाको सभा हलमा एउटा साहित्यिक कृति विमोचनको कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा साहित्यिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरू, विभिन्न साहित्यप्रेमी -साहित्य अनुरागी महानुभावहरूको उल्लेख्य उपस्थिति थियो । निर्धारित समयभन्दा झण्डै एक घण्टाको बिलम्बपछि कार्यक्रमको औपचारिक रूपमा थलानी गर्दै उद्घोषकले कार्यक्रमका सभापति, प्रमुख अतिथि, विशिष्ट अतिथि लगायत अन्य केही अतिथिहरूलाई क्रमिक रूपमा मञ्चमा आसन गराउनु भयो। उद्घोषकले कार्यक्रम कारणबस् केही ढिलो हुन गएको भए तापनि कार्यक्रम धेरै लामो नहुने जानकारी गराउँदै अतिथि वक्ताहरूलाई पनि आ-आफ्नो मन्तव्य संक्षिप्त रूपमा राख्न आग्रह गर्नुभयो।

कार्यक्रममा स्वागत मन्तव्यसँगै अतिथिहरूबाट संयुक्त रूपमा पुस्तक लोकार्पण सम्पन्न भएपछि वक्ताहरूको बोल्ने क्रम शुरु भयो । धेरै जसो वक्ताहरूले आफ्नो संक्षिप्त मन्तव्य राख्दै कृतिकारलाई कृति सफलताको शुभकामना सहित भविष्यमा उहाँबाट नेपाली साहित्यले अझ राम्रा र गहकिला कृतिहरू पाउने अपेक्षा गर्नु भयो। त्यसपछि एकजना स्वनामधन्य अतिथि महोदयको बोल्ने पालो आयो । वहाँले निकै लामो साहित्यिक पण्डित्याइँ छाँट्दै आफ्नो मन्तव्य अगाडि बढाउनु भयो। आफूलाई साहित्यको धुरन्धर विद्धान जस्तै ठान्ने गरी वहाँले देशको सामाजिक, आर्थिक, राजनैतिक दुरावस्थादेखि लिएर विभिन्न अन्तर्राष्ट्रिय घटना-परिघटनाहरूलाई समेत साहित्यसँग साइनो गाँसेर निकै लामो मन्तव्य व्यक्त गर्नु भयो । आफ्नो लामो मन्तव्यकै क्रममा वहाँले नेपाली साहित्यमा आफूले अपेक्षा गरे अनुरूप उत्कृष्ट सिर्जनाहरू आउन नसकेकोमा आफू अत्यन्त चिन्तित हुन पुगेको दुखेसो पनि व्यक्त गर्नु भयो। उहाँको लामो मन्तव्य सुनेर कतिपय दर्शक-श्रोताहरू भने आफ्नो नाडी घडी हेर्दै एक किसिमको पट्यार लागेको महसुस गरिरहेका पनि देखिन्थे। झण्डै एक घण्टा लामो साहित्यिक पण्डित्याइँ छाँटेपछि

वहाँले अब आफूले थोरै समय मात्र बोलेर मञ्चबाट विदा हुने बताउनु भयो । यसरी आफूले थोरै समय मात्र बोल्ने भनेको झण्डै आधा घण्टापछि वहाँले आफ्नो मन्तव्य टुङ्गाउँदै भन्नु भयो-अन्त्यमा भन्नुपर्ने कुरा त धेरै नै थिए । समय धेरै घड्किसकेको छ । यहाँहरूलाई पनि आ-आफ्नो घर जान हतार भइसकेको होला । त्यसैले म अब धेरै लामो समय नलिइकन आफ्नो छोटो मन्तव्य यहाँ टुङ्गाउँछु । ◆◆◆

**कविता**

# झरी



✍ **उर्मिला पन्त पाण्डेय**

आकाशमा दौडिरहेका
कलात्मक बादलहरूले
धर्तीबाट सोसेर लगेका
जलरासीलाई मौसम अनुसार
विभिन्न स्थानमा
हावाको वेगसँग बग्दै
पानीको रूपमा झरझर वर्षाउँदै
शितलता छल्काउँदै
घाम, जूनको साथै
झरी वर्षा आदि ईत्यादि
प्राकृतिक कार्यहरू
कलात्मक तबरले
गरिरहेको झैँ लाग्दछ
आहा..! कहिले झरी
कहिले बादल कहिले घाम
कहिले जून
कहिले घनघोर वर्षाका साथमा
ढुंगा जस्ता विनासकारी
असिना र अविरल वर्षाले
पृथ्वीमा क्षत विक्षत पारेर
मानव क्षति पनि पारेको हुन्छ
र संसारमा जनसंख्याको
सन्तुलन पनि प्राकृतिक रुपमा नै
भइरहेको पाइन्छ तापनि
घाम, पानी, बादल र झरीले प्राकृतिक
सुन्दरतामा अझ निखार ल्याउने गर्छ !
त्यसकारण समय अनुसारको
"झरी" पृथ्वीमा अत्यावश्यक हुन्छ !
बाली नालीदेखि हरेक प्राकृतिक
सिर्जनात्मक उत्पादन र विकासमा
मौसम अनुसारको झरी.....!
त्यस्तै रमाईलो झरीमा
धेरैजसोलाई
रुझेर रम्न मन लाग्छ
मलाई पनि रमाईलो लाग्छ
यस्तो खालको सुन्दर .....
"झरी" सर्वसुखदायी "झरी"....!!!

# समाज सुधारक र राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द लिङ्देन



✍ **त्रिचन्द्र प्रतीक्षा**

किराँत धर्मका महान गुरु तथा समाज सुधारक थिए-महागुरु फाल्गुनन्द । आफ्नो जीवनको अन्तिम क्षणसम्म किराँत धर्म, संस्कार र संस्कृतिको उत्थान तथा संरक्षणका निमित्त लागिरहे । तत्कालीन समयमा लोपोन्मुख अवस्थामा पुगेको किराँत धर्मदर्शन, भाषा, लिपि, संस्कार र संस्कृतिलाई पुनःउत्थान गर्न र कुरीति कुसंस्कारमा रमाइरहेका किराँत समुदायलाई मार्गदर्शनमा डोऱ्याउन फाल्गुनन्द लिङ्देनको किराँत समुदायमा जन्म भएको मानिन्छ ।

वि.सं. १९४२ को कार्तिक २५ गते इलाम जिल्लाको इभाङ ५ चुक्चिनाम्बामा जन्मनु भएको थियो । बाबु जगनबाज लिम्बु लिङ्देन र आमा हंसमती लिम्बुको कोखबाट साँहिला छोराका रूपमा जन्मिएका थिए । फाल्गुनन्दको न्वारानमा ज्योतिषले राखेका नाम भने नरध्वज लिङ्देन थियो ।

फाल्गुनन्द बाल्यकालमा सिकिस्त बिरामी भए फलामका चुरा हातमा लगाइदिनाले ठिक हुन्छ भनेकाले फलामको चुरा र कल्ली लगाइदिएको थियो । त्यहीँ चुराबाट उनको नाम फलामसिंह रहन गएको थियो भन्ने भनाइ छ । फलामसिंहले आमाको दूध खान नपाउँदै आमा हंसमतीको निधन भयो । अबोध बालकसहित घर व्यवहार चलाउन संकट परेकोले घर-छर छिमेक, इष्टमित्रको करकापमा बाबा जगनबाजले अर्को विवाह गरे । कम बोल्ने, शान्त स्वभावको, एकान्तप्रेमी, मिष्ट-भाषी, हँसिलो, गम्भीर चाल-चलन भएको बालक सानीआमाको रेखदेखमा हुर्कँदै जानुभयो । घरको आर्थिक अवस्था निकै कमजोर भएको कारण फाल्गुनन्दले जीवनमा धेरै सङ्घर्षपूर्ण जीवन बिताउन बाध्य भए । त्यसबखत गाउँका अन्य युवाहरू बेलायती फौजमा भर्ती हुन जाने चलन थियो, त्यसैको सिको गर्दै उनी पनि बेलायती फौजमा भर्ती हुन जाँदा उनको नाम फलामसिंहबाट फाल्गुनन्द बन्न पुग्यो ।

सानै उमेरबाट अहिंसावादीको रूपमा परिचित फाल्गुनन्दले आठ वर्षकै उमेरमा हत्याहिंसा गर्न नहुने, झुट्टो

बोल्न नहुने, नारीजाती सृष्टिकर्ता हुनाले उनीहरूलाई समाजमा उच्च सम्मान गर्नुपर्ने कुरा बताए। त्यस्तै आफ्नो कुलदेवतालाई सदा बिहान बेलुकी चोखोनीतोसँग 'माङसेवा' (पूजा आराधना) गर्नपर्ने, मासु तथा मदिरापान गर्नु नहुने जस्ता कुराको ज्ञान प्राप्त गरे । फाल्गुनन्द लिङदेनले सेनामा रहँदा पनि साँझ बिहान पूजापाठमा रहने गरेका हुनाले उनलाई 'ध्यानी' 'योगी' 'तपस्वी' 'सत्यहाङमा', मुहिङगुम अङसीमाङ' र 'महागुरु' जस्ता उपनामले पुकारिने गरिन्थ्यो।

बेलायती सेनामा भर्ती भएपछि जागिरको सिलसिलामा उनी बर्मा पुगे। त्यस बखत गुरु मधुनन्दबाट जोसमनी सम्प्रदायको दीक्षा लिए त्यसपछि उनको जीवनमार्ग मोडियो । उनले जगत्को कल्याणार्थ आफ्नो जीवन त्यसैमा अर्पण गर्ने अठोट गरे । साथै लडाइँबाट विश्व शान्ति स्थापना हुन नसक्ने कुरोको बोध गरेका फाल्गुनन्द अन्तत् बेलायती सेनाको जागिरबाट राजिनामा गरी आफ्नो ज्ञान तथा समस्त किराँती जातिहरूका मौलिक धर्म संस्कृतिको प्रचार गर्दै हिँडे । उनी भारतका विभिन्न भाग लगायत भुटान हुँदै पूर्वी नेपालको इलाम आफ्नो जन्मस्थल आइपुगे।

स्वदेश फर्केपछि ध्यानसाधानारत रही उनले सिद्धि प्राप्त गरे। त्यस शक्तिलाई उनले मानव-कल्याणार्थ प्रयोग गरे। अहिले झैँ भौतिक शिक्षा लिएका डाक्टर र वैद्यहरू नभएको अवस्थामा आफैँले झारफुकजस्तो मन्त्रशक्ति र घरायसी औषधीको प्रयोग गरी बिरामीलाई निको पारिदिने गर्थे । वर्तमान अवस्थामा किराँती जातिका विशेषगरी लिम्बु समुदायभित्र रहेको सामाजिक विसंगति र विकृतिले गाँजेको आफ्नो गाउँठाउँको भयावह स्थितिलाई उनले देखे । वि.सं. १९८८ वैशाख २४ गते पाँचथर जिल्लाको फिदिम नजिकैको लेब्रे कुटीमा तत्कालीन 'दश लिम्बुवान सत्रथुम'का समाजका वरिष्ठ व्यक्तिहरूको सहभागितामा 'दश मुचुल्का' तयार पारे, जसलाई 'सत्यहाङमा मुचुल्का' वा 'सत्यधर्म मुचुल्का' पनि भनिन्छ । यस मुचुल्कामा विशेषगरी पूजाआजा गर्दा बलि नदिने, जन्म-विवाह र मृत्यु आदि संस्कारमा फजुल खर्च नगर्ने, जाँडरक्सी सेवन नगर्ने यी सबै विसंगति, विकृति र कुरीतिहरूबाट मुक्त हुने तौर तरिका सिकाए। आ-आफ्नो थुममा गएर सबैलाई सम्झाउन र बुझाउन उपस्थित हजारौं व्यक्तिहरूलाई आह्वान गरे । आफू स्वंय पनि धर्म प्रचार तथा मौलिकताको पहिचान गराउँदै हिँड्दा तत्कालीन राणा सरकारले देशद्रोहीको अभियोग लगाएर सोधपुछका लागि काठमाडौँसम्म पुऱ्याए।

महागुरु फाल्गुनन्दका प्रमुख

कार्यहरूमा सिन्चेई फक्तालुङ (कुम्भकर्ण हिमश्रृङ्खला) लाई किराँत धर्मावलम्बीहरूको तीर्थभूमि र मुक्तिभूमिको रूपमा खुला गरेको, वि.सं. १९८८ वैशाख २४ गते दश लिम्बुवान १७ थुमका किराँतीहरूलाई बोलाई बृहत् चुम्लुङ गरी तत्कालीन समाजका विकृतिलाई हटाउन सत्यधर्म मुचुल्का खडा गरेको, छरपष्टिएको सामाजिक मुन्धुमलाई संहिताकरण गरेको, लोप हुने अवस्थामा भएको किराँत लिपिको प्रचारप्रसार गरेको, विभिन्न स्थानमा माङहिमहरूको स्थापना गरेको, पहिरो रोक्ने, पानी उमार्ने, खडेरी भएको ठाउँमा पानी पार्नेजस्ता चमत्कारिक कार्यहरू गरेको किराँती इतिहासमा उल्लेख गरिएको पाइन्छ । उक्त दश बुँदे लिखित मुचुल्का जसलाई 'सत्यहाङमा मुचुल्का' पनि भनिन्छ। हजारौंका संख्यामा उपस्थितहरूले आ-आफ्नो थुममा गएर आफ्नो मौलिक धर्म, संस्कृति तथा दश बुँदे मुचुल्काको प्रचार प्रसार गर्ने बचन बाँधेर छुट्टिए ।

आफ्नो जीवनको अन्तिम क्षणसम्म किराँत धर्म संस्कार संस्कृतिको उत्थान तथा संरक्षणका निमित्त लागिरहेका फाल्गुनन्दले वि.सं. २००५ चैत २२ गते आफ्नो देहत्याग गरे। एक विशेष जातिलाई मात्र नभई विश्वका मानवलाई एकै सूत्रमा बाँधिन आह्वान गर्ने समाज सुधारक महागुरु फाल्गुनन्दको सम्झनामा हुलाक सेवा विभागले २०५० मङ्सिर १७ गते उनको चित्र अङ्कित रु. १५ को हुलाक टिकट प्रकाशन गरेको थियो ।

यस्तै, नेपाल सरकारले वि.सं. २०६६ मङ्सिर १६ गते सत्य, शान्ति र अहिंसाका प्रणेता किराँत धर्म दर्शनदाता तथा नेपालको १६ औं राष्ट्रिय विभूतिको रूपमा घोषणा गरेको थियो भने उनको सम्मानमा पाँचथरमा गाउँपालिकाको नाम नै फाल्गुनन्द गाउँपालिका राखिएको छ । अनि झापा जिल्लाको शान्तिनगरमा पूर्ण कदको प्रतिमा पनि स्थापित गरिएको छ। त्यस्तै, दमक, झापा, इलाम, ताप्लेजुङ, पाँचथर हुँदै चीन जोड्ने सडक मार्गलाई पनि नेपाल सरकारले फाल्गुनन्द राजमार्ग नामकरण गरेको छ। ◆◆◆

मुक्तक



✍ **हरिकृष्ण धिताल 'एच के'**

शिक्षा छ, संस्कार र मान छैन के कामको भो
दान पेटिका छ, भित्र दान छैन के कामको भो
विश्वासको सिढी उक्लदै प्रार्थना गर्छ मान्छे
मन्दिर बनेको छ भगवान छैन के कामको भो

धन सम्पत्ति सम्बन्धको अन्त हो बुझ्नु होला
विवशतामा लाभ लिने सामन्त हो बुझ्नु होला
यमराजले माथि बोलाउनु भन्दा अगाडि नै
मर्नु परेको कारक तत्व आफन्त हो बुझ्नु होला

# ह्याङ्ला "सोनाम ल्होछार"



✍ प्र.स.नि.सुर्यध्वज तामाङ

नेपाल विविधताले भरिएको एक अलग्गै पहिचान बोकेको राष्ट्र हो । यहाँ चाड, पर्व र धर्म, संस्कृतिको छुट्टै महत्व छ। नेपालको सभ्यता र संस्कृतिलाई जगेर्णा गर्न यहाँका जातजातिहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् । नेपालका धेरै पर्वहरू मध्ये, विशेष गरी तामाङ समुदायको मुख्य पर्व हो 'सोनाम ल्होछार' । तामाङ जातिहरूले नयाँ वर्षको रूपमा सोनाम ल्होछार मनाउने गर्दछन् जुन हरेक वर्ष विक्रम सम्वत् अनुसार माघ महिनाको शुक्ल प्रतिपदाको दिनमा पर्दछ। ल्होछारको शाब्दिक अर्थ हेर्ने हो भने "ल्हो" भन्नाले "वर्ष" अनि "छार" भन्नाले "नयाँ" भन्ने जनाउँछ । यसको अर्थले नयाँ वर्षको आरम्भ भयो भन्ने बुझाउँछ। यो पर्व तामाङ जातिले मात्र नभई विभिन्न समुदायले मनाउने गरेको पाईन्छ। तामाङ समुदायमा १२ वटा विभिन्न पशुपन्छीको प्रतिकसँग वर्ष (ल्हो) गन्ने चलन छ । मुसाबाट सुरू हुने बाह्र ल्हो गोरू, बाघ, खरायो, ड्रागन, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर हुँदै बँदेलमा आएर टुंगिन्छ । कसैकसैले खरायोको सट्टा बिरालो, ड्रागनको सट्टा गरूड र बँदेलको सट्टा सुंगुर ल्हो गन्ती गर्ने गरेका छन् । गुरूङ समुदायले ड्रागनको स्थानमा गिद्ध र बँदेलको स्थानमा मृग मान्दै आएका छन् । गौतम बुद्धले दर्शनका लागि जीवजन्तुलाई आग्रह गर्दा सबैभन्दा पहिले मुसा आइपुगेकोले मुसाबाट गणना सुरू भएको विश्वास गरिन्छ ।

ल्होछार परम्परा नेपालको पश्चिम, मध्य तथा पूर्वी पहाडी हिमाली क्षेत्रमा बढी केन्द्रित भएर फैलिएका मंगोल समुदायको मात्र नभएर एशियाका समग्र मंगोल समुदायकै साझा सांस्कृतिक पर्व पनि हो । यही दिन र समयमा चिन, कोरिया, जापान, मलेशिया, हङकङ, सिंगापुर, भियतनाम, लाओस, थाइल्याण्ड, बर्मा लगायत देशहरूमा पनि यो पर्व धुमधामले मनाइन्छ । त्यसकारण ल्होछार मंगोल संस्कृति र परम्पराको अभिन्न अंगको रूपमा रहेको बुझ्न सकिन्छ। बौद्ध धर्म मान्ने आदिवासी जनजातिहरूको सामाजिक जीवनमा त अझ यसको ज्यादै ठूलो सांस्कृतिक धार्मिक महत्व छ। त्यसैले

तामाङ लगायतका समुदायहरू यसलाई ल्हो(वर्ष) फेर्ने दिनका रूपमा मात्र होइन मूलतः आफ्नो महान् सांस्कृतिक चाड र सभ्यताका रूपमा मान्दछन् । यो सभ्यतासँग जोडेर चन्द्र पात्रोको विकास आजभन्दा २८५१ वर्षअघि महामन्जुश्रीले गरेको मानिन्छ । तामाङहरू उनलाई ज्याङपाल भनेर जान्दछन् र आफ्नो ज्ञानको देवताका रूपमा मान्दछन् । यो सभ्यता मूलतः ल्हो परम्परामा आधारित छ ।

विश्वमा अहिले झण्डै ६० लाखको हाराहारीमा तामाङहरू रहेको अनुमान गरिन्छ । तामाङ समाजलाई निरन्तर जीवन्त र गतिशील राख्न तामाङ समुदायमा छ प्रकारका प्रमुखहरू हुन्छन् । ताम्बा, गान्बा, बोन्बो, लबोम्बो, लामा र चोहो समाजका प्रमुखहरू आफ्नो योग्यता र क्षमताले सशक्त हुन्छन् । समाजको विकासमा उनीहरूको आ-आफ्नो र महत्वपूर्ण भूमिका हुन्छ । सांस्कृतिक पक्षको हेरचाह गर्ने र विवाह समारोहहरूका लागि ताम्बाको महत्वपूर्ण भूमिका छ । गान्बा सबै प्रकारका सामाजिक, राजनीतिक र धार्मिक गतिविधिहरूमा सहभागी हुन्छन् । जसले ताम्बा, बोन्बो, लामा, लबोम्बो, चोहो आदिले आफ्नो संस्कार र क्षमताले पूरा गरे वा गरेनन् भन्ने लगायतका समाजका विभिन्न गतिविधिहरू अवलोकन गर्छन् र गतिविधिहरूको मूल्याङ्कन गरी सुझाव दिन्छन् । बोन्बोले स्थानीय देवी-देवताहरूलाई प्रोत्साहन गर्दछन् र गाउँमा बिरामी र खाँचोमा परेकाहरूलाई उपचार प्रदान गरेर सहयोग गर्दछ । लबोम्बो (लप्तबा) ले कुल देवताहरूको पूजा गरेर वंश र वंशको इतिहासलाई जीवित राख्ने गर्दछन् । प्रत्येक थर वा उपथरको आ-आफ्नै फोला वा कुल देवता भएकाले प्रत्येक उपसमूहका लागि फरक-फरक लबोम्बोहरू हुन्छन् । लामाले मृत्यु संस्कार (घेवा) गर्छन् र बौद्ध धर्मसँग सम्बन्धित गतिविधिहरू गर्दछन् । चोहोले मुद्दाहरू हेर्छन् र न्याय प्रदान गर्छन् र समाजमा शान्ति, सुरक्षा र भलाइ कायम राख्छन् । यसरी छ वटा समाजका अगुवा वा अभियन्ताहरूले तामाङ समाजलाई आफ्नो कर्तव्य र दायित्वबारे सचेत गराइ रहन्छन् ।

तामाङ जातिको सामाजिक, सांस्कृतिक एवं धार्मिक जीवनमा ल्होछार परम्पराको विशिष्ट स्थान र अत्यन्तै महत्वपूर्ण भूमिका रहेको छ । ल्हो परम्पराकै आधारमा तामाङ समाजको जीवनमा उसको संस्कृति र संस्कार परिचालित छ । अतः यसले तामाङ जातिको उद्‌गम, सभ्यता, सांस्कृतिक अस्तित्व र पहिचानलाई नै प्रतिविम्बित गर्दछ । नेपालको तत्कालीन राज्यको शासकहरूले यस समुदायलाई मासिन्या मतवालीको दर्जामा राखेर दमन गरेपछि यो समुदायले आफ्नो परम्परा संस्कृतिहरू खुलेर उत्सवमय भएर मनाउन सक्ने स्थिति बन्द हुन गएको पाईन्छ । त्यसकारण यस समुदायले निश्चित ठाउँमा

गुम्बा, ल्हाखाङ, चोहो, मुल्मी, चोक, लामा, ताम्बा, गान्बा, बोम्बो, लोब्बन, लाप्ताबा जस्ता मुख्य व्यक्तित्वको घरमा लुकिछिपी मनाएको दर्दनाक मौखिक आख्यानहरूमा पाइन्छ । ल्होछार मनाउने परम्पराको एउटा बलियो आधार भनेको एक अर्काको जन्म सोधपुछ गर्दा "तिला ल्हो" अर्थात् कुन ल्हो ? भनेर ल्हो सोधे पछि यो ल्होको हो भनेर गणना गर्ने गरिएकोले यो समुदायले सदियौ वर्षदेखि ल्होछार मान्दै आएको बुझ्न सकिन्छ ।

नेपालको लामो राणा शासन र पन्चायत व्यवस्थाको राजनीति प्रणालीमा परिवर्तन आए पछि २०४६ सालबाट आफ्नो समुदायको भाषा, धर्म, संस्कृति, परम्पराको खोजी र खुल्ला हर्षोउल्लासका साथ ल्होछार चाडपर्व मनाउन तामाङ संघ संस्था, गुठी र विशेष गरेर नेपाल तामाङ घेदुङको सक्रियता हुन थालेपछि ल्होछार मनाउने नयाँ चरणमा प्रवेश गरेको देखिन्छ। तर २०५१ सालमा सरकारले संयुक्त रूपमा तामाङ लगायत अन्य समुदायको माग अनुसार सौर्य पात्रोमा उल्लेख कृष्णपक्ष माघ शुक्ल प्रतिपदाको दिनलाई सम्पूर्ण ल्होछार मान्ने समुदायको निमित्त एक दिन विदा दिने भनेर २०५१ माघ १३ गते बसेको मन्त्रीपरिषद्ले निर्णय गरेपछि नेपालमा पहिलो पटक हिन्दू धर्मअन्तर्गतका चाडपर्व बाहेकका राज्यले सम्बोधन गरेको पहिलो ल्होछार पर्व थियो । २०५१ साल माघ १३ गते तत्कालीन सरकारले ल्होछार मान्ने समुदायलाई मात्र विदा दिएकोमा गत २०६४ सालदेखि नेपाल सरकारले ल्होछारलाई "माघ शुक्ल प्रतिपदा"को दिन "सार्वजनिक विदा" दिने घोषणा गरेको थियो । सो दिनदेखि ल्होछार पर्व नेपाल अधिराज्यद्वारा "मान्यता प्राप्त राष्ट्रिय पर्व" भएको छ ।

तामाङ जीवनको महत्वपूर्ण कार्यहरू छेवर, पास्नी, विवाह, मृत्यु मात्रै नभएर परदेश जाने, घर बनाउने, पूजाआजा गर्ने सबै खालको शुभ, अशुभ साइतमा ल्हो, खाम हेर्ने गरिन्छ । ल्हो र खामको आधारमा उसको चरित्र र भविष्यको आँकलन गर्ने हुँदा विवाह, नयाँ कामको थालनी आदिमा यो परम्परालाई आधार बनाईन्छ । केटा र केटीको ल्हो, खाम नमिलेमा बुढापाकाबाट विवाहको लागि स्वीकृति दिइदैन । तामाङ समुदायले मनाउने वर्षहरूले १२ वटा पशुपन्छीको प्रतिनिधित्व गरेका पाइन्छन् । उल्लेखित १२ पशुपन्छीका प्रतीकस्वरूप रहेका वर्ग-वर्षहरूको प्रतीकात्मक र पञ्च तत्वगत आगो, माटो, धातु, पानी र काठ स्वभाव हुने गर्दछन् । यिनै दुवै आधारलाई लिएर उनीहरू आफ्नो वर्ष गणना, स्वभावको अड्कल, संस्कार सम्पन्न र नव कार्यहरूको थालनी गर्दा धर्मगुरू वा लामा पुरोहितसित सरसल्लाह गर्ने गर्दछन् । यसो गर्दा उनीहरू चिनीयाँ प्राचीन ज्योतिष पद्धतिको चन्द्र पात्रोको अवलम्बन

गर्ने प्रचलन रहेको छ। यसका अतिरिक्त १२ पशुपन्छीहरूको वर्ग-वर्ष र पञ्च तत्वगत स्वभावहरू मिलाउँदा मित्र वर्ग भए राम्रो हुने र शत्रु वर्ग भए नराम्रो हुने तामाङ समुदायको धार्मिक मान्यता रहेको पाइन्छ। जस्तोः मुसा र घोडा, गोरू र भेडा, बाघ र बाँदर, खरायो र चरा, गरूड र कुकुर, सर्प र बँदेल जोडा नमिल्ने ल्हो चिन्ह भएकोले विवाह गर्नु हुँदैन भनिन्छ। त्यसैले तामाङ जीवनलाई प्रत्येक वर्ष, महिना, घण्टामा मात्रै नभएर जन्मदेखि मृत्युसम्म नै ल्हो परम्पराले कुनै न कुनै रूपमा प्रभाव पार्ने विश्वास गरिन्छ। त्यसकारण यो परम्पराको धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक, स्वास्थ्य जीवनको क्षेत्रमा मात्र नभएर राजनीतिक महत्व समेत रहेको छ । ल्हो फिर्ने दिनको अवसरमै मानिसको ग्रहदशा फ्याक्ने, कूलको पूजा गर्ने, घरमा लुङ्दर र दर्ज्यु फहराउने र विश्व शान्तिको लागि लामाद्वारा मन्त्रोच्चारण गरिन्छ। त्यसैले यो पर्वले धार्मिक महत्व राख्दछ।

यो पर्वमा आफू बस्ने घर र्स्याउने, बाटोघाटो सफा गर्ने, इष्टमित्र आफन्त, चेली माईती, दाजुभाई भेटघाट गर्ने, परदेश गएकाहरू घर फर्किने, यदि घर फर्किन नसकेमा विदेशकै भूमिमा भए पनि तामाङ संस्कृतिमा रमाईलो गर्ने, घरपरिवार सम्झने, मान्यजनबाट टीका लगाउने, आशिर्वाद लिने र दिने, विशेषगरी तामाङ परम्परागत खानपीन गर्ने, नयाँ तामाङ भेष-भूषा लगाउने र सामूहिक भोजन जस्ता कार्यक्रम गरिने हुँदा यसले सामाजिक महत्व राख्दछ। तामाङ समुदाय कृषि पेशामा आश्रित भएको हुँदा यसले कुन समयमा कुन बाली लगाउने र कुन बेला कुन बाली सप्रिने, बिग्रने लगायत वर्षात, खडेरी आदि कुराको जानकारी दिन्छ । कुन ल्हो, खामको मानिसले कुन पेशा, व्यवसाय गरेमा राम्रो हुन्छ भन्ने कुराको जानकारी दिन्छ। यसको साथै नयाँ ल्हो फिरेसँगै तामाङहरू पुरानो तान काट्ने, आर्थिक वर्षको अन्त भए जस्तै गरी पुरानो ऋण तिर्छन् भने नयाँ कारोबारको समेत सुरूवात गर्ने भएकोले यो पर्वले आर्थिक महत्व राख्दछ।

त्यस्तै ल्होको पाँच प्रकृतिका खामहरू एक अर्कोसँग अन्तर सम्बन्धित छ । जस्तोः आगोले मुटुसँग, पानीले मृर्गौलासँग, माटोले आन्द्रासँग, फलामले फोक्सोसँग र काठले कलेजोसँग सम्बन्ध राख्दछ। परम्परागत औषधी विधि अपनाउनेहरूले खाम सम्बन्धलाई ध्यानमा राखेर उपचार गर्छन् । यसरी पञ्चतत्वहरू पाँच ज्ञानेन्द्रीयसँग सम्बन्धित हुनाले यो परम्परा स्वास्थ्य जीवनको दृष्टिकोणले समेत अत्यन्तै महत्व राख्दछ । तामाङ बच्चामा धातु तत्वको कमी देखिएमा फलाम, सुनको जन्तर, चुरा, कल्ली लगाउने अर्थात् जुनतत्वको कमी भयो,

त्यही नाम दिने पनि गरिन्छ । यसैगरी यो पर्वले हिन्दू समाजको भन्दा भिन्न पहिचान र अस्तित्व बोकेको समस्त मंगोल सभ्यताको नै उजागर गर्दछ। यसले तामाङ समुदायलाई उत्तरी सभ्यतासँग सांस्कृतिक निकटता र सामिप्यता रहेको देखाउँछ भने ल्होछारको अवसरमा तामाङ पहिरन लगाउने, डम्फु (तामाङ समुदायको मौलिक बाजा) बजाउने, झाँकी प्रदर्शन, तामाङ सेलो, म्हेन्दोमाया जस्ता गीत, नृत्य प्रस्तुत गरेर वर्ष दिनभरिको दुःख बिर्सने हुँदा यसले विशेष सांस्कृतिक महत्व राख्दछ।

ल्होछार पर्वको अवसरमा तामाङ घेदुङ जस्तो साझा संस्थाको आयोजनामा सांस्कृतिक सभा, महोत्सव, भेला, अन्तरक्रिया जस्ता कार्यक्रमहरू सञ्चालन गरी ताम्सालिङ पहिचान, प्रतिनिधित्व र आफ्नो गुमेको हक, अधिकारको सवालमा आवाज उठाउँदै तामाङ एकतामा टेवा पुग्ने हुँदा यो परम्पराले तामाङ समुदायमा राजनीतिक महत्व समेत राख्दछ। तर तामाङ समुदायको पहिचानको महत्व बोकेको ल्होछार पर्वलाई घर-घरमा धुमधामका साथ मनाउनु पर्ने समयमा वर्तमान समयसम्म आइपुग्दा पनि प्रचारात्मक आन्दोलनमा मात्रै सीमित भएको पाईन्छ । तामाङ समुदायको ल्होछारको वर्षौं देखि प्रचार भइरहेको छ तर पनि नेपालभर छरिएर रहेको तामाङ समुदायको घरभित्र भने अझै पनि ल्होछार एकसाथ पस्न सकेको छैन। पछिल्लो समय अधिकांश तामाङ समुदाय अन्य धर्मप्रति आकर्षित हुनुले पनि ल्होछारलाई चुनौती थपिएको छ तर ल्होछारलाई जगेर्न गर्नु, एकजुट भएर यसलाई सुधार गर्दै संरक्षण गर्नु तामाङ समुदायको दायित्व हो । ल्होछार तामाङ समुदायको पहिचान हो । तामाङ समुदायले स्वतन्त्र भएर ल्होछार मनाउने अधिकार प्राप्तिका लागि के कस्ता त्याग, वलिदान र विद्रोह गरेका थिए भन्ने कुरा आजको तामाङ युवा पुस्ताले बुझ्न जरूरी छ र त्यसबारे जान्न जरूरी छ । मार्कस गर्भेईले भनेका थिए (a people without knowledge of their past history, origin, and culture is like a tree without roots) साच्चै आज ल्होछार परम्पराको बारेमा यसको महत्व बुझ्न नसक्दा गर्भेइले भने जस्तै हामी जरा बिनाको रूख जस्तै भइसकेका छौं।

तसर्थ, यस्तो महत्व बोकेको पर्वलाई घर-घरमा मनाउनु जरूरी छ। यसका लागि ल्होछार मनाउने विधि, ल्होछारको महत्व र यसको आवश्यकताबारे युवा पुस्ताले बुझ्न झनै जरूरी छ। टुडिखेलमा कन्सर्टको आयोजना गरेर, आईरक (मदिरा) को तालमा तामाङ सेलोमा नाचेर मात्रै तामाङ समुदायको पहिचान बोक्ने “सोनाम ल्होछार” को संरक्षण गर्न सकिदैन भन्ने बुझ्न आवश्यक छ। ♦


# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३३ साल अङ्क,२ को **शुभ-जन्मोत्सव विशेषांक प्रहरी प्रकाशनमा** प्रकाशित **प्र.नि. गोबिन्द प्रसाद थापाद्वारा लिखित 'देश विकासमा प्रहरीको योगदान'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

*-सम्पादक*

मानिस सामाजिक प्राणी भएकोले ऊ समाजको अभिन्न इकाई हो। ऊ समाजमा जन्मन्छ, हुर्कन्छ र पछि त्यही समाजको सेवक हुन्छ। उसको समाजप्रति र समाजको ऊ प्रति अगाध प्रेम हुन्छ। समाज र व्यक्ति एक अर्काका पूरक हुन। समाज एउटा पाठशाला हो र व्यक्ति उसको आज्ञाकारी शिष्य हो। जसरी माली आफ्नो अथक परिश्रमको फलस्वरूप हुर्केको बिरूवाको वसन्त देख्दा अपार हर्षको अनुभव गर्छ उस्तै आफ्नो काखमा हुर्केको व्यक्तिको शीतल सेवाहरू पाउँदा समाज प्रफुल्लित हुन्छ। समाजको प्रत्येक इकाईको आफ्नो घर, खेत, शिक्षा वैवाहिक सम्बन्ध इत्यादि जस्ता निजी आवश्यकतादेखि लीएर संघ, संस्था, क्लब, सुरक्षा, कानून जस्ता सामाजिक माग हुन्छ। कतिपय आवश्यकता निजी तथा सामाजिक स्तरमा दुबैमा अकाट्य भएकोमध्ये सुरक्षाले पनि ब्यक्तिगत आवश्यकताको स्तरबाट उठी सामाजिक माँगको रूप धारण गरेको छ। समाजको आवश्यकतानुरूप प्रत्येक क्षेत्रमा सामाजिक स्थिति सुहाँउदो समाधान खोजिन्छ। तसर्थ सुरक्षाको आवश्यकताको समाधानको निमित्त सामाजिक वातावरणसँग मेल खाने गरी समाजमा सुरक्षाको पवित्र पृष्ठभूमिमा प्रहरीको जन्म भएको हुन्छ। नेपाल प्रहरी यसमा अपवाद हुन सक्दैन।

मनुष्य जातिको सभ्यताको साथसाथै प्रहरीको जन्म भएको आजभन्दा हज्जारौ वर्ष पहिले रामायण र महाभारतकालीन सभ्यताको स्वर्णिम इतिहासले समर्थन गर्दछ। नेपालमा आजको जस्तो प्रहरी संगठनको ब्यवस्थापन भएको अवधि त्यति धेरै नभए पनि छोटो अवधिमा जुन तीब्ररूपमा यस संगठनको क्रमिक विकास भयो त्यो रोमान्चपूर्ण छ र नेपाल जस्तो आर्थिक श्रोतमा दुर्बल भएको देशमा विकासको एउटा ज्वलन्त उदाहरण हो। नेपालको इतिहास कोट्टयाएर हेर्ने हो भने मल्लकालीन शासन व्यवस्था र बाईसे चौबीसे राज्यकालमा पनि आफ्नो आवश्यकता र समयको माग अनुसार प्रहरी व्यवस्था कायम थिएन भन्न सकिदैन।




**लोग्ने स्वास्नीको झगडाः–**

**लोग्नेः–** जब म रिसाएर तिमीसँग झगडा गर्न खोज्छु, गाली गर्न थाल्छु तिमी एक शब्द पनि नबोली बस्छ्यौ ?

तिमी कसरी सहेर बस्न सक्छ्यौ भन त ?

**स्वास्नीः–** के गाह्रो छ र सजिलै त छ । जब तपाईँ मलाई गाली गर्नुहुन्छ, म गएर ट्वाइलेट सफा गर्छु ।

**लोग्नेः–** ट्वाइलेट सफा गर्छु ! त्यसो गर्दा रिस चाहिँ कसरी शान्त हुन्छ त्यो भन त ?

**स्वस्नीः–**कसरी हुनु नि । म त्यति बेला तपाईँकै टुथब्रसले ट्वाइलेट सफा गर्ने गर्छु त्यसैले ।

**लोग्नेः** हँ !

♦ ♦ ♦

**एक जना आँखाको बिरामी आफ्नो आँखा चेक गराउन काठमाडौँको आँखा अस्पताल पुगेछन् तब–**

**डाक्टरः–** के समस्या पऱ्यो तपाईँको आँखामा ?

**बिरामीः-** (समस्या राख्दै) डाक्टर साब मेरो आँखाले जे चिज पनि दुईवटा देख्छ के भएको होला ?

**डाक्टरः–** ल त्यो कुर्चीमा बस्नोस् त ।

**बिरामीः–** कुन चाहिँ कुर्चीमा बसुँ डाक्टर साब ? मैले त दुईटा कुर्ची देखिराछु ।

♦ ♦ ♦

एक व्यक्तिले फेमिली प्लानिङको अप्रेसन गरायो । एक वर्ष पछि फेरि उसको घरमा छोरा जन्मियो । ऊ दिक्क भयो र डराएर डाक्टरकोमा गयो र भन्न लाग्योः डाक्टर साब तपाईँले मेरो अप्रेसन गर्नु भएको थियो तर पनि यो बच्चा कसरी जन्मियो ?

**डाक्टरः** मैले अप्रेशन मात्र तपाईँको गरेको थिए सारा गाउँलेको होइन नि ?

♦ ♦ ♦

**पुलिसः–** तैले किन यति धेरै पिएको ?

**जड्याहाः–** बाध्यता थियो साब ।

**पुलिसः–** के बाध्यता थियो ?

**जड्याहाः–** बोतलको बिर्के हराएछ नि साब ।

**संकलनः– प्र.स.नि. शरणजंग भण्डारी**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.स. २००९ सालमा नेपाल पुलिस तालिम केन्द्रको स्थापना भएको थियो ।

➲ वि.स. २०३१ सालमा सर्वप्रथम इन्जिनियरिङ-शाखा (हालको भौतिक-पूर्वधार निर्देशनालय)को स्थापना भएको थियो ।

➲ वि.स. २०३६ सालमा प्रहरी पहरा गणको स्थापना भएको थियो ।

➲ वि.स. २०३८ सालमा प्रहरी किताब खानाको स्थापना भएको थियो ।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**पुनरावेदक / प्रतिवादी वैद्यनाथ पण्डीत विरूद्ध टंकप्रसाद राजवंशीको जाहेरीले श्री ५ का सरकार (नेका.प.२०६४ अक्त १ निर्णय नं. ७८०९, मुद्दा खुन डाका)** फौजदारी मुद्दामा शंकारहित सबुद प्रमाणको महत्वपूर्ण भूमिका हुन्छ । बिना सबुद सजाय गर्न मिल्दैन । प्रमाण कानूनमा Eye Witness अर्थात् चस्मदिद गवाहको महत्वपूर्ण भूमिका हुन्छ । चस्मदिद गवाहहरूले घटना देखेको भन्ने भनाईलाई अभियोग लागेको अभियुक्तले अदालत समक्ष जाँच्नु पाउन पर्ने। अदालत समक्ष त्यस्ता गवाहलाई पेश गरी अभियुक्तलाई गवाहको भनाई, बकाई साँचो हो होइन जिरह मार्फत परीक्षण गर्ने मौका प्रदान गर्नु पर्छ र त्यसरी त्यस्ता चस्मदिद गवाहलाई जाँच्न दिई साक्षी परीक्षणबाट गवाहको शंकारहित तवरबाट परीक्षण भएपछि मात्र त्यस्ता गवाहहरूको बकाईलाई Direct र Original Evidence मानिन्छ र त्यस्ता गवाहको आधारमा अभियोग प्रमाणित भएको मानिने।

**पुनरावदेक / प्रतिवादी ललन राउत यादव समेत विरूद्ध मोवलवी मिया धोवी (ने.का.प.२०६४, अक्त १, निर्णय नं.७८०७, मुद्दा कुटपिट / लुटपिट)** अनेक दावी गरिएकोमा सो मध्येका एक वा केही दावी अनुसार कसूर वा कसूरदार नठहरेमा त्यसैको कारणले अरु दावी पनि नपुग्ने वा नठहर्ने हुन सक्दैन । प्रत्येक दावी वा कसूर प्रमाणबाट प्रमाणित हुनु पर्ने हुनाले कुटपिट तर्फको दावी प्रमाणित भई रहेको अवस्थामा लुटपिट तर्फ वादीले पुनरावेदन नगरे कै कारण कुटपिटको कसूर पनि अप्रमाणित वा अस्तित्वहीन हुन नसक्ने । आरोपित दावीहरू मध्ये जतिमा प्रतिवादीहरू विरूद्ध प्रमाण पुग्दछ त्यतिमा अदालतले कसूरदारलाई सजाय गर्ने।

**संकलनः– प्र.नि. सुरेश कुमार हायु**

## गजल



✍ **प्र.ज.मस्त पुन मगर**

कोही गाजलको कोही गजलको मान्छे।
बुझ्न नसक्नु छ यही धरातलको मान्छे।

हैकम देखाउँछ अन्याय गर्न खोज्छ
के सोच्दो हो हामीलाई महलको मान्छे।

हिँड्दैमा कुल्चेर फूल खुब आफूलाई
महान सम्भिँदो रहेछ बगलको मान्छे।

म दश बीस रुपैयाँको हिसाब गर्दिन
पचास पैसाले उठ्यो पसलको मान्छे।

के जलन गर्नु तिम्रो जस्तो अजम्बरी
आफू त यो धर्तीको एकपलको मान्छे।